



# समृद्धिको यात्रामा
# नरैनापुर






**प्रकाशक**
जोहन मिडिया एण्ड रिसर्च सेन्टर

**संरक्षक**
नरैनापुर गाउँपालिका
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# समृद्धिको यात्रामा नरैनापुर

# प्रकाशकीय

आजको युग सूचना तथा सञ्चार प्रविधिको युगका रूपमा स्थापित भइसकेको छ। सूचना जगतमा आएको परिवर्तनले चेतना र विकास तथा परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। हाम्रो प्रयास पनि त्यहीँ सकारात्मकता र इमान्दारिताको पक्षमै हुनेछ। नेपालको हकमा त झन् लोकतान्त्रिक परिवर्तन र सामाजिक रूपान्तरणमा सूचनाको भूमिका अति महत्वपूर्ण छ। अब विगतमा जस्तो परिवर्तनका लागि र राजनीतिक अधिकारका लागि लड्नुपर्ने छैन। तर मुलुकको समृद्धि र जनताका हक-अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्दै अघि बढ्नु आजको आवश्यकता हो। सूचनाले सुशासन, समृद्धि र विकासको मुख्य कार्यभारलाई थप मजबुत बनाउँछ। आमनागरिकलाई सशक्तीकरण गर्दै क्षमता अभिवृद्धिका लागि सूचना महत्वपूर्ण पाटो पनि हो। सूचनाले आपसी विश्वासलाई मजबुत बनाउँछ।

यही कुराको आवश्यकता महसुस गर्दै नरैनापुर गाउँपालिकाले 'समृद्ध नरैनापुर' बुलेटिन प्रकाशन गरेको छ। उक्त बुलेटिन सम्पादन तथा प्रकाशनको जिम्मेवारी यस जोहन मिडिया एण्ड रिसर्च सेन्टरलाई दिनुभएकोमा हार्दिक आभारसहित धन्यवाद पनि ज्ञापन गर्दछौं। गाउँपालिकाभित्रका विविध विषयलाई समेटेर पुस्तक प्रकाशन गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो। यही चुनौतीकै बीचबाट पनि हामीले नरैनापुर गाउँपालिकाका समग्र विषयबस्तु र सबै पक्षलाई समेट्दै यो बुलेटिन प्रकाशन गरेका छौं। यस पुस्तकमा धेरै विषय समेट्ने प्रयास हुँदाहुँदै पनि धेरै कुरा छुट्न गएका हुन सक्छन्। आगामी दिनमा सबैको सुझाव, सल्लाहबमोजिम अद्यावधिक गर्दै पूर्णता दिने प्रतिबद्धता व्यक्त गर्दछौं।

पुस्तकमा गाउँपालिकाको वर्तमान अवस्थासहित स्रोत, साधन र सम्भाव्यतालाई बढीभन्दा बढी भरपर्दो बनाउने प्रयास गरिएको छ। यसले तुलनात्मकरूपमा गाउँपालिकालाई आगामी वर्षमा के, कसरी लैजान सकिन्छ, कस्ता रणनीति र योजनाहरू निर्माण गर्न सकिन्छ भन्ने कुरातर्फ डोऱ्याउन इङ्गित गरेको छ। यस कार्यमा महत्वपूर्ण सहयोग गर्नु हुने सबै पक्षलाई धन्यवाद दिँदै बुलेटिन प्रकाशनमा विशेष सहयोग र समन्वय गर्ने नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाह, उपाध्यक्ष जयन्तीदेवी श्रीवास्तव, प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाही, गाउँपालिकाका सम्पूर्ण वडाध्यक्ष तथा जनप्रतिनिधि, कर्मचारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीवी तथा नरैनापुरवासीको महत्वपूर्ण योगदानका लागि धन्यवाद टक्र्याउँदै हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

**जोहन मिडिया एण्ड रिसर्च सेन्टर**
नेपालगन्ज, बाँके

# अध्यक्षको भनाइ ...



सर्वप्रथम नरैनापुर गाउँपालिकाले भए गरेका गतिविधि सार्वजनिक गर्ने र नरैनापुर गाउँपालिका क्षेत्रभित्रका महत्वपूर्ण मुद्दाहरूको उठान गरी विकास र समृद्धिमा हातेमालो गर्न अझ सहज र सरल होस् भन्ने उद्देश्यले 'समृद्ध नरैनापुर' बुलेटिन प्रकाशन गर्न सहयोग गर्ने गाउँपालिका कार्यालय, जनप्रतिनिधि, कर्मचारीको तर्फबाट प्रकाशन, सम्पादन र अहोरात्र खटिएर हामीलाई सहयोग गर्ने सम्पादक, लेखक पत्रकार ज्यूहरूलाई धन्यवाद दिन चाहन्छु। हामी स्थानीय सरकारको प्रतिनिधिका रूपमा निर्वाचित भएर आएसँगै नरैनापुर गाउँपालिकाको सामाजिक विकास र आर्थिक समृद्धिका लागि आफ्नो तन, मन र बचनले लागेका छौं। यसका लागि नरैनापुर गाउँपालिका, सम्पूर्ण गाउँपालिकावासी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायको साथ सहयोग समन्वय मननयोग्य छ।

भारतीय सीमा, विकट, दुर्गम क्षेत्र, सडक, पूर्वाधार, सञ्चार र सरकारी सेवा सुविधाबाट वञ्चित रहेको गाउँपालिकालाई स्थानीय सरकार सञ्चालनका लागि हामी जनप्रतिनिधिका रूपमा निर्वाचित भएर आएपछि हामीले सुधार र परिवर्तनका धेरै प्रयास गरेका छौं। हामीले सीमित बजेट र ६ वडा रहेको यस क्षेत्रमा हरप्रयास ठूला विकासका निर्माण कार्य र वडाबाटै जनताको प्रत्यक्ष सहभागितामा विकास निर्माणलाई प्राथमिकता दिँदै आएका छौं। सबैको साझा प्रयास र सहयोगमा हामी गाउँपालिकाका ६ वटै वडामा विकास, चेतना र सहकार्यमार्फत् समृद्धिका कार्यहरू भइरहेका छन्। गाउँपालिकाको समग्र विकासमा वडाका सबै जनप्रतिनिधि, कार्यपालिका सदस्य, कर्मचारीबाट योगदान र साथ पाएका छौं। यसैको फलस्वरूप सबै वडामा विकास र समृद्धि आइरहेको छ। वडाबाटै शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, धार्मिक, सांस्कृतिक, सिँचाइ, सडक बाटो, पूर्वाधार निर्माणका काममा तीव्रता आएको छ।

हामीले गरेका कामहरूलाई जनतासमक्ष पुऱ्याउने उद्देश्यले नरैनापुर गाउँपालिका कार्यालयले हरेक आर्थिक वर्षमा यस क्षेत्रमा जनप्रतिनिधिले गरेका विकास, निर्माण, योजना, त्यसको प्रगति, जनप्रतिनिधि, कर्मचारी र गाउँपालिकाबासीको अनुभव र सुझावसहितको समृद्ध नरैनापुर बुलेटिन पनि प्रकाशन गर्दै आएको छ। स्थानीय निर्वाचनदेखि हालसम्म गरेका कार्यक्रम, योजना, विकासका सकारात्मक र परिवर्तनका पाटाहरू केलाउँदै समृद्ध नरैनापुर बुलेटिन प्रकाशनले गाउँपालिकावासीमा वडादेखि समग्र गाउँपालिकामा भएका परिवर्तन, सकारात्मक कदम, आगामी योजनाका बारेमा सुझावको काम गर्ने आशा गरेका छौं। समृद्ध नरैनापुर गाउँपालिका बुलेटिन प्रकाशनमार्फत् यहाँको समृद्धिको यात्रामा सहयोगका साथै हामीलाई मार्गदर्शनमा सहयोग पुगोस् मेरो आशा र शुभेच्छा व्यक्त गर्दछु। धन्यवाद ॥



**इश्तियाक अहमद शाह**
**अध्यक्ष**
नरैनापुर गाउँपालिका, बाँके

# उपाध्यक्षको भनाइ ...



हामी नरैनापुर गाउँपालिकालाई देशकै समृद्ध र नमूना नरैनापुर बनाउने महान अभियानमा अग्रसर भइरहेका बेला 'समृद्ध नरैनापुर' बुलेटिन प्रकाशित भएकोमा हामीलाई गौरव लागेको छ। नरैनापुर गाउँपालिकालाई मार्गदर्शन गर्नका लागि गाउँपालिका क्षेत्रभित्रका महत्वपूर्ण मुद्दाहरू उठान गरी विकास र समृद्धिमा हातेमालो गर्न अझ सहज र सरल हुने विश्वास गरेका छौं। साथै यसका लागि समृद्ध नरैनापुर बुलेटिनको सम्पादन टीमलाई बधाई दिन चाहन्छौं। २०६२/०६३ को जनअन्दोलनको परिणामस्वरूप नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान र कानुनको अधिनमा रहि काम गर्दै आइरहेको कुरा सर्वविदितै छ। हामी जनप्रतिनिधिहरू नरैनापुर गाउँपालिकामा निर्वाचित भएर आएसँगै गाउँपालिकाको सामाजिक विकास, आर्थिक समृद्धिका लागि आफ्नो तन, मन र बचनले लागेका छौं।

नरैनापुर गाँउपालिकाको प्रशासनलाई जनमुखी, पारदर्शी र जवाफदेही बनाउँदै आम सर्वसाधारणले पाउनुपर्ने सेवासुविधा छिटोछरितो र कम खर्चिलो ढंगबाट पाउने व्यवस्था सिर्जना गर्न साथै न्यायको अनुभूति दिलाउन निरन्तर लागिरहने प्रतिबद्धता पनि व्यक्त गर्दछौं। अझ सेवाग्राहीको दैलोमै छिटो, सस्तो र सहज न्याय दिने गरी न्यायिक समितिहरू क्रियाशील छ। संविधानले गरेको व्यवस्था अनुसार स्थानीय तहहरू स्थानीयस्तर बाट न्याय दिने प्रयासमा लागिपरेका छौं। अझ न्याय सम्पादन विशिष्ट किसिमको प्राविधिक काम भएकाले सामान्य त्रुटि मात्रले पनि जनधनमा गम्भीर असर पर्न सक्छ। यस कार्यका लागि सम्पूर्ण नरैनापुर गाउँपालिकावासी आमनागरिकमा सकारात्मक सहयोगको अपेक्षा गर्दछु। विकास र समृद्धिको यात्रामा जनताका आंकाक्षा र अपेक्षा धेरै छन्। जनताका विकासको अपेक्षा र काम गर्दा गर्दै हालसम्मको अवधिमा भएका विकास र प्रगतिबारे 'समृद्ध नरैनापुर' बुलेटिनबाट पनि प्रष्ट हुन सकिन्छ।

महिला, बालबालिका, वृद्धवृद्धा, लक्षित समुदाय, अशक्त, असहाय व्यक्तिलाई सेवा सुविधादेखि न्यायिक समितिमार्फत् हामीले न्याय सम्पादनमा नमुना काम गर्ने प्रयास गर्दै आएका छौं। गरिब, विपन्न परिवार, महिला बालबालिका, एकल महिला, शिक्षामा पछि परेका समुदाय र व्यक्तिको लागि आयआर्जन, शिक्षा र अतिआवश्यक क्षेत्रमा गाउँपालिकाको बजेटबाट समृद्धिको यात्रामा हामी निरन्तर लागिरहेका छौं। हामी निर्वाचित भएपछि स्थानीय सरकारको बागडोर सम्हालेदेखि अहिले जनप्रतिनिधिले वडा, गाउँघर, टोलमै सरकार आएको अनुभूति गर्न पाएका छन्। वडाका सबै क्षेत्रमा वडाबाटै विकास, पूर्वाधार र सहकार्यका काम भएका छन्। वडाको विकास, प्रगति र समृद्धि नै नरैनापुरको समृद्धि हो। गाउँपालिकाको चालू आर्थिक वर्ष र विगतका आर्थिक वर्षका समग्र विकासबारे समृद्ध नरैनापुर बुलेटिनमार्फत् सबै माझ जानकारी दिन यस बुलेटिन प्रकाशनमा सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गर्दछु। धन्यवाद॥

**जयन्ती देवी श्रीवास्तव**
**उपाध्यक्ष**
नरैनापुर गाउँपालिका, बाँके

# हाम्रो शुभेच्छा ...



नरैनापुर गाउँपालिकाले हरेक वर्ष गाउँपालिकाले गरेका विकास निर्माण कार्यहरूको एकमुष्ट जानकारी दिन प्रकाशन गर्दै आएको 'समृद्ध नरैनापुर' बुलेटिन यस वर्ष पनि तयार पारी जनप्रतिनिधि, कर्मचारी, सरोकार निकाय र आम गाउँपालिकावासीसम्म पुर्‍याउन दिनरात मेहनत गर्ने सबै सम्पादक, प्रकाशक, लेखक, पत्रकारलगायत सम्पूर्ण टीमलाई नरैनापुर गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीको तर्फबाट धन्यवाद दिन चाहन्छौं । स्थानीय निर्वाचनदेखि हालसम्म नरैनापुर गाउँपालिकामा भएका विकास कार्य तथा अनुभवहरूको बुलेटिन प्रकाशन गरी जनप्रतिनिधिले अझै राम्रा, उदाहरणीय र विकासका कार्य गरी सम्बृद्धिको यात्रामा हातेमालो गर्नु हुनेछ भन्ने आशा र अपेक्षा व्यक्त गर्दछु ।

तराईको क्षेत्र भएता पनि दुर्गम र पिछडिएको क्षेत्रका रूपमा चिनिँदै आएको नरैनापुर गाउँपालिका विगतजस्तो सडक, सञ्चार, विकासविहीन अब छैन । यहाँ अवसरहरू पर्याप्त रूपमा छन्, अनगन्ती पर्यटकीय स्थानहरू छन् । हामीले नरैनापुर क्षेत्रका व्यापारी, पर्यटन व्यवसायी, सञ्चारकर्मी, राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, सहकारी, सामुदायिक वन, विद्यालय, सामाजिक संघसंस्थासँग सहकार्य थालेका छौं । यहाँ रहेका प्राकृतिक श्रोतसाधन, नदीजन्य पदार्थलगायतका आन्तरिक राजस्वका श्रोतहरूबाट पनि यहाँको विकास, पूर्वाधार निर्माणमा साझा कार्य जारी नै छ । सडकबाटो, पूर्वाधार र सञ्चार, सूचनामा पहुँच पुर्‍याउने काम भएका छन् । गाउँपालिकावासी, सरकारी, गैरसरकारी कार्यालय, जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी, व्यापारी, व्यवसायीबाट सहयोग र साथबाटै नरैनापुरमा समृद्धिका कार्यहरू चलिरहेका छन् ।

जनप्रतिनिधिज्यूहरूका जनताप्रतिको जवाफदेहिता र विकासप्रतिको चिन्तन तथा दृढ इच्छाशक्तिलाई कानुनी, प्रक्रियागत नीति, नियम संगत बनाएर सहयोग र सहकार्य गर्न कर्मचारीलाई पनि चुनौती, अवसर र सिकाइ बनिरहेको छ । यो तीन वर्षको अवधिमा जनप्रतिनिधि र कर्मचारीको सामूहिक कार्य र स्थानीय जनताको सल्लाह, सुझाव र मार्गदर्शनले वडामै विकासका कार्यहरू भएका छन् । यो आर्थिक वर्षमा हामी जनप्रतिनिधि र कर्मचारी कोरोना भाइरसबाट गाउँपालिकावासीलाई सुरक्षित गर्न, संक्रमण हुन नदिन र लकडाउनमा विपन्न, गरिब, मजदुर परिवारमा खाद्यान्न अभाव हुन नदिन कुनै कसरत बाँकी राखेका छैनौं ।

अन्तमा, गाउँपालिका अन्तर्गत १ देखि ६ वडामा जनप्रतिनिधि, कर्मचारीको मेहेनत र इच्छा शक्तिले यहाँका विकासका ढोकाहरू खुलेको आभास यस बुलेटिनका विषयवस्तुबाट जानकारी प्राप्त भएको छ । गाउँपालिकाले यस पुस्तकबाट नरैनापुरमा भएका विकास निर्माणका कार्य र गाउँपालिकाको सफलताका बारेमा विस्तृत जानकारी दिने उद्देश्यले यो बुलेटिन प्रकाशन गर्ने प्रयास गरेको हो । गाउँपालिकाको समग्र कार्य र प्रगतिहरू गाउँपालिकावासी, जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला सबैसामू प्रकाशनमार्फत् पुर्‍याउन सहयोग गर्ने सम्पूर्ण प्रकाशक र सम्पादक टिमप्रति हामी गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको तर्फबाट हार्दिक शुभकामना छ ।

**महेन्द्रजंग शाही**
**प्रमुख प्रशासकीय अधिकृत**
नरैनापुर गाउँपालिका, बाँके



# 'गौरवका योजना' ले नापुरवासी उत्साहित



काशीराम शर्मा

**स्थानीय तहको निर्वाचनपछि नरैनापुरमा गौरवका योजनाहरू धमाधम सञ्चालन भइरहेका छन् । गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा गाउँपालिकाको प्रशासकीय भवन निर्माण, सडक कालोपत्रे, गौशाला निर्माण, विद्यालय भवन निर्माणलगायतका केही गौरवका योजना अघि सारेको छ ।**

गाडी गुड्न थालेका छन् । बिजुलीका खम्बामा तार टाँगिएको छ । स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकले सेवा दिन थालेका छन् । समयान्तरसँगै बाँकेको नरैनापुरको मुहार फेरिँदैछ । पछिल्लो समय नरैनापुरले धेरै बदलाव अनुभूत गरेको छ । अहिले गाउँले मुहार फेरिएको । यो देख्ने र भोग्ने त भाग्यमानी पुस्ता हो । बस्ती विकासमा पछि परेको र उपेक्षित थियो । सडक र एम्बुलेन्स नहुँदा धेरैले आमा गुमाएका घटना नरैनापुरले व्यहोरेको छ । केही वर्षअघि समयमै दमकल पुग्न नसक्दा आगो लागेर गाउँ नै सखाप भयो ।

दुई घण्टामा बस्ती डढेर सकियो । बाटो नहुँदा नेपालगन्जबाट दमकल आउनै दुई दिन लाग्यो । त्यो नियति अब भोग्नु नपर्ला । समयमै उपचार नपाउँदा यहाँका धेरैले ज्यान गुमाए पनि । नेपालगन्ज जोड्ने सडक नहुँदा उनीहरू भारतमा उपचार गर्न पुग्थे । किनमेलका लागि पनि सीमावर्ती भारतीय बजारकै भर पर्नुपर्थ्यो । स्थानीय तहको निर्वाचनपछि नरैनापुरको मुहारमा बल्ल उज्यालो देखिन थालेको छ । पञ्चायतकालमा यहाँको विकासमा राज्यको ध्यान तान्न राजा वीरेन्द्रलाई भ्रमणको निम्तो दिइएको थियो । त्यसबेला राजाले यहाँका लागि ५ लाख रूपैयाँ छुट्याइदिएका थिए । त्यो रकम कहाँ खर्च भयो, अहिलेसम्म पत्तो छैन ।

पूर्वमन्त्री प्रेमबहादुर भण्डारीले गाड्न लगाएका विद्युतका पोल झन्डै तीन दशकसम्म बेवारिसे बने । टुकी बाल्नु पर्ने बाध्यतालाई नरैनापुरवासीले आफ्नै बलबुतामा सोलार प्यानल जडान गरी हटाए । अहिले पोलमै सही, बत्ती आएको छ । पोलमै बत्ती बल्नु पनि यहाँका लागि ठूलो उपलब्धि हो । यस क्षेत्रमा ०७३ चैत ११ मा निर्माण थालिएको हुलाकी सडकको काम पूरा हुन चार वर्ष लाग्यो । उक्त सडक कालोपत्रे भएसँगै यहाँका स्थानीय नेपालगन्जसँग नजिकिएका छन् । गाउँमा बिजुली बत्ती र सडक सुविधा आएपछि नरैनापुरवासी व्यवसायतर्फ आकर्षित भइरहेका

छन् । यसअघि नेपालगन्ज पुऱ्याउने बाटो नहुँदा नरैनापुरका झन्डै २०० किसान भारतमा दूध बिक्री गर्न जान्थे । अहिले सबैले यहीँ दूध बेच्न ल्याउँछन् ।

बिजुली नहुँदाको सास्ती सुनाउँदै ६० वर्षीय मुन्सीप्रसाद यादवले भन्नुभयो, 'घरमा सोलारबाट बत्ती बाल्थे । टीभी हेर्नुपरे ब्याट्री चार्ज गर्न भारत पुग्थे । घरमा बिजुली नभएका कारण सबै कोठामा पंखा चल्दैनथ्यो । पसिना काढ्दै सुत्नुको विकल्प थिएन । अब खेतीका लागि बोरिङ गर्न सजिलो हुने भयो । खेती किसानी गर्ने सबैलाई फाइदा भएको छ ।' नरैनापुरमा बिजुली नहुँदा एउटा पनि उद्योग छैनन् । अधिकांश युवा रोजगारीका लागि भारतको हैदराबाद, दिल्ली, पन्जाब, मुम्बई र कानपुर पुग्छन् । 'अब गाउँमा उद्योग स्थापनाको वातावरण बनाउँछौं,' गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाहले भन्नुभयो, 'बिजुलीको पूर्वाधार नहुँदा अस्पतालमा एक्सरे मेसिन, ल्याब सञ्चालन गर्न गाह्रो भएको थियो ।'

कोरोना महामारीका कारण रोजगारी गुमाएर गाउँ फर्किएका करिब १५ सय युवालाई यहीँ काम दिने गरी तयारी थालेको शाहको भनाइ छ । 'हामी व्यावसायिक कृषि र उद्योगधन्दा खोल्नका लागि संरचना बनाउँदै छौं,' उहाँले भन्नुभयो । नरैनापुरमा एकैदिन ४९ जनामा कोरोना संक्रमण पुष्टि भयो । भारतमा महामारी बढ्दै जाँदा युवा गाउँ फर्किने क्रम बढेपछि यहाँ पनि संक्रमणले भयावह रूप लिएको हो । यो घटनापछि स्थानीयमात्रै होइन जनप्रतिनिधि नै आतङ्कित बने । सामान्य उपचारका लागि पनि भारत धाउनुपर्ने नियति बोकेका नरैनापुरवासीलाई कोरोना महामारीबाट जोगिन सकिएला भन्ने लागेकै थिएन ।

स्थानीय तहको निर्वाचनपछि नरैनापुरमा गौरवका योजनाहरू धमाधम सञ्चालन भइरहेका छन् । गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा गाउँपालिकाको प्रशासकीय भवन निर्माण, सडक कालोपत्रे, गौशाला निर्माण, विद्यालय भवन निर्माणलगायतका केही गौरवका योजना अघि सारेको छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा संघीय सरकारको समानीकरण अनुदानबाट नरैनापुर-४ मा दलित निगरानी केन्द्र भवन निर्माणका लागि रु.२५ लाख, नरैनापुर-१ को महतेनिया गाउँमा पीसीसी बाटो निर्माणका लागि रु.३० लाख र नरैनापुर-५ को जमुनाह गाउँमा रिङ रोड निर्माणका लागि रु.३० लाख रकम विनियोजन गरेर काम अघि बढाएको छ ।

संघीय सरकारको समानीकरण अनुदानबाटै नरैनापुर-४ को सामुदायिक भवनदेखि जयरामपूर्वा जाने बाटो माटो पटान तथा ग्राभेलका लागि रु.२५ लाख, नरैनापुर-१ को हुलाकी रोडदेखि मजरेटीसम्म बाटो निर्माणका लागि रु.२५ लाख, नरैनापुर-४ को हुलाकी सडकदेखि मटेहिया गाउँ हुँदै ५ नम्बर वडा कार्यालयसम्म बाटो बिस्तारका लागि रु.२४ लाख रकम विनियोजन गरी काम गरिरहेको छ । त्यस्तै प्रदेश सरकारको समपुरक अनुदानबाट रु.१ रोड ५० लाख र गाउँपालिकाको रु.१ करोड ५० लाख लागत गरी जम्मा रु.३ करोडमा नरैनापुर-२ को हुलाकी रोडदेखि रोशनपूर्वा हुँदै भारतीय सीमासम्म जाने बाटो निर्माण भइरहेको छ ।

त्यस्तै जिल्ला समन्वय समिति आन्तरिक श्रोतबाट रु.१ करोडको नरैनापुर-५ स्थित महेन्द्र माध्यमिक विद्यालय मटेहियाको भवन निर्माण भइरहेको छ । गाउँपालिकाले वडा नम्बर ४ मा गौशाला निर्माणका लागि रु.१२ करोडको विस्तृत परियोजना प्रस्ताव (डीपीआर) गरेकोमा जिल्ला समन्वय समिति आन्तरिक श्रोतबाट रु.७ करोड विनियोजन भई काम भइरहेको छ । गाउँपालिकाकै सबैभन्दा ठूलो आयोजनाका रूपमा रहेको गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि रु.२३ करोडको विस्तृत परियोजना प्रस्ताव (डीपीआर) तयार भएको छ । जिल्ला समन्वय समिति आन्तरिक श्रोतबाट रु.४ करोड र गाउँपालिकाको रु.५ करोड गरी रु.९ करोडमा टेण्डर आह्वान भएर काम सुरु भएको भइरहेको छ ।

गाउँपालिकाले सञ्चालन गरेका ठूला आयोजनाबाहेक अन्य धेरै स-साना योजनाका कामहरू पनि सञ्चालन भइरहेका छन् । साना तथा ठूला आयोजनाहरू धमाधम सञ्चालन हुन थालेपछि नरैनापुरको विकासले जनप्रतिनिधि आएको तीन वर्षमै फड्को मार्न बेर लाग्दैन भन्ने पुष्टि भएको छ । नरैनापुर गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटले गौरबका योजनालाई प्राथमिकतामा राखेको अध्यक्ष इश्तियाक अहमद शाहले बताउनुभयो । 'गौरवका योजनाले नै नरैनापुरको समुन्नत विकासमा टेवा पुग्नेछ,' अध्यक्ष शाह भन्नुहुन्छ, 'हाम्रो नीति नै गौरवका योजना सञ्चालन गरेर नरैनापुरको विकास गर्नु हो ।'

अध्यक्ष शाहले खजुराको विकासका लागि हिजो गरिएको वाचा पूरा गर्न पनि गौरवका योजनाले मद्दत गरिरहेको बताउनुभयो । उहाँले आर्थिक वर्ष २०७७/०७८ मा अघि सारेका गौरवका योजना क्रमिकरूपमा काम अघि बढेको बताउँदै नरैनापुरलाई नमुना गाउँपालिकाको रूपमा विकास गर्न पनि यी योजना महत्वपूर्ण कडीको रूपमा रहेको बताउनुभयो । नरैनापुर गाउँपालिका उपाध्यक्ष जयन्तीदेवी श्रीवास्तवले चालु आर्थिक वर्षमा अघि सारेको गौरवका तर, बहुवर्षिय योजनालााई निरन्तरता दिन बजेट विनियोजन गरेर काम भइरहेको बताउनुभयो । नरैनापुर गाउँपालिकाले अघि सारेका गौरवका योजनामात्र नभई सबै योजना जनप्रतिनिधि र कर्मचारीको समन्वयमा गर्दा कार्यान्वयनमा सफलता प्राप्त हुने गरेको छ ।

विकासका योजना कार्यान्वयनका लागि सुरुदेखि नै सबैले आफ्नो आफ्नो क्षेत्रबाट सकारात्मक ढंगले सोचेर कुनै द्विविधा नराखी अक्षरसः पालना गर्ने गरेको नरैनापुर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाहीले बताउनुभयो । उहाँले अध्यक्ष, उपाध्यक्ष तथा अन्य सबै जनप्रतिनिधि र कर्मचारीबीचको आपसी सहकार्य, तालमेल र सकारात्मक सोंचका कारण नरैनापुरले सफलता प्राप्त गर्दै आएको बताउनुभयो । 'हामीले हरेक आर्थिक वर्षमा ठूला र उपलब्धिमूलक योजना अघि सारेका छौं,' प्रमुख प्रशासकीय अधिकृत शाहीले भन्नुभयो, 'यिनै योजना सफलतापूर्वक सम्पन्न गर्दै जाँदा नरैनापुर विकासमा अगाडि बढ्छ ।'

प्रमुख प्रशासकीय अधिकृत शाहीले बस्ती, वडा, विषयगत समिति, कार्यपालिका हुँदै गाउँसभाबाट पास भएर लागु गरिने योजना साझा हुने भन्दै योजना अनुसार बजेट विनियोजन गरेर अगाडि बढेकाले सफलता हासिल हुन थालेको बताउनुभयो । उहाँले भन्नुभयो, 'योजना सम्पन्न गर्न गाउँपालिकाबाट कुनै कमजोरी नभए पनि आवश्यक निर्माण सामाग्री समयमा उपलब्ध नहुनुले केही वाधा पुग्ने गरेको छ ।' उहाँले समयमा योजना सम्पन्न गर्नका लागि समपुरक र केन्द्रबाट प्राप्त हुने रकम ढिलो विनियोजना हुँदा ढिला गरी टेण्डर आह्वान हुनु र खोलाजन्य पदार्थ तथा अन्य निर्माण सामाग्रीका कारण चुनौती हुने गरेको बताउनुभयो । उहाँले विकासमा नरैनापुरवासी उत्साहित भएको पाएको पनि बताउनुभयो ।



# नरैनापुरको प्राथमिकतामा 'कृषि र उद्योग'

बाँकेको 'कर्णाली' उपमा पाएको पूर्वी दक्षिणी भेगमा अवस्थित नरैनापुर साविकका ६ गाविस मिलाएर बनाइएको गाउँपालिका हो। साबिकका कटकुइँया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर गाविसलाई ६ वटा वडाका रूपमा परिणत गरिएको छ। निकै कमजोर साक्षरताले गाँजेको यो पालिकालाई धेरथोर भरथेग गर्ने भनेकै कृषिले हो। परम्परागत कृषि प्रणालीको भरमा निर्वाहमुखी जीवनशैलीका लागि सङ्घर्षरत नरैनापुरलाई कृषिका माध्यमबाट सबल बनाउन स्थानीय सरकार प्रयासरत छ। स्थानीयलाई व्यवसायमुखी १७२.३४ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको नरैनापुरमा ३७०८ हेक्टर खेतीयोग्य जमिन छ। त्यसमध्ये सिञ्चित क्षेत्रफल २६० हेक्टर छ भने असिञ्चित क्षेत्रफल २५७ हेक्टर छ। बाँझो जमिन पनि २५७ हेक्टर नै छ। यहाँ मुख्यरूपमा धान, मकै, गहुँ, मसुरो, चना, तरकारी र तेलहन बालीको खेती हुने गर्दछ। वडा नम्बर १ मा ४५० हेक्टर, वडा नम्बर मा ६०७, वडा नम्बर ३ मा ५१५, वडा नम्बर ४ मा ६७० हेक्टर, वडा नम्बर ५ मा ५९४ र वडा नम्बर ५ मा ५९५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गर्दछ। सबैभन्दा बढी धान उत्पादन वडा नम्बर २ मा ८ हजार एक प्रमुख बाली हो। तथ्याङ्कअनुसार वडा नम्बर १ मा ९१ हेक्टर, वडा नम्बर २ मा ७५, ३ मा ८३, वडा नम्बर ४ मा ९५, वडा नम्बर ४ मा ६५ र वडा नम्बर ६ मा ९० हेक्टर क्षेत्रफलमा मकै खेती हुने गरेको छ। मकै उत्पादन वडा नम्बर १ मा सबैभन्दा बढी १८२ मेट्रिक टन उत्पादन हुने गरेको छ। कृषि ज्ञान केन्द्र बाँकेको पछिल्लो तथ्याङ्क अनुसार सबैभन्दा बढी मसुरो खेती र उत्पादन पनि वडा नम्बर १ मै हुने गरेको छ। वडा नम्बर १ मा १ हजार १३५ हेक्टर जमिनमा १ हजार ५५२ मेट्रिक टन मसुरो उत्पादन हुने गर्दछ। त्यस्तै वडा नम्बर २ मा ७२५, वडा


नवीन गिरी




**स्थानीय तहको निर्वाचनपछि नरैनापुरमा गौरवका योजनाहरू धमाधम सञ्चालन भइरहेका छन्। गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा गाउँपालिकाको प्रशासकीय भवन निर्माण, सडक कालोपत्रे, गौशाला निर्माण, विद्यालय भवन निर्माण लगायतका केही गौरवका योजना अघि सारेको छ।**

कृषि कर्मका लागि प्रेरित गर्दै उत्पादनसँग जोड्ने योजनामा नरैनापुर गाउँपालिका अघि बढेको छ। औद्योगिक ग्राम स्थापना गरी कृषि उत्पादनको बजार प्रवर्द्धन र रोजगारी सिर्जना गर्ने दिशामा गाउँपालिका अग्रसर छ। कृषि र उद्योगलाई उच्च प्राथमिकतामा राखेर नरैनापुर गाउँपालिका स्थानीयको जीवनस्तर उकास्ने उद्देश्यले प्रेरित छ।

१२१ मेट्रिक टन उत्पादन हुने गरेको छ। त्यस्तै गहुँ खेती वडा नम्बर १ मा ३३५, वडा नम्बर २ मा ३५०, ३ मा ३४३, वडा नम्बर ४ मा २४५, वडा नम्बर ५ मा २३५ र वडा नम्बर ६ मा ४३५ हेक्टरमा हुने गरेको तथ्याङ्क छ। गहुँ उत्पादन सबैभन्दा बढी वडा नम्बर १ मा ८३७ मेट्रिक टन उत्पादन हुने गरेको गर्दछ।

नरैनापुरमा उत्पादन हुने बालीमध्ये मकै पनि

नम्बर ३ मा ८५, ४ मा ९५, ५ मा १०५ र वडा नम्बर ६ मा ९५० हेक्टर क्षेत्रफलमा मसुरो खेती हुने गरेको छ।

नरैनापुरमा चना खेती पनि उल्लेख्य मात्रामा हुने गरेको छ। वडा नम्बर १ मै सबैभन्दा बढी चना खेती गरिन्छ। उत्पादन पनि वडा नम्बर १ मा नै बढी छ। वडा नम्बर १ मा ९१ हेक्टरमा १८२ मेट्रिक टन चना उत्पादन हुने गर्दछ। वडा नम्बर २



मा ७५ हेक्टर, वडा नम्बर ३ मा ८३, वडा नम्बर ४ मा ९५, वडा नम्बर ५ मा ६५ र वडा नम्बर ६ मा ९० हेक्टर जमिनमा चना खेती हुने गरेको तथ्याङ्क कृषि ज्ञान केन्द्रसँग छ। तरकारी खेती भने सबैभन्दा बढी वडा नम्बर ६ मा हुने गरेको छ। जहाँ ८० हेक्टर जमिनमा १ हजार मेट्रिक टन तरकारी उत्पादन भइरहेको छ। त्यस्तै वडा नम्बर १ मा ४८ हेक्टर, २ मा ६९, ३ मा ६५, ४ मा ६५ र वडा नम्बर ५ मा ५५ हेक्टर जमिनमा तरकारी खेती भइरहेको छ। तेलहन बालीको उत्पादन सबैभन्दा बढी वडा नम्बर २ मा हुने गर्दछ। २४५ हेक्टर जमिन १५९ मेट्रिक टन तेलहन बाली उत्पादन भइरहेको तथ्याङ्क छ।

त्यस्तै वडा नं.१ मा २२० हेक्टर, वडा नं.३ मा २३०, ४ मा २३२, ५ मा २२५ र वडा नं. ६ मा १५५ हेक्टर क्षेत्रफलमा तेलहन बालीको खेती हुन्छ। नरैनापुर गाउँपालिकालाई कृषि हबका रूपमा विकास गर्न पालिकाले प्रत्येक वडामा राष्ट्रिय महत्वका बालीहरूको पहिचान गरी एक बाली एक उत्पादन पकेट कार्यक्रमलाई जोड दिएको कृषि शाखाको भनाइ छ। जसअन्तर्गत आगामी वर्षहरूमा वडा नम्बर १ लाई धान, वडा नम्बर २ लाई मसुरो, वडा नम्बर ३ धान, वडा नम्बर ४ केरा र मसुरो, वडा नम्बर ५ मसुरो र तरकारी तथा वडा नम्बर ६ लाई मकै र तरकारी बालीको पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य लिइएको कृषि शाखा प्रमुख सदन भण्डारी बताउँछन्। वास्तविक कृषकहरूको पहिचान गर्न कृषक परिचयपत्र वितरण गर्ने योजनामा गाउँपालिका छ। त्यस्तै वडा नम्बर १ र ३ मा सिंचाईका लागि बनेका पुराना डिप बोरिङलाई सुचारु गरी पालिकामा पर्याप्त सिँचाइ पूर्वाधार विकास गर्ने अर्को रणनीतिक योजना रहेको भण्डारी बताउँछन्।

पालिकामा अहिले बर्सेनि दुई हजारका दरले पशु बिमा कार्यक्रम सञ्चालन भइरहेको छ। प्रत्येक वडामा कम्तिमा १० देखि १५ जना कृषकहरू व्यवसायिक तरकारी खेतीमा आबद्ध छन्। गाउँपालिकाको वडा नम्बर २ लक्ष्मणपुरमा कृषि बजार निर्माण भएको छ। लक्ष्मणपुर कृषि बजारलाई थप जिम्मेवार बनाउँदै बजार विकास समिति मार्फत् पालिकाभित्रका सम्पूर्ण किसानहरूको कृषि उपजहरू सङ्कलन गरी बजारीकरण गर्ने रणनीतिक योजना छ। समूह पद्धतिद्वारा कृषि प्रसारका काम गर्न ६ वटा कृषि सहकारी दर्ता भएका छन्। सबै वडामा करिब तीन हजार कृषक आबद्ध भएका १०० कृषक समूह तथा सहकारी पालिकामा दर्ता एवम् सूचीकृत भएका छन्। विगतमा नेपालगन्जमा कृषि कार्यालय हुँदा नरैनापुरका कृषकहरूलाई प्राविधिक सेवा लनि कठिनाइ भएको अवस्था थियो। तर, अहिले गाउँपालिका कार्यालयमै कृषि शाखा छ। चार जना प्राविधिक जनशक्तिले गाउँपालिकाका सबै वडाहरूसँग समन्वय गरी कृषि प्रसारका कार्यहरू गरिरहेको कृषि शाखा प्रमुख भण्डारी बताउनुहुन्छ।

चालू आर्थिक वर्ष २०७७/७८ मा संघीय सशर्ततर्फ ५९ लाख, प्रदेश अनुदान १ करोड १८ लाख ५० हजार र आन्तरिक स्रोततर्फ करिब ७० लाख बजेट छ। कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै गाउँपालिकाले प्रत्येक वर्ष कृषि तर्फको बजेट बढाउँदै लगेको छ। नरैनापुरमा औद्योगिक ग्राम निर्माणको प्रक्रिया पनि सुरु भएको छ। लुम्बिनी प्रदेश सरकारले नरैनापुरमा औद्योगिक ग्राम निर्माणका लागि डिपिआर गर्न बजेट छुट्याएपछि प्रक्रिया अघि बढेको हो। त्यसका लागि प्रदेश सरकारले १५ लाख रूपैयाँ छुट्याएको छ। औद्योगिक ग्राम बनाउन यसै आर्थिक वर्षभित्र डिपिआर गरिसक्ने योजना छ। वडा नम्बर ४ मा ५० विगाहा बढी जग्गामा औद्योगिक ग्राम स्थापना गर्ने गरी व्यवस्थापन भइरहेको छ।

लुम्बिनी प्रदेश सरकारको घरेलु, साना तथा मझौला उद्योगमार्फत् रोजगार सिर्जना गर्ने र क्षेत्रगत असन्तुलन कम गर्दै जाने नीतिअनुरूप 'एक निर्वाचन क्षेत्र, एक औद्योगिक ग्राम स्थापना'को कार्यक्रम अन्तरगत नरैनापुरमा पनि प्रक्रिया अघि बढेको हो। सबै उद्योगहरू एकै ठाउँबाट सञ्चालन गर्ने उद्देश्य अनुरूप प्रदेश सरकारले यो अवधारणा अघि बढाएको हो। नरैनापुरमा हुलाकी सडक निर्माण सम्पन्न भएर विद्युतीकरण पनि भइरहेकाले औद्योगिक ग्राम स्थापनाको कार्यले सार्थकता पाउनेछ। औद्यागिक ग्राम स्थापनापछि नरैनापुर ग्रामीण औद्योगिकीकरणको दिशामा अघि बढ्ने गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाह बताउनुहुन्छ। स्थानीय उत्पादनले बजार पाउनुका साथै रोजगारी सिर्जना हुने भएकाले नरैनापुरको विकास र समृद्धिका लागि औद्यागिक ग्राम कोशेढुंगा सावित हुने अध्यक्ष शाहको विश्वास छ।

गाउँपालिकाले यसअघि प्रदेश योजना आयोगमा डेलिगेशन गएर औद्योगिक ग्राम स्थापनाको योजना माग गरेको थियो। गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरेर प्रदेशमा पठाइसकिएको छ। 'डिपिआरका लागि काम अघि बढेको छ, गाउँपालिकाले आवश्यक सहजीकरण र व्यवस्थापन गर्नेछ, जग्गा व्यवस्थापनदेखि रेखदेख लगायत अन्य काममा हामी सक्रिय भएर लाग्छौं,' प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाही भन्नुहुन्छ। नरैनापुरलाई उत्पादन र रोजगारीसँग जोड्न अब सहज हुने शाहीको भनाई छ। कृषि र उद्योग प्राथमिकतामा रहेको शाही बताउनुहुन्छ। नरैनापुर कृषि र ग्रामीण उद्योगको राम्रो सम्भावना बोकेको 'भर्जिन' ल्याण्ड हो। उचित कार्ययोजना, बजेट र इच्छाशक्तिका साथ अघि बढ्न सके नरैनापुरको समृद्धिको मुख्य आधार कृषि र ग्रामीण उद्योग हुने कुरामा दुई मत छैन। कृषिको आधुनिकीकरण र उत्पादनको बजारीकरणले नै विकास र समृद्धिको मार्ग तय गर्दछ।

# 'संघर्षमै कोर्दैछौं नरैनापुरको कर्मरेखा'



नेपालगन्जदेखि करिब ३५ किलोमिटर दक्षिणपूर्व राप्तीपारि भारतसँग सीमा जोडिएको नरैनापुर गाउँपालिका तत्कालीन ६ वटा गाविस कटकुइँया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया तथा गंगापुर मिलेर बनेको हो। गाउँपालिकाको तथ्याङ्कअनुसार कूल १७२.३४ किमी क्षेत्रफलमा फैलिएको नरैनापुर गाउँपालिका उत्तरतर्फ राप्तीसोनारी गाउँपालिका, पश्चिमतर्फ डुडुवा गाउँपालिका तथा दक्षिण र पूर्वतर्फ भारतको सिमाना जोडिएको छ। यहाँको जनसङ्ख्या करिब ४० हजार हाराहारी छ। कुनैबेला नेपालगन्जसम्म आउजाउ गर्न पनि भारतीय भूमि प्रयोग गर्नुपर्ने अवस्था थियो। धौधौ अथक मेहनतले नेपालगन्जदेखि ३५ किलो मिटरको दूरीमा रहेको नरैनापुर क्षेत्रमा कालोपत्रे सडक बनेको छ।

बत्तीमुनिको अँध्यारो नरैनापुरबासीको घरमा उज्यालो पसेको छ। जनताको सेवालाई नै ठूलो राजनीतिक सफलता सम्झनुहुन्छ, नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाह। 'राजनीति कम, जनताको सेवा बढी' उहाँको आचरणभित्र पर्छ। सडक थिएन सडक पुग्यो, विद्युत थिएन, विद्युत पुग्यो, स्वास्थ्यको कुनै ठेगान थिएन १५ शैय्याको अस्पताल बन्यो र बन्दैछ नरैनापुरवासीको कर्मरेखा। स्थानीय तहको निर्वाचनपछि यस गाउँपालिकाले आफ्ना गाउँपालिकावासीको आर्थिक, सामाजिक र भौतिक विकासमा उल्लेखनीय कार्य गरेको छ। गाउँपालिकाले तीन वर्षको अवधिमा सामाजिक विकास, सुशासन तथा स्रोत-साधनको न्यायोचित वितरणमा जोड दिएको छ।

प्रस्तुत छ, नरैनापुर गाउँपालिकाका अध्यक्ष **इश्तियाक अहमद शाह**सँग गरिएको कुराकानी :

**स्थानीय तह गठनदेखि हालसम्म आइपुग्दा गाउँपालिकामा के कस्ता काम भए ?**

स्थानीय तहको गठन भई हामी गाउँपालिकाका पदाधिकारीहरू निर्वाचित भइसकेपछि विभिन्न समस्या र चुनौतीसँग जुध्दै जनप्रतिनिधि र कर्मचारीको अथक प्रयासले उल्लेखनीय सफलता हासिल गर्न सफल भएका छौं। गाउँपालिकाले बनाउनुपर्ने विभिन्न ऐन, नियम, कार्यविधि र निर्देशिका स्वीकृत गरी गाउँपालिका सञ्चालनको लागि आवश्यक कानुनहरूको अभावको अन्त्य गरिएको छ। गाउँपालिकामा विद्युत् पहुँच शून्य भएको अवस्थाको अन्त्य गर्दै नरैनापुरमा विद्युत् विस्तारको पहुँच पुऱ्याउन सफल भएका छौं।

विकास शून्य थियो। सडक, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यकीय सेवाहरू शून्यताबाट सुरु गरेका थियौं। ट्याक्टरबाट सुरु गरेको यात्राले गाउँपालिकालाई अहिले धेरै परिवर्तन गरेको छ। बस्तीहरू फेरिएका छन्। गाउँ बदलिएको छ। नेपालगन्ज-नरैनापुर सीधा सडक सम्पर्कमा जोडिएको छ। गाउँगाउँमा सडकहरू कतै कालोपत्रे त कतै पिसिसी भएका छन्। विकास नागरिकको चेतनासँग जोडिएको छ। स्थानीय नागरिकलाई गाउँको विकास गर्नुपर्छ भन्ने चेतनासँग गाउँहरू विकासको दिशातर्फ अघि बढिरहेका छन्।

गाउँपालिकाको शैक्षिक सुधारका लागि शैक्षिक गुणस्तर बढाउन र योजनामा सुशासन प्रवर्द्धन गर्ने काम गरेका छौं। गाउँपालिकाको प्रशासनीक भवनको निर्माण सुरु भएको छ। आर्थिक र सामाजिकरूपमा पछाडि परेका वर्ग, समुदाय, लिङ्ग र जातिलाई विभिन्न सीप विकास तालिम, सामाजिक सुरक्षा कार्यक्रम, नीति निर्माण तह र विकास निर्माणमा समानुपातिक सहभागितामार्फत आर्थिक र सामाजिक उत्थानका काम भएका छन्। १५ शैय्याको अस्पताल सञ्चालनमा आएको छ। गाउँपालिकाको अभिलेख, तथ्याङ्क र विकास कार्यलाई व्यवस्थित गर्न सफल भएका छौं।

**अहिलेसम्मको काम गराइबाट के कति सन्तुष्ट हुनुहुन्छ ?**

सोचेजति सबै काम शतप्रतिशत सम्पन्न गर्न नसकिएको होला। तर, हालसम्मको काम र प्रगतिको समीक्षा गर्दा जनप्रतिनिधिलगायत आमनागरिक सन्तुष्ट हुनुहुन्छ। गाउँपालिकामा जनप्रतिनिधिको आगमनसँगै आर्थिक तथा सामाजिक विकास, सुशासन, स्रोतसाधनको न्यायोचित वितरणजस्ता कुरामा नागरिक सन्तुष्ट हुनुहुन्छ। प्रत्येक व्यक्तिका व्यक्तिगत इच्छा, चाहना र स्वार्थ पूरा गर्न नसकिएको होला तर सामूहिक हित र विकासका चाहनालाई अधिक रूपमा पूरा गरिएको छ।

पछिल्लो समय नरैनापुरको हरेक क्षेत्रले काँचुली फेर्न थालेको छ। शिक्षा, स्वास्थ्य, कृषिको क्षेत्रमा आत्मनिर्भरताको बाटोमा अगाडि बढिरहेको छ। गाउँपालिकाका सबैजसो बस्तीमा सडक पुगेको छ। अथक मेहनतले बिजुली बाल्न सकेका छौं। स्वास्थ्यको लागि १५ शैय्याको अस्पताल बनाउन सफल



भएका छौं। कृषिको क्षेत्रका कृषकहरूको प्रोत्सानको लागि अनुदानको व्यवस्था गरेका छौं। जनप्रतिनिधि र कर्मचारीको अथक र सङ्घर्षपूर्ण मेहनतका कारण हामी एकपछि अर्को गर्दै सफलतातर्फ अघि बढिरहेका छौं। यसकारण पनि नरैनापुर गाउँपालिकाले काँचुली फेरेको छ।

**स्थानीय तह र प्रदेश तथा सङ्घबीच काम गर्ने क्रममा के कस्तो समन्वय भइरहेको छ ?**

सङ्घ र प्रदेश सरकारबाट वित्तीय अनुदान, समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको व्यवस्था हुनु, सङ्घ र प्रदेश सरकारबाट समन्वय, निर्देशन र सहयोग उपलब्ध नहुँदा हामीले सोचेजति काम गर्न सकिरहेका छैनौं। गाउँपालिकालाई प्रदेश तथा सङ्घ सरकारले निकै अन्याय गरिरहेको छ। यसमा हामीलाई निकै दुख लागिरहेको छ। हामीले पटक-पटक हाम्रा समस्याहरूलाई प्रदेश तथा सङ्घमा राखेका छौं। प्रदेश तथा संघबाट हामीलाई आश्वासन आउँछ, बजेट र सहयोग आउँदैन। प्रदेश तथा संघीय सरकारले हामीलाई सहयोग नगरेकै कारण पनि सोचेअनुरूप विकास गर्न सकिरहेका छैनौं।

**समृद्ध गाउँपालिका बनाउन के-कस्ता कार्यक्रम र योजना सञ्चालन भइरहेका छन् ?**

सुरुवातको चरणमा बस्ने ठाउँ थिएन, कर्मचारीलाई काम गर्न निकै सकस थियो। कर्मचारीको संख्या निकै कम थियो। दरबन्दी पनि उस्तै कम थियो। सानो कोठा भाडामा लिएर हामीले गाउँपालिकाको काम सुरु गरेका थियौं। जनप्रतिनिधि तथा कर्मचारीहरूको प्रयास र इच्छाशक्तिका कारण हामी निरन्तर सफलताउन्मुख भयौं। 'थकाइँ मानियो भने सफल हुँदैनौं' भन्ने दृढ संकल्पका कारण हामी संघर्षपूर्ण तरिकाले अघि बढ्यौं। अझ शिक्षामा पछि परेको पालिका भएकाले शैक्षिक सुधारका निम्ति हामी हरसम्भव क्रियाशील रह्यौं। शैक्षिक सुधारका निम्ति अहिले पनि हामीले लगानीमैत्री वातावरण खोजिरहेका छौं।

नरैनापुरमा स्वास्थ्यको अवस्था अहिले पनि नाजुक नै छ। हामीले यसलाई निरन्तर सुधार गर्दै अघि बढिरहेका छौं। नरैनापुरमै १५ शैय्याको अस्पतालदेखि सर्पदंश उपचार केन्द्र सञ्चालनमा ल्याउन सकेका छौं। अस्पतालमा एक्सरे/भिडियो एक्सरे सेवा सुरुवात भएको छ। यसले नरैनापुरवासीलाई सामान्य औषधोपचारका लागि नेपालगन्ज पुग्नुपर्ने बाध्यताको अन्त्य गरेको छ। जिल्लामै पहिलोपटक जय किसान मावमा १० जोड दुई कक्षा सञ्चालनमा आएको छ। यसले नरैनापुरका विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि टाढा जानुपर्ने बाध्यताको अन्त्य गरेको छ। कृषि प्राविधिकतर्फ १५ महिने जेटिए कक्षा नरैनापुरमै सञ्चालनमा ल्याउन सफल भएका छौं। यसले आगामी दिनमा नरैनापुरको शैक्षिक गुणस्तरले थप फड्को मार्नेछ।

नरैनापुरमा विजुली बत्ती थिएन। २७ वर्षसम्म पूरा नभएको विद्युतीकरण २७ दिनमा पुरा गर्न सफल भएका छौं। नेपालगन्ज पुग्न भारतको बाटो प्रयोग गर्नुपर्ने अवस्थाको पूर्णरूपमा अन्त्य भएको छ। पालिकाभित्रका सडक निर्माणले गति लिएका छन्। नरैनापुर-अगैया २८ किलोमिटर सडक निर्माणका लागि डीपीआर सम्पन्न भएर बाँकी काम अघि बढ्ने चरणमा छ। राप्ती नदीको पिप्रहवा-खडैचा पक्की पुल निर्माणका लागि डीपीआर निर्माणको काम भइरहेको छ। नेपाली रूपैयाँ नसाटिने अवस्थाको अन्त्यसँगै नरैनापुरमै बैंक स्थापना भएपछि हालसम्म सात हजार बढीले बैंक खाता खोलेको तथ्याङ्क हामीसँग छ। हामीले सामाजिक सुरक्षा भत्तालाई सबैको बैंक खातामा पुऱ्याउन सफल भएका छौं। यस्ता धेरै क्षेत्रमा सकारात्मक र परिवर्नतका कामहरू भइरहेका छन्।

यो गाउँपालिका जिल्लाका आठवटै स्थानीय तहमध्ये सबैभन्दा विकट र विकासका दृष्टिले पछिपरेको पालिका हो। अहिले गाउँपालिकासम्म जाने सडक कालोपत्रे गर्ने कार्य भइरहेको छ। गरिब उत्थानका लागि रोजगारी सिर्जना गर्न विभिन्न सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ। जनतालाई दिने सेवा सुविधामा कुनै कञ्जुस्याइँ गरिएको छैन। स्वास्थ्य, शिक्षा र कृषिमा ध्यान दिएका छौं। नागरिकहरूलाई सकेसम्म छिटो र छरितो तरिकाले सेवा दिइरहेका छौं। हामी निर्वाचित भएर आएको तीन वर्षको अवधिमा १५ किलोमिटर सडक पक्की बनाएका छौं। यो गाउँपालिका सडक पूर्वाधारको हिसाबले महत्वपूर्ण काम हो। हामीसँग आन्तरिक आम्दानीको श्रोत छैन। कुनै

एउटा क्षेत्रको विकासभन्दा पनि गाउँपालिकाको समग्र क्षेत्रको विकास नै हाम्रो प्राथमिकता हो।

कृषि, शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ क्षेत्रको विकास आदि हाम्रा विकासका प्राथमिकता हुन्। अझ हामीले रोजगारी सिर्जना गर्नका लागि उद्योग स्थापनालाई प्राथमिकतामा राखेका छौं। उद्योग सञ्चालन हुँदा स्थानीय नागरिकहरूले रोजगारी पाउने र त्यसले नागरिकको जीवनस्तरमा सुधार ल्याउने देखिन्छ। त्यसका लागि हामीले १०८ बिगाह जग्गा छनौछ गरिसकेका छौं। उद्योग स्थापनाका लागि हामी प्रस्ताव आह्वान गर्नेछौं। त्यस्तै ३५ बिगाह जग्गामा गौशाला निर्माण हुने क्रममै रहेको छ भने नरैनापुरमा रंगशाला निर्माणको कामलाई पनि अघि बढाएका छौं। अबको अवधिमा गाउँपालिकाको सबै सुकुम्बासी, भूमिहीन र अव्यवस्थित जग्गाको समस्या समाधानका लागि हामीले पहल गरिरहेका छौं। त्यस हिसाबले गाउँपालिकाका धेरै कामहरू पूरा भएको जस्तो लाग्छ।

**कोरोना रोकथाम, नियन्त्रण र व्यवस्थापनमा गाउँपालिकाले कसरी काम गरेको थियो ?**

कोरोना भाइरसबाट बच्न, रोकथाम तथा नियन्त्रणका लागि सीमित स्रोतसाधन र जनशक्तिका बीच पनि महत्वपूर्ण कार्यहरू भएका छन्। कोरोनाबाट बच्न आमनागरिकलाई आवश्यक सतर्कता र सावधानीका लागि जनचेतना जगाउनुको साथै प्रत्येक नागरिकको स्वस्थ आनीबानीका लागि हात धुने साबुन र मास्क वितरण गरिएको छ। भारत तथा तेस्रो मुलुकका साथै जोखिमपूर्ण क्षेत्रबाट घर फर्किएका नागरिकलाई क्वारेन्टाइनमा राखी आरडीटी तथा पीसीआर परीक्षणपश्चात् जोखिममुक्त बनाएर होम क्वारेन्टाइनमा पठाउने व्यवस्था गरेका थियौं। भारतबाट फर्किने नागरिकहरूको सीमामा भीड लागेको थियो। हामीलाई उनीहरूको व्यवस्थापन निकै चुनौतीपूर्ण पनि थियो।

नेपाल सरकारद्वारा घोषित बन्दाबन्दी सफल बनाउन गाउँपालिकाको नेपाल-भारत सीमा क्षेत्रका साथै विभिन्न नाकामा सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरू खटाएर कोरोनाबाट बच्न स्वास्थ्य शिक्षा प्रदान गरिएको थियो। हामीले यो अवधिमा आफ्नै लगानीमा पीसीआर परीक्षणका लागि किट किनेर पनि नागरिकको स्वास्थ्य परीक्षण गर्‍यौं। कुनैबेला कोरोनाको केन्द्रबिन्दु बनेको बाँके नरैनापुरलाई विस्तारै कोरोनामुक्त बनाउन सफल भयौं। एकातिर संक्रमित बढिरहेका थिए भने अर्कातर्फ क्वारेन्टाइनमा बसेका मानिसहरू पनि धमाधम भाग्न थालेपछि स्थिति नियन्त्रणमा लिन हामीलाई हम्मेहम्मे परेको थियो। भारतबाट एकैपटक ८०० जना नागरिकहरू सीमाबाट भित्रिएर नेपाल आइपुगेपछि हामीले ठूलो समस्या झेल्नुपरेको थियो। हामी तीन महिनासम्म त राम्ररी सुन्त समेत पाएनौं। जनताको साथले हामीले कारोनालाई जित्यौं। त्यो हाम्रा लागि सुखद् क्षण बन्यो।

कोरोना संक्रमणको सुरुवाती अवस्थामा त हामी निकै अतालिएका थियौं। भारतीय सिमाबाट सम्झाएर आफ्ना नागरिकहरूलाई क्वारेन्टाइनमा ल्यायौं, बेलुका भागेपछि प्रहरी लिएर खोज्न जानुपर्ने अवस्था आयो। समुदायमा सरेर झन् महामारी फैलँदै गाउँ नै सखाप पार्ने हो कि भनेर प्रधानमन्त्री र प्रदेशलाई पत्र लेखेका थियौं। हामीसँग न डाक्टर न राम्रो स्वास्थ्य सेवा न सरकारको सहयोग थियो, हामीसँग मात्रै तनावको हिसाब थियो। हामी गाउँ नै सखाप हुन्छ भन्ने डरले पागलझैं भएका थियौं। त्यति हुँदाहुँदै पनि हामी विचलित नभएर कोरोनाको त्यो सन्त्रासलाई व्यवस्थापन गर्न सफल भयौं। यो अवधीमा हामीलाई सञ्चार क्षेत्रको सहयोग र भूमिका निकै महत्वपूर्ण रह्‍यो।

**यो अवधिसम्म आइपुग्दा काम गर्दा के कस्ता चुनौती भोग्नुभयो ?**

राज्यको पुनःसरचनासँगै नरैनापुर गाउँपालिकाको स्थापना भएपछिको पहिलो स्थानीय सरकार गठन भई तीन वर्षमा विभिन्न चुनौतीको सामना गर्दै गाउँपालिकाप्रति आमनागरिकको आवश्यकता र अपेक्षालाई मूर्तरूप दिनुपर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा छ। स्थानीय तहको अधिकारक्षेत्र तथा जिम्मेवारी कार्यान्वयन गर्न आवश्यक विभिन्न ऐन, नियम कानुनहरूको अभाव तथा नीतिगत अस्पष्टता, कर्मचारी समायोजनको प्रभाव तथा प्राविधिक जनशक्तिको अभावबीच पनि यस गाउँपालिकाले यो तीन वर्षे कार्यकालमा महत्वपूर्ण सफलता प्राप्त गरेको छ। गाउँपालिकाको समृद्धि, आर्थिक विकास र उन्नतिमा सहभागी गराउन कोरोना संक्रमणपछि युवाहरूलाई रोजगारीको सुनिश्चितता गर्नु मुख्य चुनौती देखिएको छ। स्थानीय तह एक्लैले बेरोजगार जनशक्तिलाई रोजगार दिनसक्ने अवस्था छैन। यसमा प्रदेर तथा संघीय सरकारको पनि सहयोग र सहकार्य आवश्यक छ।

**हालसम्मको अवधिमा गाउँपालिकाबासीले स्थानीय सरकारबाट आशा गरेबमोजिम प्रतिफल प्राप्त गरे कि गरेनन् ?**

पूर्ण सन्तुष्ट हुने अवस्था छैन। अझै धेरै काम बाँकी छन्। ती अबको अवधिमा पूरा गर्न हरसम्भव प्रयास रहनेछ। जनताले अहिलेसम्म भएका कामबाट स्याबासी दिएका छन्। काम गर्ने दौरानमा जनताबाट राम्रो 'रेस्पोन्स' प्राप्त भएको छ। जनताका असीमित इच्छा, चाहना र सपना हुन्छन्। ती सबै एकैपटक पूरा गर्न सकिँदैन। विकासको चाहना र समृद्धिको यात्रा कहिल्यै टुङ्गिदैन। अब अधुरा काम पूरा गर्ने र जनतासँग गर्छु भनेका काम सम्पन्न गर्ने दिशामा छौं। आशा छ दुई वर्षको बाँकी अवधिले सन्तुष्ट हुने आधार दिलाउनेछ। यसै सन्दर्भमा जनताबाट निर्वाचित भई जिम्मेवारी सम्हाल्दै गर्दा हामीले धेरै कामहरू पूरा गरेका छौं र बाँकी कामहरू दुई वर्षमा पूरा हुने देखिएको हुँदा नागरिकको आशाबमोजिम नै प्रतिफल प्राप्त भएको अनुभूति भएको छ।

**अबको बाँकी कार्यकालमा के कस्ता काम हुँदैछन् ?**

कोभिडले हाम्रो काम गराइको रफ्तारलाई धेरै नै रोकेको अवस्था छ। विगत आठ महिनाको बीचमा धेरै गर्नुपर्ने काम सम्पन्न गर्न सकिएन। सुरु गरिएका योजना अधुरै रहेका छन्। अब ती योजना सम्पन्न गर्ने कुरामा ध्यान दिएका छौं। अधुरो योजना सकेर फेरि विकासको रफ्तारलाई कसरी अघि बढाउन सकिन्छ भनेर योजना बनाइरहेका छौं। अधुरा योजना पूरा गर्नेछौं। कृषि र उद्योगलाई स्वरोजगारको आधार बनाउँछौं। शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ क्षेत्रमा गर्न बाँकी रहेका कामलाई प्राथमिकता दिएर सम्पन्न गर्नेछौं। हाल सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमलाई निरन्तरता दिनुको साथै अति महत्वपूर्ण कार्य, जुन सञ्चालन हुन सकेका छैनन्, ती काम प्राथमिकतामा राखी अगाडि बढ्छौं। अबको बाँकी अवधिमा प्रत्येक वडा तथा बस्तीका घरधुरीमा विद्युत् को पहुँच पुगेको हुनेछ। वडा तथा बस्तीमा यातायात सञ्चालन हुने गरी सडक स्तरोन्नति तथा निर्माण गरिनेछ। सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच विस्तार हुनेछ।

गाउँपालिकाको कार्यालय भवन, अधिकांश वडा कार्यालय भवन, स्वास्थ्य संस्थाका भवनहरू तथा विद्यालय भवन निर्माण सम्पन्न भइसकेका हुनेछन्। कृषि क्षेत्रको व्यवसायीकरण, विविधीकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिसँगै कृषि उपजमा आत्मनिर्भर बनाई रोजगारी सिर्जना गर्ने र सेवा प्रवाहलाई जनमुखी, पारदर्शी र मितव्ययी बनाइनेछ। वर्षौंदेखि अँध्यारोमा हराइरहेको नरैनापुर उज्यालो बनेको छ। ३५ किलोमिटरको दूरीमा रहेको नेपालगन्ज देशकै विकासलाई चुनौती दिइरहेका बेला नजिकैको कान्छो कर्णालीजस्तै थियो। तीन वर्षअघि र अहिलेको नरैनापुर सानो दुखले परिवर्तन भएको होइन। सीमानाको दुख के हो ? राज्यले नरैनापुरलाई सोध्नुपर्छ। हामी राजनीति कम सेवा बढी गर्छौं। जनताका दुखसुखमा हाजिर हुन्छौं। हाम्रो गाउँपालिकाका जनतालाई भोक र रोगबाट टाढा बनाउँदै समृद्ध नरैनापुरको सपना पुरा गर्ने अभियानमा छौं।

*प्रस्तुति : काशीराम शर्मा*

# नरैनापुरमा सामाजिक सद्भाव 'सर्वधर्म समभाव'





शुक्रऋषि चौलागाई

**स्थानीय तहको निर्वाचनपछि नरैनापुरमा गौरवका योजनाहरू धमाधम सञ्चालन भइरहेका छन् । गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा गाउँपालिकाको प्रशासकीय भवन निर्माण, सडक कालोपत्रे, गौशाला निर्माण, विद्यालय भवन निर्माण लगायतका केही गौरवका योजना अघि सारेको छ ।**

**पृष्ठभूमि**

शान्ति, सुरक्षा सबैका लागि चाहिन्छ। शान्ति, सुरक्षा धेरैको चासो र चिन्ताको विषय पनि हो । शान्ति, सुरक्षा कायम गर्नु जटिल काम पनि हो। शान्ति र सुरक्षा अलग विषय हुन्। तथापि धेरै कोणबाट एकापसमा सम्बन्धित पनि छन्। शान्ति, सुरक्षा कायम गर्ने प्रमुख दायित्व राज्यको हो, तथापि उसको मात्र कर्तव्य भने कदापि होइन। सुरक्षा प्रदान गर्ने, सहज वातावरण बनाउने काम प्रत्यक्ष रूपमा राज्यका संयन्त्रसँग सम्बन्धित छ भने शान्ति, सद्भाव आमनागरिकको भावना (प्रत्याभूत)सँग जोडिएको छ। नागरिकको जीउधनको सुरक्षा गर्ने काम राज्यको नै भए पनि हामी नागरिकहरू पनि चुप लागेर बस्न भने मिल्दैन। शान्ति, सुरक्षाबिना कुनै पनि विकास सम्भव छैन । सहज जीवनयापनका लागि पनि शान्ति, सुरक्षाको प्रत्याभूत हुन जरुरी छ।

राज्य संयन्त्रको भूमिकामा नै शान्ति सुरक्षाको प्रत्याभूत पनि जोडिएको हुन्छ। तसर्थ पनि शान्ति तथा सद्भावका लागि राज्य संयन्त्रसँगै हामी सबैको उत्तिकै दायित्व र भूमिका हुनु पर्दछ। बहुधर्म/बहुभाषी बसोबास बाँकेको नरैनापुर संवेदनशील क्षेत्र हो। जाति, समुदाय, धर्मका नाममा उच्छृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउने गतिविधि भएका उदाहरण छन्। ती घटनाले आमसमुदायमा डर, त्रास, आशंका उब्जिरहने स्थिति पैदा गरिदिएको छ। राप्तीपारीको क्षेत्र दुर्गममात्र नभई सडक, यातायात, विद्युत, सञ्चार, शिक्षा र सरकारी सेवा लगायत समग्र सेवा सुविधाको सहज पहुँचबाट वञ्चित छ। त्यसमाथि कहिलेकाहीँ हुने साम्प्रदायीक सद्भाव भड्काउ घटनाले पनि थप आक्रान्त बनाउँछ।

**विवाद**

दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहहरूबीच स्वभाविक रूपमा रहने मत भिन्नता नै सामान्यतया विवाद हो। फरक मत स्वीकार नगर्दा उत्पन्न हुने स्थितिलाई पनि विवाद मान्न सकिन्छ। विवादसँग सम्बन्धित व्यक्ति र पक्षले आ-आफ्ना इच्छा, आवश्यकता, मूल्य र मान्यताहरू एक आपसमा मेल खाँदैनन् भन्ने विश्वास

गर्दछन्। विवादलाई स्वभाविकरूपमा लिइने गरिए पनि यो बढ्दै गएपछि थप जटिलता र विनाश पनि निम्त्याउन सक्छ। विवादका विभिन्न कारणहरू हुन्छन्। विवादका सकरात्मक र नकारात्मक पक्षहरू पनि हुन्छन्।

यस्तै द्वन्द्व पनि नेपालमा अत्यधिक सुनिएको शब्द हो। सामान्य भाषामा आपसी मनमुटाव, विमति र विवादलाई पनि द्वन्द्व मानिएको पाइएको छ। विवादको उग्र रूप नै द्वन्द्व हो। दुई वा दुईभन्दा बढी पक्षबीचको असमझदारी, चर्को असहमतीबाट उत्पन्न झैं-झगडा, असहज परिस्थिति र हिंसालाई द्वन्द्व भनिन्छ। विवाद अकस्मात देखिने हैन। विवादका थुप्रै चरणहरू हुन्छन्। ती चरणहरू बढ्दै जाँदा विवाद र त्यसको स्वरूप पनि बढ्दै जाने हुन्छ। सर्वप्रथम कुनै पनि घटना वा विषयमा समस्याहरू देखापर्छन्। दुई वा बहुव्यक्ति र पक्षबीच आरोप-प्रत्यारोप सुरु हुन्छ। ध्रुवीकरण बढ्दै गएर क्रिया-प्रतिक्रिया चल्छ। त्यसपश्चात् एकले अर्कोलाई थप क्षति पुऱ्याउने प्रयास गर्छ। अन्तमा संगठित रूपमा ध्रुवीकरणको प्रयास हुन्छ।

विवादका कारणहरू पनि अनेकन हुन सक्छन्। तपाईं/हामीले अनुमान गरेभन्दा फरक पनि विवादका कारण हुन सक्छन्। विवाद एक कारणले मात्र नहुन सक्छ। मानिसका फरक फरक आवश्यकता र चाहना पूरा नभएकै कारणले विवाद बढिरहेको हुन्छ। विवादको कारण, विवादमा संलग्न व्यक्ति, समूह, सरोकारवाला र विवादबाट प्रभावित व्यक्तिहरूको पहिचान गर्न, विवादसँग सम्बन्ध राख्ने पक्ष र विभिन्न व्यक्तिहरूको विवादप्रतिको धारणा, बुझाइ र विवादको गतिशीलता थाहा पाउनका लागि गरिने अध्ययनलाई विवादको विश्लेषण भनिन्छ। कुनै पनि नाममा हुने विवाद द्वन्द्वले जात, धर्म हेर्दैन। उसले पुऱ्याउने भनेको क्षति, दुख कष्ट नै हो भन्ने कुरा सबैलाई बुझाउन जरुरी छ। वास्तविक विवाद के हो चुरो कुरो पत्ता नलगाई अफवाहमा विवाद बढाइने वातावरण चिर्न जरुरी छ।

**विगतबाट पाठ**

राप्तीपारि अहिले राप्तीसोनारी गाउँपालिकाको केही भाग र सिङ्गो नरैनापुर गाउँपालिका पर्छ। जहाँ हिन्दू, मुस्लिम र सानो संख्यामा क्रिश्चियन र सिख धर्म मान्ने व्यक्तिहरू बस्ने गर्दछन्। ससाना झगडाले पनि उग्ररूप लिँदा त्यहाँ दङ्गा भएका छन्। यस्तै घटना नरैनापुरमा पनि भएको थियो। ०७३ मंसिर २७ गते मोहम्मद डे का दिन व्यक्तिगत विवाद बढेर झडपमात्र भएन, दुई जनाको अनाहकमा ज्यान गयो भने दर्जनौं घाइते भए। प्रहरीका अनुसार, व्यक्तिगत झगडा दोहोरो (हिन्दू-मुस्लिम समुदायमा) झडपमा परिणत भयो। दुवै पक्षका गरी ५०/६० व्यक्ति घटनास्थलमा थिए। पसल, घर र धार्मिकस्थल तोडफोड गरिए।

दङ्गा फैलिन ठूलो विषय चाहिन्न भन्ने उदाहरण पनि हो। सानो निहुँमा ठूला झडप भएको यो पहिलो घटना भने हैन, यसअघि पनि यस्ता घटना भएका छन्। २०७३ असोज २५ गते दुर्गा पूजा मूर्ति र मोहर्रमको ताजिया विसर्जनमा पनि झडप भयो। त्यसक्रममा एउटा घर भत्काइनुका साथै ६ जना घाइते भएका थिए। बाँकेमा ३४ प्रतिशत मधेसी, १९ प्रतिशत थारू, २० प्रतिशत मुस्लिम र २७ प्रतिशत पहाडी समुदायको बसोबास छ। राजनीतिक स्वार्थले मुस्लिम, हिन्दू, मधेसी र थारूलाई लडाउने गरिएको अगुवाहरूको बुझाइ छ। धार्मिक अतिवादीले जबरजस्ती दुई समुदायलाई आमने-सामने गराइरहेको छ।

सामान्य विवादलाई साम्प्रदायिक रंग दिने व्यक्तिलाई कारबाही हुन नसक्दा पनि यस्ता घटना दोहोरिएको पाइएको छ। कारबाही अघि नबढाउँदै घटनामाथि घटना दोहोरिनु सम्भावित द्वन्द्व यथावत भइरहनु हो। अपराधलाई जातीय वा धार्मिक आवरण दिनु जघन्य अपराध हुने सुरक्षा अधिकारी बताउँछन्। व्यक्तिगत रिस साँध्न पनि घटनालाई अतिरञ्जित बनाइन्छ। तथापि पछिल्लो चरण जनप्रतिनिधि आइसकेपछि भने त्यस्ता घटनामा कमी आएको छ। विगतका घटनाले ठूलो क्षति पुऱ्याएर पनि होला, धेरैलाई संवेदनशील र सचेत पनि बनाएको छ। जनप्रतिनिधि, आमनागरिक थप सचेत र जिम्मेवार बनेको नरैनापुरमा देख्न सकिन्छ। धर्म र समुदायका नाममा हुने र हुन सक्ने उच्छृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउविरुद्ध एकजुट हुनु अहिलेको आवश्यकता र मागलाई जनप्रतिनिधि र स्थानीयले शिरोधार्य गरेको पाइन्छ।

**नरैनापुरमा सद्भाव**

सद्भाव शान्ति, सुरक्षा र आमनागरिकको भावनासँग जोडिएको सवाल हो। नरैनापुर गाउँपालिका संवेदनशील क्षेत्र हो। हिन्दू, मुस्लिमको बसोवास रहेको सो क्षेत्रमा विभिन्न खाले हिंसात्मक झडप भइसकेका हुनाले पनि यहाँ सद्भावको झनै खाँचो छ। पछिल्लो समय जनप्रतिनिधि आइसकेपछि नरैनापुरमा शान्ति सुरक्षामा मजबुतीसँगै सद्भाव पनि सुदृढ भएको छ। आमनागरिकलाई सामाजिक सद्भाव लगायतका विषयमा शिक्षा दिइनुपर्छ। ताकी उनीहरू यस्ता विषयमा थप सचेत र जिम्मेवार बनुन्। सामाजिक सद्भाव शिक्षाले व्यक्तिलाई सामाजिक मात्र बनाउँदैन, शान्त र संयम पनि बनाउने गर्दछ। सद्भाव शिक्षाले एकले अर्काको विचार, आस्था र धर्मलाई सम्मान गर्न सिकाउँछ, सिकाउनेछ। कुनै पनि धर्मले मानव अहित चाहँदैन। धर्म फरक भए पनि मानव सेवा नै धर्म हो भन्ने सन्देश सबै धर्ममा छ। त्यसैले विद्यार्थी एवम् युवालाई एकअर्काको धर्मबारे बुझ्ने, बुझाउने, एकापसमा घुलमिल हुने वातावरण सिर्जना गरिनुपर्छ। यसले एक धर्मको अर्का धर्मप्रतिको सम्मान र आदर पनि देखाउँछ। उनीहरूबीच समधर्म, समभावको सन्देश दिन जरुरी छ। सकारात्मक सोंचको विकास हुने खालका कार्यक्रम र अभियान पनि विद्यालयमा सञ्चालन गर्न सक्नुपर्दछ। विद्यार्थीका संघसंगठन, युवा क्लव, युवाका विभन्न संघसंगठनमा आबद्धहरूलाई सामाजिक सद्भावमा लाग्ने प्रेरणा हौसला दिनुपर्दछ। शान्ति तथा सामाजिक सद्भाव कायमका लागि युवाहरूलाई नै अग्रसर गराइनुपर्छ। युवा लक्षित सद्भाव कार्यक्रम नै आगामी दिनका लागि प्रभावकारी ठहरिनेछ।

प्रहरीले पनि जनतासँग सुमधुर सम्बन्ध राख्ने, सूचना आदान-प्रदान गर्ने, जनतासँग समन्वय र सहकार्य गर्ने संस्कार बसाल्न जरूरी छ। धर्म र समुदायका नाममा हुने र हुन सक्ने उच्छृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउविरुद्ध धर्मगुरु एकजुट हुनु पनि यस क्षेत्रको लागि सुखद् पक्ष हो। धर्मगुरुबीचको एकता र सहकार्यले हरेक धर्म, वर्ग र समुदायबीचमा आपसी मेलमिलाप, सद्भाव, एकता र प्रेम प्रस्फुटन भइरहेको छ। त्यही मानिस धार्मिक हो, 'जसले अर्काका लागि त्याग गर्न सक्छ,' गौतम बुद्धले भनेझैं त्यहीँ असल काम हो, जसले धेरैलाई शान्ति र फाइदा हुन्छ।' नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाह सामाजिक सद्भाव कायमलाई अत्यन्तै प्राथमिकतामा राखिएको बताउनुहुन्छ। आफूले स-साना विवादलाई पनि बेलैमा सम्बोधन गर्ने वातावरण बनाएर सद्भाव सुदृढ बनाउन लागिपरेको उहाँको दाबी छ।



# हुलाकी सडकले सम्भावनातिर 'बघौडा'



गोविन्द शर्मा

नेपालगन्जदेखि मात्र ४४ किलोमिटर सडकलाई पार गर्न पूरै दिन खर्च गर्नुपर्ने बाध्यता टरेको छ । हरेक गाउँमा एम्बुलेन्स, चार पाङ्ग्रे र तीन पाङ्ग्रेको सरल आवागमनले विस्तारै राप्तीपारिको आर्थिक सम्भावनालाई बृद्धि गर्दै लगेको छ। तीन वर्ष अघिसम्म नेपालगन्जसम्म आउजाउ गर्न राप्तीपारिका नागरिकलाई भारतको बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो। सडक असुविधाका कारण अकालमा ज्यान गुमाउनु, एम्बुलेन्स र दमकल पुग्न नसक्नुको त्यो पीडा सडक पुगेसँगै स्थानीयबासी बिर्सिएका छन् । सडक निर्माणको ६० प्रतिशतभन्दा बढी कार्य सम्पन्न भइसकेको अवस्थापछि राप्तीपारिका बासिन्दा त्यस सडकबाट कसरी लाभ लिने सकिन्छ भन्ने ध्याउन्नमा छन् ।

सडक विस्तार भएसँगै नरैनापुर क्षेत्रका स्थानीय बजारहरूमा सेवाग्राहीको चाप र आवागमन बढ्न थालेको छ। विभिन्न डिलरहरू, व्यवसायिक प्रतिष्ठान, पसलहरू स्थापित हुने क्रम बढेको छ । आर्थिक प्रगतिको प्रतिक्षामा रहेको यो क्षेत्र निकै चाँडै फड्को मार्ने तयारीमा छ। व्यापार व्यवसाय र कारोबारका हिसाबले विभिन्न सम्भावनाहरूको खोजी भइरहेको छ। यो क्षेत्र काँचो माटोजस्तै छ, जतिसक्यो यहाँबाट लाभ लिन सकिन्छ। नेपालगन्जको पुष्पलाल चोकदेखि सुइँया बघौडासम्म सडक निर्माण भएपछि स्थानीयहरूका दुख घटेका छन् । सडक नहुँदा नै सबै समस्या थियो, अहिले ती समस्याहरू समाधानतिर अग्रसर छन् ।

वर्षौंदेखि प्रतीक्षारत नेपालगन्ज-बघौडा हुलाकी सडक निर्माण सकिएपछि कारोबारको सम्भावना हेर्दै त्यस क्षेत्रका युवाहरू व्यवसायतर्फ सक्रिय हुन थालेका हुन् । २०४८ देखि निर्माण हुने भनिएको सडक सन् २०११ मा सम्झौता भएर निर्माण कार्य अघि बढेको थियो । गाउँलाई नेपालगन्जसम्म जोड्न नेपालगन्ज-बघौडा हुलाकी सडकलाई राप्तीपारिको मेरुदण्डकै रूपमा मानिएको छ। स्थानीयहरू व्यवसाय र रोजगारको सम्भावनातर्फ आकर्षित देखिएका छन् । कारोबार र रोजगारको सम्भावना बढेका छन् । हुलाकी सडक छेउमा जग्गा किन्नेहरूको बढ्दैछन् । भविष्यमा व्यवसायिक दृष्टिकोणले त्यस क्षेत्रमा ईँटा उद्योग, पेट्रोल पम्प, डिलर, पसल दर्ता गर्नेको संख्या पनि बढिरहेको छ। राप्तीपारि क्षेत्रमै दूध डेरी सञ्चालनमा आइसकेका छन् ।

विभिन्न कृषि फर्महरू दर्ता हुने क्रममा रहेको र अन्य औद्योगिक प्रतिष्ठानहरू सञ्चालनको तयारीमा रहेको नरैनापुर गाउँपालिका अध्यक्ष इश्तियाक अहमद शाहले बताउनुभयो । युवाहरू अब विदेशिनुपर्ने अवस्था समाप्त हुँदैछ । सडक विस्तार भएपछि यो क्षेत्रमा छिट्टै नै फड्को मार्न सक्ने सम्भावनाहरू छन् । बहुप्रतीक्षित नेपालगन्ज-बघौडा सडक निर्माण चर्चा सुरु भएको करिब २३ वर्षपछि सडक निर्माण सुरु भएको थियो। पटकपटकको अवरोध र अनिश्चितताका बीच बाँकेकै दुर्गम राप्तीपारि बघौडा क्षेत्रमा अवस्थित राप्तीसोनारी र नरैनापुर गाउँपालिकालाई सदरमुकाम नेपालगन्जसँग जोड्ने ४४ किलोमिटर सडक निर्माण सम्पन्न भएपछि आवागमनमा सहज भएको छ। राप्ती नदीको बगरबाहेक नेपालगन्ज बसपार्कदेखि नरैनापुरको भारतसँग सीमाक्षेत्र कटकुईंयाको सुइँयासम्म नै कालोपत्रे भइसकेको छ ।

नरैनापुर तथा राप्तीसोनारी गाउँपालिकालाई जिल्ला सदरमुकाम नेपालगन्जसँग जोड्ने सडक निर्माण भएसँगै त्यस क्षेत्रका करिब एक लाख बासिन्दाले वर्षौंदेखि खेप्दै आएको हिलो र धुलोको सास्ती अन्त्य भएको गाउँपालिका अध्यक्ष शाहले बताउनुभयो। सडक निर्माण भएसँगै बघौडामा सडक पुऱ्याउने सपना पनि पूरा भएको बताउँदै अध्यक्ष शाहले भन्नुभयो, 'पटक पटकको अवरोध र कठिनाइबीच सडक निर्माण सकियो । यो सडकले बघौडाबासीलाई सदरमुकामसँग जोडेको छ।' तराईबासी जनताको लाइफ लाइन मानिएको हुलाकी सडक कालोपत्रे भएसँगै नरैनापुर गाउँपालिका गत वर्ष साउनमा सदरमुकाम नेपालगन्जसँग सडक यातायातले जोडिएपछि सार्वजनिक



यातायातका साधन सहज तथा नियमितरूपमा सञ्चालन भइरहेका छन् ।

सडक निर्माणले भारतसँगको परनिर्भरता हटाएको स्थानीयहरू बताउँछन् । नरैनापुर गाउँपालिका गंगापुरका अगुवा युवा सोहनलाल यादव हुलाकी सडकको निर्माण भएपछि स्थानीयबासीको जीवनशैलीमा समेत परिवर्तन आएको बताउँनुहुन्छ। 'लामो समयसम्म सडक कहिले पुग्ला भनेर पर्खिरहेका थियौं,' यादव भन्नुहुन्छ, 'अहिले सडक पुगेपछि गाउँमा परिवर्तन समेत आएको छ।' यादवका अनुसार अब भारतीय बाटो भएर नेपालगन्ज पुनुपर्ने बाध्यता अन्त्य भएको छ र नेपालगन्जसँग निकटता बढाएको छ। यसअघि जीर्ण सडकका कारण सवारी साधन भारतीय बाटो भएर नरैनापुर पुग्नुपर्ने बाध्यता थियो। यस सडकमा नरैनापुरसँगै नेपालगन्ज उपमहानगरपालिका, डुडुवा, कम्दी र राप्तीसोनारी गाउँपालिकाका केही वडासमेत जोडिएका छन्।

हुलाक सडक निर्माण नहुँदासम्म नरैनापुर कुनै काम विशेषले पुग्नका लागि एक दिनको समय खर्च हुने गरेकोमा हिजोआज केही घण्टामै नरैनापुर पुगेर नेपालगन्ज सहजै फर्कन सकिन्छ। विगतमा जिल्ला प्रशासन, मालपोत लगायतका कार्यालयमा काम विशेषले आउँदा काम नसकेमा होटलमा बास बस्नुपर्ने अवस्थाको पनि अन्त्य भएको स्थानीयको भनाई छ। पछिल्लो समय नरैनापुरमा कालोपत्रे सडकसँगै विद्युतीकरण पनि पुगेको छ। यसबाट राज्यले चाहेमा विकास छिट्टै पुग्न सक्दोरहेछ

**गाउँलाई नेपालगन्जसम्म जोड्न नेपालगन्ज-बघौडा हुलाकी सडकलाई राप्तीपारिको मेरुदण्डकै रूपमा मानिएको छ। स्थानीयहरू व्यवसाय र रोजगारको सम्भावनातर्फ आकर्षित देखिएका छन्। कारोबार र रोजगारको सम्भावना बढेका छन्। हुलाकी सडक छेउमा जग्गा किन्नेहरूको बढ्दैछन्।**

भन्ने बिश्वास आम नागरिकलाई गराएको छ। नरैनापुरमा सार्वजनिक यातायात चल्न थालेपछि सदरमुकाम नेपालगन्जसँग नरैनपुरबासीको सम्बन्ध पनि बाक्लिएको छ। राप्तीपारिका गाउँमा सडक र विद्युतीकरण हरेक निर्वाचनमा उम्मेदवारहरूले उठाउने प्रमुख मुद्दा थिए। ती दुवै मुद्दा करिब पूरा भए पनि मानवीय विकासमा राजनीतिक दल र सरकारको ध्यान पुग्ने अपेक्षा नरैनापुरवासीको रहेको छ।

नेपाल सरकार आफैंले निर्माणको जिम्मा लिएपछि तराई मधेसका जिल्लाको लाइफ लाइनको रूपमा मानिएको हुलाकी सडकको निर्माणले गति लिएको हो। हुलाकी सडक २२/२२ किलोमिटर गरी दुई चरणमा निर्माण सम्पन्न भएको हो। पप्पु लुम्बिनी जेभीले २०७३ माघ २० देखि सुरु गरेको सडक निर्माण कार्य सुरु गरेको हो हुलाकी सडकमा पप्पु लुम्बिनी जेभीको ठेक्का भए पनि गणपति निर्माण सेवाले गरेको हो। सडक खण्डभित्र ७० वटा कल्भर्ट निर्माण गरिएको छ। ६६ करोड ५ लाख रूपयाँको लागतमा सडक निर्माण कार्य भएको हो। जसमध्ये पहिलो खण्डका लागि ३४ करोड ६६ लाख र दोश्रो खण्डका लागि ३१ करोड ३९ लाख बजेट समावेश भएको आयोजना कार्यालयले जनाएको छ।

आर्थिक वर्ष २०६७/०६८ देखि हुलाकी सडक निर्माण सुरु भए पनि भारतीय कम्पनीले निर्माणमा बेवास्ता गरेपछि तीन वर्षअघिदेखि नेपाल सरकार आफैंले हुलाकी सडकको निर्माण सुरु गरेपछि कामले गति लियो। निर्माण कम्पनीले दुई वर्षसम्म मर्मसम्भार कार्य गर्नुपर्ने समयसीमा तोकिएको हुलाकी सडक आयोजना कार्यालय नेपालगन्जका इन्जिनियर रामसागर हरिजनले जानकारी दिनुभयो। उहाँका अनुसार सिधनिया घाटलगायतका केही स्थानमा मर्मतसम्भार कार्य चलिरहेको छ। हुलाकी सडकसँगै स्थानीय सरकारले गाउँभित्रका सडक निर्माणमा समेत प्राथमिकता दिएको जनाएको छ। गाउँपालिकाका अध्यक्ष शाहले सडक पूर्वाधार विकासलाई गाउँपालिकाले प्रमुख प्राथमिकता दिएको बताउनुभयो। 'विकासमा सधैं पछाडि परेका कारण सङ्घ र प्रदेश सरकारबाट प्रमुखरूपमा प्राथमिकता पाउनुपर्छ भन्ने हाम्रो हो,' अध्यक्ष शाह भन्नुहुन्छ। गाउँपालिकाले आन्तरिकरूपमा समेत पूर्वाधार विकासलाई जोड दिएको छ।



विश्वराज पछल्डङ्ग्या

# शिक्षामा फड्को मार्दै ‘नरैनापुर’

शिक्षा, स्वास्थ्य, सडक, बत्ती, सिँचाइ र सचेतनामा कमी भएकै कारण नरैनापुरलाई बाँकेको कर्णाली भनिन्थ्यो। विद्यालय भए पनि गुणस्तरिय शिक्षा नहुँदा अधिकांश बालबालिका अध्ययनका लागि सीमावर्ती भारतीय विद्यालयमा आश्रित थिए। नरैनापुरका माध्यमिक विद्यालयबाट एसएलसी (एसईई) उत्तीर्ण गरेलगत्तै त्यहाँका विद्यार्थीलाई जिल्ला सदरमुकाम नेपालगन्ज वा भारतीय कलेज धाउनुपर्ने बाध्यता थियो। नेपाली भएको आभाष गराउने सरकारी कार्यालय नहुँदा त्यहाँ नेपाली रूपैयाँसमेत प्रचलनमा थिएन। सरकारी उपस्थिति न्यून रहेको नरैनापुरमा शिक्षाको दियो बाल्ने चुनौती जनप्रतिनिधिमा आइलाग्यो। शिक्षा बिना विकास असम्भव छ भन्ने बुझेका नरैनापुर गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र अन्य जनप्रतिनिधिले शिक्षामा विशेष जोड दिए। त्यसको फलस्वरूप १० कक्षासम्म पढाइ हुने नरैनापुर गाउँपालिकाको विद्यालयमा शैक्षिक शत्र २०७६-०७७ देखि कक्षा ११ को पढाइ सुरु भएको छ।

**जनप्रतिनिधि आएपछि गाउँपालिकाको सहयोगमा जयकिसान माविले कक्षा ९ देखि विज्ञान कक्षा पनि सञ्चालनमा ल्याएको छ। ४८ जनाको कोटामा ३३ जना भर्ना भएका छन्। भर्ना हुने क्रम अझैं जारी रहेकोले विद्यार्थी संख्या बढ्ने अनुमान विद्यालयले गरेको छ।**

नरैनापुर गाउँपालिका-६, गंगापुरको भोजपुरस्थित जयकिसान माध्यमिक विद्यालयले शैक्षिक शत्र २०७६-७७ मा कक्षा ११ को पढाइ सुरु गरेपछि यहाँ शिक्षाको दीप बल्न थालेको अभिभावक बताउँछन्। पहिलो वर्ष कक्षा ११ मा ४५ जना विद्यार्थी भर्ना भए। ती मध्ये ४२ जना कक्षामा पुगिसकेको विद्यालयका प्रधानाध्यापक लक्ष्मण तिवारीले बताउनुभयो। उहाँले छात्रको तुलनामा छात्राको संख्या थोरै भए पनि तुलनात्मक रूपमा सन्तोषजनक रहेको बताउनुभयो। ‘जनप्रतिनिधि आउनुभन्दा पहिले ११-१२ कक्षा पढ्न नेपालगन्ज वा सीमावर्ती भारतीय विद्यालयमा जानुपर्ने बाध्यता थियो। छोरीलाई

घरभन्दा बाहिर पठाउने संस्कार नभएकोले अधिकांश छात्राले एसईई उत्तीर्ण गरेपछि पढाई छोड्नुपर्ने हुन्थ्यो,' उहाँले भन्नुभयो, 'घर नजिकैको विद्यालयमा पढ्न पाउने भएपछि अभिभावकले आफ्ना छोरीलाई ११ मा भर्ना गराएका छन् ।'

जनप्रतिनिधि आएपछि गाउँपालिकाको सहयोगमा जयकिसान माविले कक्षा ९ देखि विज्ञान कक्षा पनि सञ्चालनमा ल्याएको छ। ४८ जनाको कोटामा ३३ जना भर्ना भएका छन्। भर्ना हुने क्रम अझैँ जारी रहेकोले विद्यार्थी संख्या बढ्ने अनुमान विद्यालयले गरेको छ। कृषि क्षेत्रको सुधारका लागि कक्षा ९ देखि बाली विज्ञानको कक्षा सञ्चालनमा ल्याइएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बृजेन्द्रकुमार यादवले बताउनुभयो। 'बाली विज्ञान अध्ययनतर्फ विद्यार्थीको रुचि देखिन्छ,' उहाँले भन्नुभयो। कक्षा ११ मा पनि विद्यार्थी संख्या सोँचेभन्दा धेरै भएको अध्यक्ष यादवले बताउनुभयो। उक्त विद्यालयमा शिक्षा विषय पढाइ हुने गरेको छ। अध्ययनका लागि ४७ जनाले प्रवेश परीक्षा दिएका थिए। तीमध्ये ४३ जना भर्ना भई ४० जना वार्षिक परीक्षामा सहभागी भए। 'कामका लागि बाहिर गएका र कोरोनाका कारण बाहिरबाट आउन नसकेका बाहेक अधिकांश विद्यार्थी काक्षा ११ को परीक्षामा सहभागी भए,' प्रधानाध्यापक तिवारीले भन्नुभयो।

जय किसान माविको तल्लो कक्षामा पनि विद्यार्थी संख्या बढ्दै गएको छ। शैक्षिक शत्र २०७६-०७७ मा ४१६ छात्र र २९९ छात्रा भर्ना भए भने २०७७-७८ मा ८१७ जना अध्ययनरत रहेको प्रधानाध्यापक तिवारीले जानकारी दिनुभयो। उहाँले ड्रपआउट हुने विद्यार्थीको संख्यामा समेत कमी आएको बताउनुभयो। पछिल्लो समय ३-५ प्रतिशत विद्यार्थी ड्रपआउट हुने गरेको तथ्याङ्क विद्यालयले दिएको छ। छात्राको संख्या बढेको छ नै ड्रपआउट पनि एकदमै घटेको छ,' तिवारीले भन्नुभयो। गाउँपालिकाले निजी विद्यालयभन्दा सामुदायिक विद्यालयको शिक्षामा जोड दिए पछि अभिभावकले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पठाउन थालेको नागरिक समाज, गंगापुरका अगुवा सोहनलाल यादवले बताउनुभयो। उहाँले भारतीय विद्यालयमा पढ्न जाने विद्यार्थीको संख्यामा समेत कमी आएको स्पष्ट पार्नुभयो। 'गाउँपालिकाले शिक्षामा लगानी गरेपछि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार भएको छ। आफ्ना छोराछोरीलाई विद्यालय पठाउनुपर्छ भन्ने चेतनाको विकास अभिभावकमा जागेको छ,' उहाँले भन्नुभयो। गाउँपालिकामा तीन मावि, एक आधारभूत र १७ प्राथमिक विद्यालय छन्।

त्यसैगरि, कक्षा पाँचसम्म पढाइ हुने एक सहित कक्षा तीनसम्म पढाइ हुने २५ मदरसा गरी २६ मदरसा नरैनापुरमा रहेको शिक्षा शाखा प्रमुख कृष्णकुमार चौधरीले बताउनुभयो। महेन्द्र माध्यमिक विद्यालय, मटेहियामा पनि विद्यार्थीको संख्या बढ्दो छ। विद्यालयमा शैक्षिक गुणस्तर बढेपछि अध्ययनका लागि सीमापारीका विद्यालयमा जाने विद्यार्थीको संख्या ह्वात्तै घटेको प्रधानाध्यापक सन्तोषकुमार तिवारीले बताउनुभयो। 'गाउँपालिकामा जनप्रतिनिधि आएपछि शैक्षिक सुधारका लागि बजेट विनियोजन भयो। शैक्षिक सुधारका लागि जनप्रतिनिधिले चासो राखेपछि विद्यार्थीको संख्या बढ्दै गएको छ नै शैक्षिक गुणस्तरमा समेत सुधार आएको छ,' उहाँले भन्नुभयो। छात्रालाई विद्यालयमा टिकाइ राख्न गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई साइकल वितरण समेत गरेको छ। छोरीलाई विद्यालय नपठाउने परम्पराको अन्त्य गर्न र भर्ना भएका छात्रालाई विद्यालयमा टिकाइ राख्न विभिन्न थरिका सहयोग प्रदान गर्दै आएका छौँ,' गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रबहादुर शाहीले भन्नुभयो।

उहाँले बालबालिकालाई विद्यालयमा टिकाउने चुनौती अझैँ भए पनि जनप्रतिनिधिको सहयोगमा ड्रपआउट हुने क्रम रोकिएको छ,' उहाँले भन्नुभयो। उहाँले शैक्षिक सुधारबिना विकास सम्भव नभएकोले गाउँपालिकाले अन्य क्षेत्र भन्दा शैक्षिक क्षेत्रको विकासमा विशेष जोड दिएको बताउनुभयो। 'गाउँपालिकाले पहिलो प्राथमिकतामा शिक्षालाई राखेको छ,' उहाँले भन्नुभयो। गाउँपालिका अध्यक्ष इश्तियाक अहमद शाहले अशिक्षाका कारण नरैनापुरमा विकास हुन नसकेको बताउनुभयो। उहाँले राम्रो शिक्षकलाई प्रोत्साहन र काम नगर्ने शिक्षकलाई नसिहतको व्यवस्था गरिएको बताउनुभयो। 'विद्यालयमा नियमित आउने र शैक्षिक सुधार गर्ने शिक्षकलाई पुरस्कार र जेहेन्दार विद्यार्थीको शिक्षामा टेवा पुऱ्याउन छात्रवृत्ति प्रदान गर्ने नीति गाउँपालिकाले अघि सारेको छ,' अध्यक्ष शाहले भन्नुभयो।

शैक्षिक सुधारका लागि गाउँपालिकाले बजेट विनियोजन गरी विभिन्न थरिका कार्यक्रम सञ्चालनमा ल्याएको उहाँको भनाइ छ। उहाँले अध्ययनका लागि विद्यालय जान नसक्ने बालबालिकालाई मदरसा शिक्षा दिँदै आएको बताउनुभयो। विद्यालय जाने विद्यार्थीलाई विद्यालय शिक्षा र नजाने बालबालिकालाई मदरसा शिक्षा दिने नीति अघि सारेको उहाँले बताउनुभयो। 'जसरी भए पनि बालबालिकालाई शिक्षा दिने र नरैनापुरलाई छिट्टै साक्षर गाउँपालिका घोषणा गर्ने योजना छ,' उहाँले भन्नुभयो।

शिक्षक व्यवस्थापनका लागि गाउँपालिकाले सहयोग गर्दै आएको बताउँदै उहाँले कक्षा ११ सञ्चालनका लागि वडा कार्यालयले समेत आर्थिक सहयोग गरेको बताउनुभयो। वडा नम्बर २ का वडा अध्यक्ष मसुद अहमद शाहले एक लाख ५० हजार एक सय, वडा नम्बर ४ का वडाध्यक्ष दिनेशप्रसाद शर्माले ५१ हजार र वडा नम्बर १ का सदस्य जलालु खाँले २५ हजार रूपैयाँ दिएका छन्।

'जनप्रतिनिधि, सर्वसाधारण जागरुक भएपछि वडा कार्यालय, विभिन्न संघसंस्था, नरैनापुरमा सञ्चालित २१ वटा विद्यालय र सर्वसाधारणले आर्थिक सहयोग गरेका छन्,' अध्यक्ष शाहले भन्नुभयो। गाउँपालिकाले शिक्षामा जोड दिएपछि बालबालिकाले गुणस्तरीय शिक्षा पाउन थालेको मटेहियाका स्थानीय रामप्रसाद यादवले बताउनुभयो। उहाँले पहिलेको तुलनामा शैक्षिक सुधार भएको बताउँदै भारतीय विद्यालयमा जाने बालबालिकाको संख्यामा समेत कमी आएको बताउनुभयो। 'पहिले पनि विद्यालय नभएका होइनन्। तर, त्यतिबेला शिक्षकहरू हाजिरी लगाउनमात्र विद्यालयमा आउँथे। यहाँका विद्यालयले गुणस्तरीय शिक्षा नपाउँदा अधिकांश विद्यार्थी भारतीय विद्यालयमा अध्ययनका लागि जाने गर्थे,' उहाँले भन्नुभयो। उहाँले पछिल्लो समय छोरीहरू पनि विद्यालय जाने क्रम बढेको बताउनुभयो। गाउँपालिकाले छोरीलाई शिक्षा दिने विशेष योजना बनाएपछि अभिभावकले आफ्ना छोरीलाई पनि विद्यालय पठाउन थालेको उहाँको भनाइ छ। 'अब त छोरासरह छोरीलाई पनि विद्यालय पठाउने क्रम बढेको छ,' उहाँले भन्नुभयो।



# नरैनापुरको समृद्धि

# 'विद्युतीकरणसँगै सडक सञ्जाल'



कमल न्यौपाने

**दशकौदेखिको अलपत्र रहेको योजनाले पूर्णता पाउँदै नरैनापुरका जनताले गुणस्तरीय स्वास्थ्य सेवा तथा आइसोलेशन अस्पताल आफ्नै घर दैलोमा पाएका छन् ।**

गाडी गुड्न थालेका छन्। बिजुलीका खम्बामा तार टाँगिएको छ। स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकले सेवा दिन थालेका छन्। समयान्तरसँगै बाँकेको नरैनापुरको मुहार फेरिँदै छ। नेपालगन्जबाट ४४ किलोमिटर पूर्वमा रहेको यस गाउँलाई जिल्लाको 'कर्णाली' भनिन्थ्यो।

कुल १७२ दशमलव ३४ किलोमीटर क्षेत्रफलमा फैलिएको बाँकेको नरैनापुर गाउँपालिका यतिबेला समृद्धिको बोटोमा तीब्र लम्किरहेको छ। उत्तरमा राप्तीसोनारी गाउँपालिका दक्षिणतर्फ भारतको सिमाना, पश्चिमतर्फ डुडुवा गाउँपालिका र पूर्वतर्फ भारतको सिमानामा जोडिएको नरैनापुर यसअघि सुगम बाँकेको दुर्गम पालिकाका रूपमा चिनिन्थ्यो। तर, यतिबेला यहाँका जनप्रतिनिधि र स्थानीयको पहल सक्रियता र सहयोगमा उक्त गाउँपालिका सुगम पालिकाको दर्जामा दरिएको छ।

दशकौदेखिको अलपत्र रहेको योजनाले पूर्णता पाउँदै नरैनापुरका जनताले गुणस्तरीय स्वास्थ्य सेवा तथा आइसोलेशन अस्पताल आफ्नै घर दैलोमा पाएका छन्। नरैनापुरले यतिबेला विकासको फड्को मार्दै समृद्धिको बोटामा आफूलाई लम्काउँदैछ। बाँकेको नरैनापुर क्षेत्र विकासका हिसाबले पिछडिएको हो। विगतमा सरकारी कर्मचारीले महत्व नदिएको उक्त क्षेत्र जनप्रतिनिधि आएसँगै मुहार फेर्न थालेको छ। सधैं दुर्गम र विकटको संज्ञा पाइरहने बाँकेको नरैनापुर क्षेत्र सडक सञ्जालले घेरिएको छ। सडक सञ्जालले घेरिएसँगै राप्तीपारि सुगम साबित हुनेछ। विद्युत र सडक सुविधा पुगेको छ। अस्पताल बनेको छ। चिकित्सक बस्न थालेका छन्। सरकारी कार्यालयले गाउँमै सेवा दिइरहेका छन्। टेलिफोन र नेटवर्क पनि

गतिलै छ। नरैनापुर फेरिएको छ। बघौडा क्षेत्र फेरिएको छ।

दोस्रो संविधान सभाको निर्वाचन भएको करिब तीन वर्षमै नरैनापुरको मुहार फेरिएको छ। अहिले नयाँ सडक निर्माण तथा पुराना सडकको स्तरोन्नति भैरहेको छ। राप्तीपारिको नरैनापुरलगायतका क्षेत्रमा २६ वर्षदेखि हुन नसकेको विद्युतीकरण योजनाले भर्खरै पूर्णता पाएको छ। राप्तीपारिलाई सुगम क्षेत्रका रूपमा विकास गर्न र राज्यको मूल प्रवाहमा ल्याउन कटिबद्ध सांसद कृष्णा केसी 'नमुना'को सक्रियतामा यहाँका सडकहरू विकासको मुख्य प्राथमिकतामा परेका छन्। अहिले मुख्य सडक निर्माण प्रक्रियाको काम भैसकेको छ। मुख्य प्राथमकिताका सडक निर्माणसँगै गाउँपालिका सडक सञ्जालमा सहजै जोडिने छ। मुख्य सडक निर्माणका लागि प्रदेश सरकार र संसद विकास कोषको गरी करिब डेढ अर्ब बजेट लगानी भइरहेको छ।

अहिले नरैनापुरदेखि अगैयास्थित महेन्द्र राजमार्ग जोडने (२८ किलोमिटर) मुख्य सडकको निर्माण भैरहेको छ। अगैयादेखि बैजापुर बिनौना हुँदै नेपालगन्ज जोड्ने (२३ किलोमिटर) सडकको निर्माणका लागि इआइए प्रक्रियाअघि बढेको छ। यसैगरी राप्तीसोनारी जिरोबाट मधुवा हुँदै टिकुलीपुर भएर राजपुरसँगै डुडुवाको कम्दी जोडने (२८ किलोमिटर) सडक र अगैयाबाट राप्तीपारि दाङ चनौटी जोड्ने (८० किलोमिटर) सडक मुख्य प्राथमिकताका साथ निर्माण प्रक्रियामा अघि बढेको प्रदेश सांसद कृष्ण केसी 'नमुना' बताउनुहुन्छ। बर्सेनि डुवानको समस्याबाट केही राहत पुऱ्याउने लक्ष्य अनुसार राप्तीनदीमा दुवैतिर तटबन्ध निर्माण गरिएको र नेपालगन्जबाट सिधैँ नरैनापुरमा बिजुली बालिएको उदाहरणीय कामसँगै यस क्षेत्रलाई सडक सञ्जालमा जोड्ने अभियानलाई प्रमुखताका साथ हेरिएको छ।

प्रेमबहादुर भण्डारी लगायतका तत्कालीन नेताहरूको सक्रियतामा २६ वर्षअघिको विद्युतीकरण योजना अलपत्र परिरहेको अवस्था छ। यस क्षेत्रमा विद्युतीकरणका लागि गाडिएका पोल अहिले पनि बेवारिसे छन्। तर, नेपालगन्जबाट सिधैँ नरैनापुरमा विद्युतीकरण गरिएको नरैनापुर गाउँपालिका अध्यक्ष मोहम्द ईश्तियाक अहमद शाह बताउनुहुन्छ। नरैनापुर-५ मा जन्मिएका वरिष्ठ

**अहिले नरैनापुरदेखि अगैयास्थित महेन्द्र राजमार्ग जोडने (२८ किलोमिटर) मुख्य सडकको निर्माण भैरहेको छ। अगैयादेखि बैजापुर विनौना हुँदै नेपालगन्ज जोड्ने (२३ किलोमिटर) सडकको निर्माणका लागि इआइए प्रक्रियाअघि बढेको छ।**

अधिवक्ता इन्द्रजित तिवारी ७२ वर्षका भए। यसै क्षेत्रमा तीन पुस्ताको अनुभव सँगालेका उनले नरैनापुरको मुहारमा अहिले बल्ल उज्यालो देखिन थालेको सुनाए। उनका अनुसार पञ्चायतकालमा यहाँको विकासमा राज्यको ध्यान तान्न राजा वीरेन्द्रलाई भ्रमणको निम्तो दिइएको थियो। 'त्यसबेला राजाले यहाँका लागि ५ लाख रूपैयाँ छुट्याइदिएका थिए,' उनले भने, 'त्यो रकम कहाँ खर्च भयो, अहिलेसम्म पत्तो छैन।'

पूर्वमन्त्री प्रेमबहादुर भण्डारीले गाड्न लगाएका विद्युतका पोल झन्डै तीन दशकसम्म बेवारिसे बने। टुकी बाल्नुपर्ने बाध्यतालाई नरैनापुरवासीले आफ्नै बलबुतामा सोलार प्यानल जडान गरी हटाए। 'अहिले पोलमै सही, बत्ती आएको छ,' उहाँले भन्नुभयो, 'पोलमै बत्ती बल्नु पनि यहाँका लागि ठूलो उपलब्धि हो।' ६० वर्षीय मुन्सीप्रसाद यादवले बिजुली नहुँदाको सास्ती सुनाउनुभयो। घरमा सोलारबाट बत्ती बाल्थे। टीभी हेर्नुपरे ब्याट्री चार्ज गर्न भारत पुग्थे। घरमा बिजुली नभएका कारण सबै कोठामा पंखा चल्दैनथ्यो। पसिना काढ्दै सुत्नुको विकल्प थिएन। 'अब खेतीका लागि बोरिङ गर्न सजिलो हुने भयो,' उहाँले भन्नुभयो, 'खेती किसानी गर्ने सबैलाई फाइदा हुने भयो।'

विद्युतीकरण भइसकेको यस क्षेत्रमा सडक सञ्जाल निर्माणको अभियानले यहाँका स्थानीय नागरिक झनै हर्षित भएको अध्यक्ष शाहले बताउनुभयो। नरैनापुरमात्रै नभई सडक सञ्जालले यो क्षेत्र घेरिने योजना अघि बढेपछि आ-आफनो पालिकाले गर्न सक्ने सहयोग र सडक सञ्जाल र गुणस्तरीय निर्माणका लागि पहल गर्न कुनै कसर बाँकी नराख्ने यस क्षेत्रका पालिका तहका अध्यक्षहरू बताउँछन्। नरैनापुर क्षेत्रको विकास र नागरिकको स्तरोन्नतिका लागि विकासमा राजनीति हुँदैन। सहकार्य र सहमतिमै राप्तीपारिको समृद्ध र विकास सम्भव छ। यतिबेला यहाँको समग्र विकासका लागि स्थानीय पालिका जनप्रतिनिधिदेखि सांसदसम्म लागिपरेका छन्। बृहत् गुरुयोजना बनाएर एकीकृत स्वरूपमा प्रस्ताव पेश गरिएको छ।

शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका विविध प्रशासकीय निकायको स्थापना गरी घरदैलोमै सेवा प्रवाहको व्यवस्थापन मिलाइएको छ। सुगम जिल्लाभित्र रहेर पनि विगतदेखि दुर्गमको परिचय बनाउन बाध्य भएको नरैनापुर अहिले विस्तारै विकासमा लम्कँदै गरेको र त्यसको बृहत्तर विकासका लागि आयोगसँग विकासका योजना माग सारिरहेको छ। नरैनापुरमा शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पर्यटनको विकास र प्रवर्द्धनका लागि स्थानीय तहले संघीय र प्रदेश सरकारलाई निरन्तर ताकेता गरिरहेको छ। प्रदेश योजना आयोगसमक्ष राप्ती नदीमा नरैनापुरको पिप्रहवादेखि डुडुवा जोड्ने मोटरेबल पुल निर्माणका लागि बजेट माग गरिएको छ। यसले नेपालगन्ज पुग्न १८ किलोमिटर दूरी कम हुनेछ।

मटेहियादेखि सोनबर्षासम्मको ६ किलोमिटर बाटो कालोपत्रे, गंगापुरदेखि जमुनी हुँदै हुलाकी सडक जोड्ने पक्की सडक, सोनबर्षादेखि कोहला हुँदै हुलाकी रोड जोड्ने पक्की सडक निर्माणको योजना माग भएको छ। नरैनापुरदेखि अगैया जोड्ने सडक, हुलाकी सडकदेखि बानियाँगाउँ नेपाल-भारत सीमासम्म जोड्ने कालोपत्रे सडक, हुलाकी रोडदेखि कोटिया नेपाल-भारत सीमासम्म जोड्ने कालोपत्रे सडक, हुलाकी सडकदेखि हुलासपुर्वासम्म जोड्ने कालोपत्र सडकका लागि योजना माग गरिएको छ। नरैनापुरमा औद्योगिक ग्राम निर्माणका लागि पनि योजना माग गरिएको छ। नेपाली रूपैयाँ नचल्ने ठाउँमा अहिले आकाश-जमिनको फरक देखिएको छ। लकडाउनले झनै भारतप्रतिको निर्भरता हटाएर स्थानीयमा आत्मविश्वास पनि जगाएको छ।





विष्णु सापकोटा

**दशकौदेखिको अलपत्र रहेको योजनाले पूर्णता पाउँदै नरैनापुरका जनताले गुणस्तरीय स्वास्थ्य सेवा तथा आइसोलेशन अस्पताल आफ्नै घर दैलोमा पाएका छन् ।**

# अब प्रविधिमैत्री बन्नुपर्छ 'शैक्षिक रणनीति'

नेपालका मुस्लिम बहुल धेरै कम स्थानीय तहहरू मध्ये एक हो, नरैनापुर गाउँपालिका। यस गाउँपालिकाको लगभग ४५ प्रतिशत जनसंख्या मुस्लिमको रहेको छ। यसपछि यादव लगायत मधेशी समुदायको रहेको छ भने यस गाउँपालिकामा पहाडबाट बसाइ सरेर बसोबास गर्न आउने पहाडी समुदायको उपस्थिति निकै न्यून छ। नेपालका मुस्लिमहरू धार्मिक अल्पसंख्यकका रूपमा रहेका छन्। नेपालमा विशेषगरी रौतहट र बाँकेका ग्रामीण क्षेत्रका मुस्लिमहरूको आर्थिक-सामाजिक जीवनस्तर अझै पनि धेरै तल रहेको देखिन्छ। राष्ट्रिय स्तरमा पनि मुस्लिमहरूको मानव विकास सूचकाङ्क मधेशी दलितहरूकै हाराहारी रहेको देखिन्छ। मुस्लिम समुदायमा सरकारी स्कूलमा भन्दा मदरसा स्कूलहरूमा बढी रुचि छ। मदरसाहरूमा प्रायः उर्दू भाषामा पढाइन्छ भने यी मदर्साहरूलाई राष्ट्रिय शिक्षाको मूलधारमा ल्याउन अझै धेरै प्रयासहरू भइरहेका छन्। गरिबीका कारण प्रायजसोः मुस्लिम बालबच्चाहरू प्राथमिक स्कूल पढ्दा पढ्दै स्कूल छाड्दा पर्ने बाध्यता अहिले पनि कायमै छ।

त्यसो त नेपालमा दुई किसिमको विद्यालय शिक्षा प्रणालीले सामाजिक विभेद सिर्जना गरेको छ। हुनेखानेका लागि निजी र हुँदा खाने लागि सामुदायिक। अभिभावकले आफ्ना नानीको पढाइका लागि गरेको लगानीअनुरूप निजी विद्यालयले नियमित कक्षा सञ्चालन, विद्यार्थीको चरित्रप्रति ध्यान दिने हुनाले निजी विद्यालयमा अभिभावकको आकर्षण बढ्दो छ। निजी विद्यालयमा पढाउने अभिभावकले आफ्नो नानीबाबुको पढाइमा गरेको आर्थिक लगानीभन्दा बढी सरकारले सामुदायिक विद्यालयमा पढ्ने नानीबाबुका लागि गरेको छ। तर सरकारी लगानी बालुवामा पानी हालेसरह भएको छ। सामुदायिक विद्यालयमा किन विद्यार्थी संख्या कम हुँदै गएको छ ? सामुदायिक विद्यालयमा अधिकांश निम्न वर्गका अभिभावकका छोराछोरी अध्ययन गर्छन्। राज्यका विकट ठाउँ जहाँ निजी विद्यालयको उपस्थिति छैन त्यहाँका केटाकेटीलाई खाजा, तेल, झोला आदिको प्रलोभन दिएर सरकारले विद्यालयमा भर्ना गराउने गरेको छ।

तैपनि यी विद्यार्थी नियमित विद्यालय जान्छन् त ? घरेलु कामदारका रूपमा रहेको केटाकेटीमा पढाइ दोस्रो प्राथमिकतामा पर्छ। पहिलो कामै हो। घरमा काम पऱ्यो भने विद्यालय जान नपाउनु उनीहरूका लागि नौलो विषय हैन। अर्को मजदुर अभिभावकका छोराछोरीका लागि पनि विद्यालय अनिवार्य हुँदैन। उनीहरू छोराछोरीलाई भन्छन्, पढे पढ् नपढे नपढ्। बिहानैदेखि मजदुरीमा गएको अभिभावकलाई आफ्नो सन्तान विद्यालय गए नगएको बारेमा खासै चासो हुँदैन। यो अवस्था तराई मधेसका सहरी क्षेत्रमा पनि छ। शिक्षक र विद्यार्थी विद्यालय शून्य बनाएर दुई महिनासम्म यार्सा टिप्न जाने गरेका समाचार पनि हिमाली भेगबाट आइरहन्छ। यी सबै प्रसंग नियाल्दा के देखिन्छ भने सरकारले विद्यार्थीको टाउको गनेर लगानी त गरेको छ तर अभिभावक, विद्यार्थी र शिक्षकलाई पनि शिक्षाको अपरिहार्यताबारे चेतना दिएको छैन।

पढ्नुपर्छ र पढाउनुपर्छ भन्ने चेतनाको कमीले सामुदायिक विद्यालयमा विद्यार्थीको उपस्थिति न्यून हुँदै गएको छ। अहिले शिक्षा स्थानीय तहमा गइसकेको छ। स्थानीय तहहरूले आफ्ना नागरिकहरूलाई कस्तो शिक्षा प्रदान गर्ने भन्ने विषयमा अब ठोस योजना बनाउन जरुरी छ। अबको शिक्षा कस्तो बनाउने भन्नेमा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले हेक्का राख्नुपर्छ। अहिलेको शिक्षा प्रविधिमय हुनुपर्छ। सिकाईका तरिकाहरू फेरिनुपर्छ, पढाईका अभ्यासहरूमा नयाँपन हुनुपर्छ। आजको शिक्षा ५० वर्षअघिको तुलनामा निकै फरक छ। त्यसको प्रमुख कारण हो, प्रविधि। विगत ५० वर्षको अवधिमा विश्वमा प्राविधिक विकास यति तीव्र भएको छ कि यसले शिक्षालगायत सबै क्षेत्रलाई प्रभावित बनाएको छ। कम्प्युटर, भिडियो, डिजिटल क्यामेरा, रिकर्डर जस्ता डिजिटल उपकरणका कारण शैक्षिक क्षेत्रमा ठूलो परिवर्तन आएको छ। प्रविधिले पढ्ने, लेख्नेजस्ता विषयमा सहयोग गर्नसक्छ भन्ने यसबाट प्रमाणित भइसकेको छ।

त्यसो त सबै प्रकारका औद्योगिक परिवर्तन प्रविधिले नै ल्याएको थियो। यसले आगामी दिन पनि निरन्तरता पाइनै रहन्छ। कुनै पनि उद्योगमा प्रविधिले पार्ने प्रभाव थिति बिथोल्ने किसिमको हुन्छ। स्वचालित प्रविधिको व्यावसायिकीकरणले विश्वमा लाखौंको संख्यामा रोजगारी गुम्ने चिन्ता उब्जिएको विषयलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। अनलाइन सञ्चार प्रविधिको उदयले छापा सञ्चारमाध्यमलाई आफ्नो व्यावसायिक योजनाबारे पुनर्विचार गर्न बाध्य तुल्याउँछ। प्राविधिक परिवर्तनबाट शैक्षिक क्षेत्र पनि अलग छैन। प्रविधिको बढ्दो प्रयोगले आधारभूत शैक्षिक प्रक्रियामै परिवर्तन ल्याइदिएको छ। शिक्षा क्षेत्रमा प्रविधिले ल्याएका परिवर्तनमध्ये सबैभन्दा महत्वपूर्ण हो, शिक्षालाई केही दशक अघिको तुलनामा थप सहच पहुँचमा ल्याउनु। आज अनलाइन कोर्षका कारण औपचारिक शिक्षा जो कोहीको पनि सहज पहुँचमा छ।

सबैजसो शैक्षिक संस्थाले उच्च शिक्षालाई अनलाइनमा पनि सजिलै हासिल गर्न सकिने बनाएका छन्। यसैकारण पनि आज आफूलाई चाहिएको जुनसुकै कोर्स पनि अनलाइनका माध्यमबाट जो कोहीले प्राप्त गर्न सक्छन्। प्रविधिले विगतको शिक्षामा रहेको भौगोलिक सीमा तोडेको छ। अझ कोरोनाका कारण विद्यालय बन्द हुँदा अनलाइन कोर्षको संख्यामा भइरहेको वृद्धिले आज आफ्नै सिकाइको गतिमा शिक्षा हासिल गर्न सबैलाई सजिलो भएको छ। प्रविधिले जहाँबाट पनि शिक्षा लिन मानिसलाई सहयोग गरेको छ। पहिलेजस्तो विद्यालयमा भौतिकरूपमै उपस्थित भएर शिक्षा आर्जन गर्नुपर्ने बाध्यता अब छैन। अनलाइन प्रविधिको माध्यमबाट मानिसले आफ्नो अनुकूल समयमा शिक्षा आर्जन गर्न सक्छन्।

अनलाइनबाटै पढाइका आवश्यक सामग्री उपलब्ध हुने गर्छ। विगतमा विद्यार्थी र शिक्षकबीच प्रत्यक्ष भेटघाटबाट अन्तर्क्रिया हुन्थ्यो। शिक्षकले सोही भेटघाटमा विद्यार्थीको पढाइका लागि आवश्यक सामग्री उपलब्ध गराउँथे। तर, अहिले भने इमेल तथा इन्टरनेटमा आधारित अन्य सेवाको माध्यमबाट शिक्षक र विद्यार्थीबीचको अन्तर्क्रिया सम्भव भएको छ। आज प्रविधिकै कारण शैक्षिक संस्थाहरू अनलाइनको माध्यमबाट आफ्ना विद्यार्थीको परीक्षा लिने र उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्ने भएका छन्। स्थानीय तहले पनि शैक्षिक क्षेत्रमा लगानी बढाउनुपर्छ। पढ्ने पढाउने तथा बुझ्ने बुझाउने सन्दर्भमा समेत नयाँनयाँ पद्धतिहरूको विकास हुँदै गएको छ। ती पद्धतिहरूलाई विद्यालय तहमा लागु गराउन रणनीत तय गर्नुपर्छ। जसबाट आम विद्यार्थीहरूमा कमभन्दा कम समयमा बढी भन्दा बढी ज्ञानको विकास होस्।

अधिकांश बालबालिकाहरू वास्तविक शिक्षावाट टाढा छन्। झन् सरकारी विद्यालयहरूमा त शिक्षाको अवस्था अझ कमजोर छ। यसरी सिक्नुपर्ने उमेरमा विद्यार्थीहरूले जेजस्तो ज्ञान आजको शिक्षाले दिएको छ। यसलाई अझै प्रविधिमय बनाउँदै विद्यार्थीहरूको सिकाइको दायरालाई व्यावहारिक हिसाबले फराकिलो पार्न स्थानीय तहले शैक्षिक लगानीको दायरालाई पनि फराकिलो बनाउनैपर्छ। नरैनापुरले दक्ष र योग्य नागरिक उत्पादन गर्न प्रारम्भिक विद्यालय तहको शैक्षिक जगलाई बलियो बनाउनैपर्छ। भोलिको देश चलाउने पुस्ताको आधार बलियो बनाउन प्राथमिक विद्यालय तहमै सिकाइलाई व्यहारिकरूपमा अघि बढाउनुपर्छ। नरैनापुर गाउँपालिकाको सन्दर्भमा पनि यिनै कुराहरू लागु हुन्छन्। निरपेक्ष गरिबीको रेखामुनि रहेका जातजातिका विद्यार्थीहरू लक्षित गरी शैक्षिक मान्यता एवम् प्रयोग अनुसारको गुणस्तर कायम गर्ने जिम्मेवारी स्थानीय तहमा आइसकेको छ। जसबाट योग्य रक्षमतावान जनशक्ति उत्पादन हुनेछ।

साथै ज्ञान र भाषाको हिसाबमा अब्बल जनशक्ति उत्पादन सम्भव हुनेछ। हाम्रा सामुदायिक विद्यालयका शिक्षक एवम् प्रशिक्षकको क्षमता अभिवृद्धि गराई विद्यालयको उपलब्धि अभिवृद्धि गर्न र गराउन नरैनापुर गाउँपालिकाले आवश्यक लगानी प्रवर्द्धन गरी अघि बढ्न जरुरी छ। यसकारण विद्यार्थीलाई विभिन्न कारणवश पढ्न नदिनुमा स्थानीय तहको भूमिका र दायित्वलाई अझ बढाउनुपर्ने देखिन्छ। विद्यालयको पढाइ कस्तो छ भनेर जाँच्ने परिपाटीमा देखिएको परीक्षा नतिजामा कुनै गल्ती नभए पनि परीक्षामा राम्रो अङ्क ल्याउन सकेन भन्दै हामी बालकमाथि खनिन्छौं। जहिलेसम्म हामीले आफ्नो कर्तव्यबोध गर्दैनौं तबसम्म सामुदायिक विद्यालयको प्रगति सोच्नु दिवा सपनामात्र हुनेछ। आज सिकाइ हरेकको जीवनको महत्वपूर्ण पक्ष बनेको छ। नयाँ कामको माग पनि बढिरहेको छ, जसको अर्थ काम गर्ने नयाँनयाँ तरीका पनि सिक्नैपर्ने भएको छ। नरैनापुर गाउँपालिकाले पनि अब नयाँ प्रविधिहरूलाई आत्मसाथ गर्दै सामुदायिक विद्यालयलाई अब्बल र उत्कृष्ट बनाउन दीर्घकालीन रणनीति तय गरोस्। शुभकामना॥

नेपालको संविधानको धारा ५६ ले राज्यको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरेको छ। संविधानको धारा ५७ मा राज्यका तीनैवटा तहको अधिकार बाँडफाँडको पनि व्यवस्था छ। संविधानको धारा १२७ (२) मा स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सक्ने व्यवस्था गरेको छ। संविधानको धारा २१७ अनुरूप न्यायिक समितिको गठन गरिएको हो। छिटो, सस्तो र सहज न्याय पाउने आशामा 'स्थानीय न्यायिक समिति'मा विवादित विषयहरू निकै आउने गरेका छन्।

संविधानले गरेको व्यवस्था अनुसार हामी स्थानीयस्तरबाट निष्पक्ष न्याय दिने प्रयासमा लागिपरेका छौं। स्थानीयस्तरमा हुने विवादहरूको न्यायिक र निष्पक्षरूपमा निरूपण गर्न सेवाग्राहीको दैलोमै न्याय दिनेगरी न्यायिक समितिहरू क्रियाशील छन्। न्यायिक समितिले स्थानीयस्तरमा हुने विवादहरू खासगरी देवानी प्रकृतिका मुद्दाहरू अंशवण्डा, साँध मिचिएको, घरेलु झैझगडा आदि विषयहरू निरूपण गर्ने संवैधानिक व्यवस्था छ। सोही अनुसार स्थानीय न्यायिक निकायले न्याय सम्पादनको काम गरिरहेका छन्। यसै सन्दर्भमा नरैनापुर गाउँपालिकाका उपाध्यक्ष जयन्तीदेवी श्रीवास्तवसँग गरिएको कुराकानी :



स्थानीय न्यायिक समिति

# स्थानीय तहमै न्याय, 'विश्वस्त नागरिक'

**'स्थानीय न्यायिक समिति'ले अहिलेसम्म के-कस्ता कामहरू गरेको छ ?**

नेपालको संविधानले स्थानीय तहमै न्यायिक अधिकार दिएको छ। यसको जिम्मेवारी उपाध्यक्षलाई नै छ। दुवै पक्षको कुरा सुनेर न्याय दिने काम निकै चुनौतीपूर्ण छ। तर, स्थानीयहरूकै विवाद आउने भएकाले सम्झाइ बुझाइ गरेर पनि विवाद समाधान हुँदै आएका छन्। निष्पक्ष न्याय दिलाउन सक्नु निकै ठूलो काम हो, स्थानीय अदालतकै रूपमा काम गर्ने भएकाले राम्रो अभ्यास गरिरहेका छौं। खाशगरी अंशवण्डा, घरेलु हिंसा, सम्बन्ध विच्छेदजस्ता विषयहरू आउने गरेका छन्। न्यायिक समितिले उजुरीमा छानबिन गरेर न्याय सम्पादनको काम गर्दै आएको छ।

**न्यायिक समितिमा के-कस्ता विवाद आउने गरेका छन् र निष्पक्ष न्याय पाउनमा सेवाग्राही कति विश्वस्त छन् ?**

खासगरी अंशवण्डा, घरेलु हिंसा, सम्बन्धविच्छेद, व्यक्तिगत तथा सार्वजनीक जग्गा किचलो, आर्थिक लेनदेन, श्रम शोषण, कुटपिट, गाली बेइज्जती, ठगी, ढल निकास अवरोध, अर्काको जग्गाको माटो

**न्याय सम्पादन आफैमा जटिल छ, विशिष्ट छ र विवादित पक्षको सर्वस्वसँग सम्बन्ध राख्छ। जतिसुकै कठिन कार्य भए पनि जनताले स्थानीय तहमा न्याय पाउनु नैसर्गिक हक हो।**

लगेको र अदालती फैसला कार्यान्वयनसम्बन्धी विषयहरूमा धेरै उजुरी आउने गरेका छन्। न्यायिक समितिले ती उजुरीमा छानबिन गर्ने काम गरेर निरूपण गर्दै आएको छ। स्थानीयस्तरमा जनप्रतिनिधिहरू कुनै न कुनै पार्टीबाट चुनाव लडेर आएका हुन्छन्। पीडित र पीडक दुवैले र राजनीतिकरूपमा अविश्वास गर्ने सम्भावना हुनसक्छ। तर नरैनापुरमा न्यायिक समितिले समाधान गरेका मुद्दामा हामीलाई चित्त बुझेन भनेर

कोही आउनुभएको छैन। न्याय निरूपण गर्न भनेर बसेपछि पार्टी भन्ने नै हुँदैन।

स्थानीयस्तरमा न्याय दिलाउने विषय निकै चुनौतीपूर्ण विषयमा हो। झगडियाहरू चिनजानका र वास्तविकता बुझेको भए पनि मतदाता र निकटका झगडियाहरूलाई चित्त बुझाएर न्याय सम्पादन गर्ने काम सजिलो छैन। कानुन, विधि र प्रक्रियाका ज्ञाता भए पनि 'विवेक' प्रयोग भएन भने वास्तविक पीडितले न्याय पाउन सक्दैन। दोषी व्यक्ति निर्दोष र निर्दोष व्यक्ति दोषी ठहरिएमा समाजमा ठूलो अन्याय पर्न जान्छ। न्यायका उपभोक्ताको विश्वासमा आघात पुग्ने गरी न्यायिक समितिले काम गर्नहुँदैन। स्थानीय तहबाट न्याय प्रदान गर्ने व्यवस्था हुँदा पीडितहरूलाई कम खर्च, छोटो समय फैसला, न्यायिक समिति नजिकै हुँदा टाढाटाढासम्म धाउनुपर्ने सास्ती नहुने हुँदा नागरिकलाई न्यायका लागि केही हदसम्म सहज भएको छ।

**स्थानीयस्तरमा बढी मात्रामा मेलमिलापलाई बढी ध्यान दिइरहेका छौं। जसले हामीले गर्ने न्याय सम्पादन राम्रो हुन्छ। हामी अनुभवहरू बटुल्दै निश्पक्ष न्याय दिन लागिरहेका छौं। अझ स्थानीय तहमा न्याय सम्पादन गर्ने जिम्मेवारी महिलाको काँधमा छ र निष्पक्ष न्याय सम्पादन गरेर देखाउनुपर्ने चुनौती पनि न्यायिक समितिलाई छ।**

**पीडितलाई सहजै न्याय दिन तपाईहरूको भूमिका के हुन्छ ?**

स्थानीय तहका न्यायिक समितिमा बढी मात्रामा मेलमिलापबाट स्थानीय समस्या निरूपण गरिन्छ। विवाह, अंशवडा, सम्बन्धविच्छेद, कुटपिट, जग्गा खिचलो, बाटो, कुलो आदिजस्ता समस्या आउने गरेका छन्। न्याय दिने ठाउँमा बसेपछि पीडितलाई न्याय दिने हो, निष्पक्ष न्यायमा बढी ध्यान हुन्छ, विवादित विषय आउने बित्तिकै कानुनी सल्लाहकारसँग परामर्श गरी फैसला गर्छौं। तर गाउँपालिकामा कर्मचारी अभावका कारण सहजरूपमा न्याय निरूपण गर्न कठिनाइ छ। मुद्दा दर्तादेखि पक्ष विपक्ष बोलाएर आफैंले अन्तिमसम्म हेर्नुपर्ने अवस्था छ, न्याय सम्पादन सम्बन्धी तालिम तथा अभ्यास नहुँदा फैसला गर्न चुनौती छ। तैपनि हालसम्म आएका विवादमा पीडित र पीडक दुवैले न्यायको अनुभूति गर्ने गरी फैसला गरेका छौं।

**न्यायिक समितिले सोचेंअनुरूप काम गर्न सकेका छन् कि छैनन् ?**

जुन उद्देश्यका अनुसार स्थानीय तहमा न्यायिक समिति गठन गर्ने संविधानले परिकल्पना गरेको हो, त्यो अनुरूप काम हुन सकेको छैन। स्थानीय तहमा जति पनि विवादित विषयहरू छन्, जनताको घरदैलोमै न्याय निरूपण होस्, सहज र छिटो न्याय होस् उद्देश्य हो तर त्यो अनुरूप व्यवहारमा हुन सकेको छैन। अर्को कुरा जनप्रतिनिधिका लागि यो नौलो अभ्यास पनि हो। यसअघि यस्ता अभ्यासहरू स-साना विवाद स्थानीय तहमा मिलाउने भए पनि कानुनी हैसियतमा न्याय सम्पादन हुने व्यवस्था थिएन। जसले गर्दा यो विशुद्ध नवीतम अभ्यास हो। न्याय सम्पादनको कुर्सीमा बसेपछि न्यायको सर्वमान्य सिद्धान्त र प्राकृतिक सिद्धान्तलाई ध्यानमा राखेर न्याय दिनुपर्ने हुन्छ।

स्थानीयस्तरमा बढी मात्रामा मेलमिलापलाई बढी ध्यान दिइरहेका छौं। जसले हामीले गर्ने न्याय सम्पादन राम्रो हुन्छ। हामी अनुभवहरू बटुल्दै निश्पक्ष न्याय दिन लागिरहेका छौं। अझ स्थानीय तहमा न्याय सम्पादन गर्ने जिम्मेवारी महिलाको काँधमा छ र निष्पक्ष न्याय सम्पादन गरेर देखाउनुपर्ने चुनौती पनि न्यायिक समितिलाई छ। व्यवस्थापिका संसद्बाट २०७४ साल असोज ६ मा पारित 'स्थानीय शासन ऐन' अनुसार 'देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी' प्रकृतिका अपराधसँग जोडिएका विवादित विषय न्यायिक समितिले हेर्न पाउने व्यवस्था छ। न्यायिक समितिले आएका विवादित मुद्दाहरूमा उजुरी लिने र सुनुवाइपछि फैसला गर्ने त्यो गर्दा मेलमिलापका प्रक्रियाबाट विवाद समेत निरूपण गर्न पाउने व्यवस्था छ। स्थानीय प्रशासन ऐन अनुसार १३ किसिमका विवादित मुद्दाहरू न्यायिक समितिले हेर्न पाउँछ।

यसर्थ न्यायिक समितिमा बसेपछि पार्टीगत विचारलाई परै राखेर न्याय सम्पादनमा लाग्नुपर्छ। न्यायको सर्वमान्य सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त र विवेकको प्रयोग गरेर न्याय सम्पादन गर्नुपर्छ। यसर्थ न्याय सम्पादन निकै जटिल र विशिष्ट प्रकृतिको हुने हुनाले न्याय सम्पादन गर्दा विवेक पुऱ्याएर निष्पक्ष न्याय न्यायिक समितिले दिनुपर्छ। छिटोछरितो, कम खर्च र कम समयमा न्याय पाउने आशामा स्थानीय नागरिकहरू छन्। मेलमिलाप नीतिबाट न्यायिक समितिले स्थानीय विवादहरू समाधान गर्दै आएको छ।

**न्यायिक प्रणालीलाई अझै प्रभावकारी बनाउन के गर्नुपर्ला ?**

सहज, सरल, सुलभ र सबैको पहुँचमा न्याय पाउन अब स्थानीयस्तर मा गठन हुने न्यायिक समिति, स्थानीय अदालत, मेलमिलाप प्रक्रिया र मध्यस्थताको कार्यविधि स्पष्ट बन्नेछ र प्रभावकारी तथा गुणात्मक न्याय स्थानीय तहमै सम्पादन गरिने प्रणाली विकास हुने अपेक्षा भने अहिल्यै गर्न सकिन्छ। भोलिका दिनमा स्थानीय तहमा उत्पन्न हुने सानातिना प्रकृतिका पारिवारिक, सम्पत्तीसम्बन्धी, व्यापार व्यवसाय सम्बन्धी तथा मेलमिलाप गराउन मिल्ने अन्य विवादहरूमा समेत स्थानीयस्तरमा न्याय निरूपण गर्ने न्यायिक प्रणाली कार्यान्वयनमा आउनेछ र न्यायिक स्वायत्तता सहितको स्थानीय सुशासन कायम हुने देखिन्छ।

स्थानीय तहमा उत्पन्न विवाद समाधान गर्न स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको माध्यमबाट न्यायिक समितिले कार्य गर्ने देखिन्छ। न्यायसम्पादको विशिष्ट किसिमको प्राविधिक काम हो। सामान्य त्रुटि मात्रले पनि जनधनमा गम्भीर असर पर्न सक्छ। त्यसैले न्यायसम्पादन आफैमा जटिल छ, विशिष्ट छ र विवादित पक्षको सर्वस्वसँग सम्बन्ध राख्छ। जतिसुकै कठिन कार्य भए पनि जनताले स्थानीय तहमा न्याय पाउनु नैसर्गिक हक हो। त्यसैले केन्द्रीय तहका न्यायिक निकायसरह नै योग्यता, क्षमता र दक्षता भएका जनशक्तिहरूको व्यवस्थापन गरी स्थानीय तहले समेत न्यायसम्पादन गर्नुको विकल्प छैन।

**न्यायिक समितिमार्फत अहिलेसम्म कस्ता विवादहरू समाधान भएका छन् ?**

अहिलेसम्म नरैनापुर गाउँपालिकामा विभिन्न मुद्दाहरू दर्ता भएका छन्। तथ्याङ्कमा हेर्दा अहिलेसम्म ६३ वटा मुद्दा दर्ता भएका छन्। नरैनापुरमा जग्गा विवाद सम्बन्धी मात्रै मुद्दा परेका छन्। जसमा ५७ वटा मुद्दा आर्थिक वर्ष २०७६/०७७ सम्मका छन् भने आर्थिक वर्ष २०७७/०७८ को माघसम्म ६ वटा मुद्दा परेका छन्। तीमध्ये २५ वटा मुद्दा फर्च्यौट भएका छन् भने बाँकी समाधानकै प्रक्रियामा रहेका छन्।

# विपद् व्यवस्थापनमा नरैनापुर



निशु जोशी




कोरोना महामारीले विश्व नै आक्रान्त बन्यो। बाँके जिल्ला पनि यस महामारीबाट अछुतो रहन सकेन। एक जना संक्रमित भेटिएपछि जिल्लाका नागरिकहरू अझ बढी त्रसित बने। त्यसमाथि अति पिछडिएको र दुर्गम गाउँपालिकाको रूपमा रहेको नरैनापुरमा दिनानुदिन कोरोना संक्रमित भेटिन थालेपछि जिल्ला नै थला परेजस्तो भयो। अकल्पनीय रूपमा धमाधम १०० बढी कोरोना संक्रमित भेटिएपछि गाउँपालिकालाई करिब तीन महिना व्यवस्थापन गर्न हम्मेहम्मे पर्‍यो। कोरोना भाइरसको संक्रमणले भयावह रूप दिन थालेको थियो। क्वारेन्टिनमा रहेका मानिसहरू भागेर समुदायमा जान थालेपछि जिल्ला नै त्रसित भयो।

क्वारेन्टिन र अस्पतालमा सीमित रहेको कोरोना संक्रमण गाउँगाउँमा पुग्ने अवस्था आएपछि गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाह निकै डराउनुभयो। यही डरका कारण उहाँले प्रधानमन्त्री कार्यालयदेखि प्रदेश सरकारसम्मलाई गुहार्नुभयो। तीन महिना संकट काटेको बताउँदै अहिले प्रफूल्ल देखिएका उहाँले भन्नुभयो, 'यो अवस्था देखेर एकदिन मध्यरातमा रोएँ, यसको नियन्त्रणमा ठूलो सङ्घर्ष गर्नुपर्‍यो। तर मलाई मेरो गाउँपालिकाको टीमले साथ दियो।' कोरोनाको हटस्पट बनेको पालिका अहिले सामान्य अवस्थामा आइपुग्नुमा स्थानीय नागरिक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत सरोकारवाला सबैको ठूलो साथ रहेको उहाँ सम्झनुहुन्छ।

**कोराना संक्रमणदर शून्य**

कुल १७२.३४ किलोमिटर क्षेत्रफलमा फैलिएको यस नरैनापुर गाउँपालिका उत्तरतर्फ बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका, दक्षिणतर्फ भारतको सिमाना, पश्चिमतर्फ बाँके जिल्लाको डुडुवा गाउँपालिका र पूर्वतर्फ पनि भारतको सिमाना जोडिएको छ। नरैनापुर गाउँपालिकामा ४३ हजारको हाराहारीमा जनसंख्या छ। भारतबाट आउनेलाई राख्न यहाँ १३ वटा क्वारेन्टिन बनाइएको थियो। अहिले ती सबै क्यारेन्टिन हटाइकिएको छ। नेपाल-भारत सीमा क्षेत्रसँगै जोडिएको यो गाउँपालिका नेपालगन्जबाट करिब ३५ किलोमिटर पूर्वी-दक्षिणमा पर्छ। यहाँ मधेसी, मुस्लिम समुदायको बसोबास छ। कुनै समयमा नेपाली रूपैयाँसमेत नचल्ने यहाँका अधिकांश व्यक्ति कृषि पेसामा निर्भर छन्। शिक्षा र स्वास्थ्यमा धेरै पछाडि परेको यस क्षेत्रका प्रायः युवा वैदेशिक रोजगारीमा भारत जाने गर्छन्।

सुरुवाती चरणमा रोजगारीबाट फर्केका व्यक्तिका कारण नरैनापुर कोरोनाको हटस्पट बनेको अध्यक्ष शाह बताउँनुहुन्छ। सीमापारि आएर रोकिएका ८०० युवालाई गाउँपालिकाले वैशाख अन्तिम साता उद्धार गरेर ल्याएको थियो। गाउँपालिकाले निर्माण गरेको क्वारेन्टिनमा उनीहरूलाई राखियो र परीक्षण सुरु गरियो। कोरोना भाइरस प्रभावित क्षेत्र भारतको मुम्बई लगायत स्थानबाट फर्केर आएका व्यक्तिको क्वारेन्टिनमै स्वाब परीक्षण गर्दा जेठ २ गते पहिलोपटकमै आठ जनामा कोरोना संक्रमण पुष्टि भयो। त्यसलगत्तै क्वारेन्टाइनमै बसेको अवस्थामा नरैनापुर गाउँपालिका-५ का २४ वर्षीय एक युवकको कोरोना संक्रमणबाट मृत्यु भयो।

एम्बुलेन्सले बोक्न नमान्दा समयमा अस्पताल पुर्‍याउन नसकिएकाले ती युवकको ज्यान गएको गाउँपालिका अध्यक्ष शाह बताउनुहुन्छ। त्यो नेपालमा दोस्रो कोरोना संक्रमितको मृत्यु भएको घटना थियो। उक्त घटनापछि नरैनापुरमा झन् डरलाग्दो अवस्था सिर्जना भयो। कोरोना पुष्टि भएका पहिलो संक्रमितको कन्ट्याक्ट ट्रेसिङका आधारमा थप व्यक्तिको स्वाब संकलन थालियो। यसरी संक्रमितको खोजी हुँदा संख्या झन्झन् वृद्धि हुँदै गयो। कोरोना भाइरसबारे समुदायमा बुझाइ गलत भएका कारण र अशिक्षाका कारण पनि संक्रमण फैलिएको अध्यक्ष शाह बताउनुहुन्छ।

जिल्ला प्रशासन कार्यालय बाँकेले नरैनापुरमा भारतबाट ठूलो संख्यामा मानिसहरू भित्रिएको र स्वाब परीक्षणको दायरा बढाएका कारण एकैपटक धेरैमा संक्रमण देखिएको बताएको थियो। कोरोना भाइरस संक्रमणको अवस्था भयावह बन्न थालेपछि नरैनापुरलाई निषेधित क्षेत्र घोषणा गरियो। र त्यहाँ भैरवप्रसाद गणबाट नेपाली सेनाको टोलीसमेत परिचालन गरियो। कोरोनाका कारण अवस्था भयावह बनेपछि गाउँपालिकाले प्रधानमन्त्री कार्यालय र प्रदेश सरकारसँग सहयोगका लागि पत्र लेखेर अपिल गरेको थियो।

लकडाउन सुरु भएयता नरैनापुरमा एक हजार बढी व्यक्तिहरू क्वारेन्टिनमा बसिसकेका छन्। समयमै भारतबाट गाउँ भित्रिनेहरूको यकिन अनुमान हुन नसक्दा र सोहीअनुसार क्वारेन्टिन लगायतको व्यवस्थापन गर्न नसक्दा नरैनापुर कोरोना संक्रमणको हटस्पट बन्यो। ५ चैतमै भारतबाट भित्रिनेहरूका लागि भन्दै चार स्थानमा हेल्थ डेस्क सञ्चालनमा ल्याएको नरैनापुरले त्यतिबेला भारतबाट अन्दाजी ५०० को हाराहारीमा गाउँ फर्किन्छन् भन्ने अनुमान गरेको थियो। गाउँपालिकाको तयारी पनि त्यतिका लागि मात्रै थियो। लकडाउनको सुरुवाती सातामा यहाँ १५० जनामात्रै क्वारेन्टाइनमा थिए। एकैपटक तीन दिनमा ९०० व्यक्ति भारतबाट आएपछि गाउँपालिकाको क्वारेन्टिनले धानेन।

भारतबाट आउनेहरूको क्रम बढेपछि गाउँपालिकाले वैशाख ३० बाट दोस्रो चरणको क्वारेन्टाइन निर्माण सुरु गऱ्यो। भारतबाट आउनेको संख्या बढेपछि गाउँपालिकाले १९ स्थानमा क्वारेन्टाइन बनाएको थियो। परीक्षणपछि ठूलो संख्यामा घर फर्किएपछि र क्वारेन्टाइनमा बस्नेको संख्या कम भएपछि अहिले पालिका सामान्य अवस्थामा फर्किसकेको छ। अहिले स्थानीयहरू त्रासबाट मुक्त भइसकेका छन्। कोरोनाबाट तंग्रिएको नरैनापुर अहिले सामान्य अवस्थामा फर्किसकेको बताउँदै गाउँपालिकाका अध्यक्ष शाहले स्थानीयहरू मास्कको प्रयोग नगरी हिँड्ने गरेको बताउनुभयो। अहिले परीक्षण दर पनि घटेको छ।

**अस्थायी कोभिड अस्पताल सञ्चालनमा**

हाल नरैनापुरको वडा नं २ लक्ष्मणपुरमा रहेको स्वास्थ्य संस्थामा कोभिड अस्थायी अस्पताल सन्चालनमा छ। पाँच शैय्याको उक्त कोभिड अस्थायी अस्पताल लुम्बिनी प्रदेशसभा सदस्य कृष्णा केसी नमुना र गाउँपालिका अध्यक्ष शाहले उद्घाटन गरेका थिए। वडा नम्बर २ लक्ष्मणपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजन सुविधासहित अस्पताल सञ्चालनमा आएको हो। संघीय सरकारले भदौ २३ गते हरेक स्थानीय तहलाई कम्तिमा पाँच शैय्याको अस्पताल सञ्चालन गर्न गरेको परिपत्र अनुसार कोभिड अस्पताल सञ्चालनमा ल्याइएको गाउँपालिकाका अध्यक्ष शाहले बताउनुभयो। अस्पताल सञ्चालनमा आएसँगै संक्रमितलाई उपचारार्थ नेपालगन्ज लैजानुपर्ने अवस्थाको अन्त्य भएको पछि लुम्बिनी प्रदेश सभा सदस्य कृष्ण केसी 'नमुना'ले बताउनुभयो।

प्रारम्भिक चरणमा कोभिडको सर्वाधिक मारमा परेको नरैनापुरमा पछिल्लो समयमा संक्रमित नभेटिनु सुखद् भए पनि तयारी अवस्थामा रहन जरुरी रहेको उहाँको भनाइ छ। अस्पताल सञ्चालनका लागि पहिलो चरणमा संघले १० लाख रूपैयाँ पठाएको थियो। गाउँपालिका अध्यक्ष शाहले स्वास्थ्य सेवामा पछाडि परेको नरैनापुरलाई अघि बढाउन आफू लागिपरेको बताउँदै तन, मन र बचनले इमान्दारपूर्वक जनताको सेवामा खट्न स्वास्थ्यकर्मीलाई निर्देशन दिएका छन्। कोभिडले आक्रान्त बनेपछि जनशक्तिको पदपूर्ति भइसकेको प्राथमीक स्वास्थ्य केन्द्र लक्ष्मणपुरमा सञ्चालित अस्थायी कोभिड अस्पतालका डा. सागर पन्तले जानकारी दिनुभयो।

**सञ्चालनमा आयो 'आपतकालीन कार्य संचालन केन्द्र'**

नरैनापुर गाउँपालिकामा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र संचालनमा ल्याइएको छ। बाँकेका प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्वाङ्ले आपतकालीन कार्य सञ्चालन केन्द्रको उद्घाटन गर्दै नरैनापुरमा पनि आपतकालीन विपदमा उद्धार गर्न सहजता हुने अपेक्षा राख्नुभएको थियो। स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको सम्पर्क र समन्वय सिधै जिल्ला, प्रदेश र केन्द्रसँग हुने भएकोले विपद् प्रतिकार्यको सामना गर्न, पूर्व तयारी तथा सूचना सम्प्रेषण, दस्तावेज र अभिलेखीकरणमा समेत सजिलो हुने उहाँको भनाइ छ।

गाउँपालिकाको विपद् व्यवस्थापन समिति मातहत रहेर काम गर्ने उक्त आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सहजरूपमा सञ्चालन गर्नका लागि नेपाल रेडक्रस सोसाइटी बाँकेले ६ लाख बराबरको विभिन्न सामग्रीसमेत प्रदान गरेको छ। रेडक्रसले केन्द्रलाई एलसिडी, कम्प्युटर, प्रिन्टर, इन्भर्टर, ५० थान लाइभ, ज्याकेट, टेन्ट र जुत्तालगायतको सामग्री प्रदान गरेको सूचना अधिकारी लक्ष्मीकान्त मिश्रले जानकारी दिनुभयो। बर्सेनि आगलागी, बाढी, खडेरी र मौसमी महामारीदेखि पीडित हुँदै आएको नरैनापुरमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र सुरु भएपछि विपद् व्यवस्थापन सहज हुनेमा स्थानीयले अपेक्षा गरेका छन्।

**विपद् व्यवस्थापनमा १ करोड बजेट विनियोजन**

विपद् व्यवस्थापनका लागि गाँउपालिकाले यस वर्ष ९० लाख रूपैयाँ विनियोजन गरेको छ। गत वर्ष आइसोलेसन निर्माण, क्वारेन्टाइन निर्माण लगायतका कोरोनाको महामारीलाई व्यवस्थापन गर्न पालिकाले गत वर्ष १ करोड ४१ लाख रूपैयाँ खर्च गरेको छ। पालिकाले विपद् व्यवस्थापन अन्तर्गत कोरोना महामारी नियन्त्रणसँगै अन्य कामहरू पनि गरेको गाउँपालिकाका लेखा प्रमुख प्रकाश अधिकारीले जानकारी दिनुभयो। पालिकामा फुसको छाना भएका कारण आगलागीको समस्या वर्षेनी देखिने गरेको छ। गतवर्ष आगलागी नियन्त्रणको प्रयास र पीडितलाई राहत पनि वितरण गरिएको छ।

बाढी डुबानको चपेटामा रहेका कारण बाढी प्रभावित क्षेत्रमा समेत तटबन्ध निर्माणको काम भएको अधिकारीले जानकारी दिनुभयो। चिसो मौसममा बच्न दाउरा वितरण गर्नुका साथै कम्बल पनि वितरण गरिएको उहाँको भनाइ छ। पूर्वतयारी प्रतिकार्य योजना तयार गरी यस वर्ष पालिकामा विपद् व्यवस्थापनका लागि विगतका अनुभवहरूबाट पाठ सिक्दै अघि बढेकाले विपद् सामना गर्न र क्षति न्यूनीकरणमा सहज भएको विपद् व्यवस्थापन शाखा संयोजक लक्ष्मीकान्त मिश्रले बताउनुभयो।विपद् व्यवस्थापन समितिले जुनसुकै विपद् वा महामारीमा अकालमै ज्यान गुमाउने मृतकका परिवारलाई २५ हजार सहयोग गर्ने निर्देशिका नै बनाएको छ। पालिकाले कोरोनाकालको समयलाई मध्यनजर गर्दै नागरिकलाई सुरक्षित राख्न पूर्वतयारी प्रतिकार्य योजनाअनुसार काम गर्दै आएको विपद् व्यवस्थापन शाखा संयोजक मिश्रले जानकारी दिनुभयो। समितिले पूर्वतयारी प्रतिकार्य योजना पुस्तिका निर्माणसँगै जाडोमा गाउँ तथा चोकचोकमा दाउरा व्यवस्थापन गरिसकेको छ भने सामुदायिक वन उपभोक्ता समूहबीच छलफल तथा अन्तर्क्रिया गरी पहाडे खोला, नाला नजिक वृक्षरोपण तथा डढेको नियन्त्रणका लागि अग्नि रेखा निर्माण गर्ने योजना बनाएको छ।

यसैगरी चिसोमा ज्येष्ठ नागरिक, एकल महिला, असहाय, अपाङ्गता भएकालाई न्यानो कम्बल वितरण गर्न योजना बनाउने, कोभिड १९ मा खटिएका कर्मचारीलाई सम्मान गर्ने, वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन, विपद् प्रतिकार्य पूर्व तयारीका सामाग्री खरिद, विपद् प्रतिकार्यका लागि सचेतना कार्यक्रम सञ्चालन, विद्यालयमा विपद् सम्बन्धी सचेतना तथा स्वास्थ्य सामाग्री खरिद गर्ने लगायतका काम भएको शाखाका संयोजक मिश्रले बताउनुभयो। आकस्मिकरूपमा देखापर्ने विपद्सँग सामना गर्न गाउँपालिकाले यसवर्ष झण्डै १ करोड बजेटसमेत विनियोजन गरेक विपद् व्यवस्थापनमा काम गरिरहेको छ।



# पशुपालनमा आत्मनिर्भर बन्दै 'नरैनापुरवासी'

**अहिले विभिन्न वडाहरुमा पशुपालन व्यवसायका लागि विधिवतरूपमा दर्ता भएर बाख्रापालन, कुखुरापालन, बँगुरपालन, भैँसीपालन, गाईपालनदेखि लिएर दूध डेरीसमेत सञ्चालनमा आउन थालेका छन् ।**

गुरमुरत यादव



दूध बिक्री गर्ने ठाउँ नपाउँदा नरैनापुर-५, हुलासपूर्वाका राजेन्द्र यादव केही समयअघि भारतीय बजारमा निर्भर रहँदै आउनुभएको थियो। पर्याप्तरूपमा दूध उत्पादन हुने भए पनि नरैनापुरमा दूध बिक्री गर्ने ठाउँ अभाव र नेपालगन्ज पुऱ्याउनका लागि बाटो नहुँदा उनी सस्तोमा भारतको ककरदरी, मल्हीपुर र जमुनाहा बजारमा सस्तो मूल्यमा दूध बिक्री गर्न बाध्य हुनुहुन्थ्यो। दूध बिक्री नहुँदा उहाँ भैँसीपालन व्यवसायलाई कसरी अगाडि बढाउने भन्नेमा सधैँ अलमल र निरास हुनुहुन्थ्यो। पशुपालन नै जीविकोपार्जनको मुख्य आधार भए पनि पशुपालनबाट हुने दूध, दही र अन्य परिकारको बिक्री वितरण गर्ने ठाउँ नभएपछि दैनिकी चलाउन पनि समस्या हुँदै आएको यादव बताउनुहुन्छ।

'कडा परिश्रम गरी गाईभैँसी पालेको भए पनि दूध बिक्री गर्ने बजार नपाएर श्रम खेर गइरहेको थियो,' यादवले भन्नुभयो। नेपालगन्जमा ६० देखि १०० रूपैयाँ प्रतिलिटर बिक्री हुने दूध नरैनापुरमा प्रतिलिटर ४०/५० रूपैयाँमा बिक्री गर्नुपर्ने बाध्यता रहेको कृषक यादव बताउनुहुन्छ। 'नेपालगन्ज हाम्रो गाउँदेखि ३८ किलोमिटर टाढा रहेको र बाटोको सुविधा नभएकोले समयमा दूध पुऱ्याउन नसक्ने भएकोले छिमेकी देश भारतको ककरदरीमा लगेर भारतीय ३०-३५ रूपैयाँमा दूध बेच्नुपर्थ्यो,' कृषक राजेन्द्र यादवले भन्नुभयो, 'दूध खरिद गर्ने व्यक्तिले भनेको समयअनुसार दूध पुऱ्याउन नसके दूध पनि फर्काएर घरमै ल्याउनुपर्छ, अनि खपत नभएर बिग्रेर जान्थ्यो।'

केही समयअघि नजिकमा डेरी नभएका कारण भारतीय बजारमा लैजानुपर्ने बाध्यता रहेको बताउने यादव नेपालगन्जसम्म दूध बिक्री गर्न नपाएको अनुभव सुनाउनु हुन्छ। बाँके जिल्लाको अति दुर्गम मानिने नरैनापुर गाउँपालिकाको मटेहियादेखि नेपालगन्जसम्म दूध पुऱ्याउनका लागि यातायात र बाटोघाटोको अभावका कारण महंगो शुल्क तिरेर पशुपालन गरे पनि नाफा पाउन नसकेको यादवले बताउनुभयो। छरछिमेकबाट ऋण लिएर भैँसी र गाई पालेका यादव बजार अभावका कारण लगानी अनुसार नाफा कमाउन नसक्दा चिन्तित भएका बताउनु हुन्छ। त्यसैगरी नरैनापुर-४ परसुरामपुरका ज्ञानबहादुर चौधरी पनि दूध बिक्रीका लागि उपयुक्त बिक्री केन्द्र नपाउदा हैरान हुनुहुन्थ्यो।

उहाँ घरमा उत्पादन हुने २० लिटर दूध सस्तोमा बेच्ने गरेका तथा कतिपय अवस्थामा त छिमेकमै निशुल्करूपमा समेत बाँडने गरेको दुखेसो सुनाउनु भयो। उहाँलाई पशुपालनमा गरेको लगानी कसरी जोगाउने भन्ने चिन्ताले सँधै पिरोलिरहेको थियो। 'बाँकेको ग्रामीण क्षेत्र राप्तीपारी दूध बिक्री गर्ने कुनै दूध बिक्री केन्द्र नभएकोले पशुपालनमा आधारित रहेर घरपरिवार

चलाउँदै आएका किसानहरूको लगानी समेत घाटामा गइरहेको थियो,' चौधरीले भन्नुभयो। बाटो घाटो, शिक्षा तथा स्वास्थ्यमा समेत पछाडि परेको सो क्षेत्रमा लगानी अनुसार नाफा नहुनु र सम्बन्धित क्षेत्रले कृषकहरूको समस्याका बारेमा ध्यान नदिँदा किसानहरूको पशुपालन व्यवसाय पनि धरासायी हुँदै गएको छ।

अन्य कुनै व्यवसाय नभएर पशुपालनबाटै आयआर्जन गरी घरखर्च चलाउन अरूसँग सापट लिएर पशुपालनमा लगानी गरे पनि दूधको बजार नहुँदा सापटी लिएको रकमसमेत तिर्न नसकेको अवस्था सो क्षेत्रमा रहँदै आएको थियो। माथि चर्चा गरिएका पात्र यादव र चौधरीमात्र नभएर त्यस क्षेत्रको पशुपालनमा आश्रित सयौं किसान यसअघि बाटोघाटो र बिक्री केन्द्र नहुँदा समस्या झेल्दै आइरहेका थिए। पहिला जे-जस्तो समस्या भए पनि पछिल्लो समय अवस्था भने फेरिएको छ। संघीयता कार्यान्वयनपछि स्थानीय तहरूमा जननिर्वाचित प्रतिनिधिहरू आएपछि त्यस क्षेत्रको चौतर्फी विकासको बाटो खुलेको छ। अहिले त्यस क्षेत्रमा पनि बाटोघाटोको राम्रो ब्यवस्था भएको छ भने बिद्युत बिस्तारको काम पनि केही मात्रासम्म सम्पन्न भइसकेकोले अन्य व्यवसायसँगै पशुपालन व्यवसायको सम्भावना बढ्दै गएको छ।

अहिले विभिन्न वडाहरूमा पशुपालन व्यवसायका लागि विधिवतरूपमा दर्ता भएर बाख्रापालन, कुखुरापालन, बँगुरपालन, भैँसीपालन, गाईपालनदेखि लिएर दूध डेरीसमेत संचालनमा आउन थालेका छन्। पछिल्लो समयमा महालक्ष्मी डेरी उद्योग कपिलबस्तुको शाखाको रूपमा नरैनापुर-५ मटेहियामा स्थापना भएको दूध संकलन केन्द्र त्यस क्षेत्रका पशुपालक किसानहरूका लागि बरदान नै सावित भएको छ। पशुपालनमा लगानी गरेर पछुताइरहेका कृषकहरू अहिले खुसी छन्। नरैनापुरमा दूध संकलन केन्द्र तथा डेरी नहुँदा भारतीय बजारमा प्रतिलिटर ४०/५० रूपैयाँ बिक्री हुने दूधले अहिले स्थानीयस्तरमै ८०/८५ रूपैयाँमा बिक्री गर्न पाएको स्थानीय कृषक अमरनाथ यादवले बताउनुभयो।

दूधको गुणस्तर हेरेर प्रतिलिटर ६० देखि लिएर ८५ रूपैयाँसम्ममा बेच्ने गरेको उहाँले बताउनुभयो। उहाँजस्तै नरैनापुर-५ हुलासपुरवाकै राजेन्द्र यादवले पनि प्रतिदिन आफ्नै घरमा पालेका ६ वटा भैँसीहरूबाट उत्पादन हुने २५ लिटरको हाराहारामा दूध बेचेर मनग्य आम्दानी गरिरहेको बताउनुहुन्छ। आफ्नै घरमा उत्पादन हुने २५ लिटर र छरछिमेकबाट समेत संकलन गरेर प्रतिदिन २५० देखि ३०० लिटर दूध महालक्ष्मी डेरी उद्योगमा बेच्ने गरेको कृषक राजेन्द्र यादवको भनाइ छ। नरैनापुर-५ मटेहियामा महालक्ष्मी डेरी उद्योग सञ्चालनमा आएदेखि यहाँका सयौं कृषकहरूलाई लाभ पुगेको बताउँदै आफुमात्रै दूध बेचेर प्रतिमहिना ३० हजार रूपैयाँ आम्दानी गरिरहेको उहाँले बताउनुभयो।

खेती र पशुपालनबाहेक अर्को कुनै पेशा नभएकोले मेरो घर ब्यवहार चलाउनेदेखि छोराछोरीको शिक्षा, स्वास्थ्यलगायत सम्पूर्ण खर्च पशुपालनले नै धानेको राजेन्द्रले बताउनुभयो। गाउँपालिकामा डेरी स्थापना भएपछि १०० बढी कृषकहरूको आम्दानीको स्रोत पशुपालन नै बनेको महालक्ष्मी डेरी उद्योग मटेहियाका सञ्चालक चन्द्रमणि यादवले बताउनुभयो। सञ्चालक यादवका अनुसार अहिले प्रतिदिन सरदर १ हजार लिटर दूध संकलन हुने गरेको बताउनुभयो। अहिले दिनदिनै दूधको कारोबार गर्ने कृषकहरूको संख्या बढ्दै गएको बताउँदै सञ्चालक यादवले भन्नुभयो, 'कृषि र पशुपालनमा लगानीको लागि सरकारीस्तरबाट ऋणलगायतको सहयोग हुनसके नरैनापुर पशुपालनमा आत्मनिर्भर बन्न सक्ने प्रबल सम्भावना छ।'

कृषि र पशुपालनमा बैंकहरूबाट कर्जा लिन सकिने प्रावधान भएको सुनिए पनि कहाँ र कसरी पाउने भन्ने थाहा नभएकोले कृषकहरूले चाहेअनुसार व्यवसायमा लगानी गर्न नसकेको सञ्चालक यादवको भनाइ छ। छरछिमेकमा मागेअनुसार ऋण नमिल्ने धितो राख्ने जग्गा र बस्तुभाउ नहुँदा व्यवसायमा चाहेजति लगानी गर्न नसकिएको स्थानीयहरूको भनाइ छ। जग्गा भएका किसानहरूलाई पनि सदरमुकाममा केन्द्रित कर्जा दिने बैंकहरू जग्गा धितो लिई कर्जा लगानी गर्न नमान्ने गरेकोले किसानहरू चाहेअनुसार व्यवसाय गर्न नसकिरहेको सोही ठाउँका स्थानीय वुद्धिजीवी तथा सन्तश्री नुरदास गौसालाका सचिव रामनिवास यादव बताउनुहुन्छ। सचिव यादवका अनुसार सदरमुकामका बैंकहरूमा कर्जाका लागि आफ्नो जग्गाको लालपुर्जालगायतका कागजात लिएर जाँदा राप्ती क्षेत्र विकट भएको भन्दै ऋण दिन अस्वीकार गरी बैंकहरूले फिर्ता पठाउने गरेको छन्।

बैंकसँग कर्जाका लागि स्थानीय तहले सहजीकरण गरेर किसानहरूको लगानी र क्षमता अभिवृद्धिमा पनि सहयोग गर्न सके कम समयमै पशुपालनमा आत्मनिर्भरता बढाउन सकिने यादवले बताउनुभयो। यादवकै अग्रसरतामा सोही वडामा स्थापना गरिएको सन्तश्री नुरदास गौशालामा अहिले ३०० को हाराहारीमा गाई राखिएका छन्। गौशालामा अन्यत्र स्थानबाट छाडा पशुचौपाया ल्याएर संरक्षण गरेर गौशालाकै व्यवस्थापनमा दूधजन्य पदार्थ, कम्पोष्ट मल र गाईको मुत्रलाई प्रशोधन गरी गहुँत बनाएर बजारीकरण गर्न सके दर्जनौं स्थानीय नागरिकका लागि रोजगारी सृजना गर्न सकिने सम्भावना रहे पनि सरकारी उदासीनताका कारण योजना संचालनमा समस्या आइरहेको सचिव यादवको भनाइ छ।

गौशालामा रहेका गाईहरूको गोबरबाट कम्पोष्ट मल बनाउने र स्थानीयहरूले आफ्नो घरमा पालेको पशुचौपायाहरूको समेत गोबर किनेर कम्पोष्ट मल बनाएर रासायनिक मल प्रयोगमा कमी ल्याएर कृषकहरूको आयआर्जनमा सघाउ पुऱ्याउने योजनामा लागि परेको गौशाला सचिव यादवको भनाइ छ। अहिले नरैनापुरमा ३ हजार ८०० भैँसीराँगा र पाडापाडी, २ हजार ६२ ९ गाई र बाछाबाछी, ७ हजार ५५७ खसीबाख्रा तथा ३३ वटा सुँगर र सन्तश्री नुरदास गौसाला मटेहिया तथा उत्तमपुर गौशाला गेगली गरी २ वटा गौशालामा ७०० बढी गाई गरेर १४ हजार ७०० बढी पशु चौपाया रहेको गाउँपालिकाको कृषि तथा पशुपंक्षी शाखाले जनाएको छ।

गाउँपालिकाको कृषि तथा पशुपंक्षी शाखाका अनुसार विभिन्न वडामा समेत गरेर चालु आवको ६ महिनामा १ दर्जन पशुपालन फर्म दर्ता भइसकेका छन्। ३४ हजार ९४२ जनसंख्या रहेको नरैनापुर गाउँपालिका नेपालगन्जदेखि नजिकै रहेकोले सो क्षेत्रमा दुग्ध संकलन, प्रसोधन र बिक्री केन्द्र थप्न सके पशुपालनबाट त्यस क्षेत्रका सयौं किसान आत्मनिर्भर बन्न सक्ने प्रबल सम्भावना छ। संघ, प्रदेश र स्थानीय सरकारले यस क्षेत्रमा किसानका लागि पशुपालनमा कुनै सहयोग नगरेकाले चाहेअनुसारको प्रगति गर्न नसकिए पनि पहिलाको अपेक्षामा पछिल्लो समय राम्रै उपलब्धि छ। गाउँपालिकाभित्र पशुपालन गरिरहेका किसानलाई सहयोग पुग्ने र राम्रो गरिरहेका किसानहरूलाई प्रोत्साहन गर्न सके यहाँका कृषकहरू पशुपालनमा चाँडै आत्मनिर्भर बन्ने र सरकारलाई पनि लाखौं राजस्व उठ्ने नरैनापुर-४ का स्थानीय ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता सब्बीर खानले बताउनुभयो।



शोभा केसी

# कोरोनाकालमा बदलिएको 'नरैनापुर'

बाँकेको नरैनापुर भारतीय सीमावर्ती गाउँपालिका हो। कोरोना भाइरस कारण यो गाउँपालिका कुनै बेला 'इपिसेन्टर' बन्यो। तर, अहिले संक्रमण नियन्त्रणमा आएको छ। जिल्ला सदरमुकाम नेपालगन्जदेखि करिब ३५ किलोमिटर दक्षिणपूर्व राप्तीपारि भारतसँग सीमा जोडिएको नरैनापुर गाउँपालिका तत्कालीन ६ वटा गाविस कटकुइँया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गङ्गापुर मिलेर बनेको हो। नरैनापुर गाउँपालिकाको उत्तरतर्फ राप्तीसोनारी गाउँपालिका, दक्षिणतर्फ भारतको सिमाना, पश्चिमतर्फ डुडुवा गाउँपालिका र पूर्वतर्फ पनि भारतको सिमाना जोडिएको छ। कुनै बेला बाँकेको 'कर्णाली' भनेर चिनिने नरैनापुरमा मधेसी र मुस्लिम समुदायको बाहुल्यता छ।

नरैनापुर गाउँपालिकालाई राष्ट्रिय सञ्जालसँग जोड्ने नेपालगन्ज-बघौडा हुलाकी मार्ग कोरोना कालमै सम्पन्न भयो। कोरोना कालमै विजुली बल्यो। निर्माणसँग जोडिएका यावत् झमेलाहरू कोरोना संक्रमणकै अवस्थामा समाधानतिर उन्मुख भए। कोरोना संक्रमणको चरम पीडाकै बीचमा दशकौंपछि झुल्किएका सुखद कामले नरैनापुर बदलिन थाल्यो। गुमनाम रहेको नरैनापुर कोरोना महामारी नेपाल भित्रिएपछि एकाएक चर्चामा आयो। उसो त सयौं फुस्का घरहरूले बनेका नरैनापुरका थुप्रै बस्तीहरू आगलागीले सखाप हुँदा पनि यसको नाम सुनिने गर्दथ्यो भने नरैनापुर गाउँपालिकामा पर्ने गंगापुर, मटेहियाका केही दक्षिणी भूभाग, भारतले राप्ती नदीमा बनाएको लक्ष्मणपुर ब्यारेजका कारण वर्षेनी डुबानमा पर्ने गर्दा पनि यसको चर्चा कहिँकतै सुनिने गर्दथ्यो। अरूबेला त्यति नसुनिने नरैनापुरको नाम यस्तै महामारी, बाढी र आगलागीका घटनामा मात्र सुनिन्थ्यो। अनि फेरि गुमनाम बन्थ्यो। राज्यको मूलधारमा अझै पनि आफ्नो दह्रो उपस्थिति देखाउन सकेको छैन। यहाँका धेरै नागरिक रोजीरोटीका लागि भारतमा काम गर्न जान्छन्। दक्षिण र पूर्वतर्फ भारतीय नाका जोडिएको नरैनापुरमा लकडाउन भएपछि धमाधम भारत गएका नागरिक गाउँ फर्के। नाकाबाट लुकीछिपी नेपाल प्रवेश गर्ने क्रम रोकिएनन्। जेठको दोस्रो सातादेखि नरैनापुर 'इपिसेन्टर' बन्यो। कोरोनाको इपिसेन्टर भएपछि नरैनापुरकै लक्ष्मणपुरमा प्राथमिक स्वास्थ्य केन्द्रलाई आइसोलेसन बनाउने भने पनि सुविधा सम्पन्न भवन र विद्युत् थिएन। जेनेरेटरबाट आइसोलेसन सञ्चालन गरिए पनि सफल हुन सकेन।

त्यसपछि वर्षौंदेखि रोकिएको विद्युत विस्तारपछि नरैनापुरमा बिजुली बल्यो। बिजुली भएपछि स्वास्थ्य केन्द्रमा बिरामीको उपचार पनि सहज भएको थियो। सूचना अधिकारी लक्ष्मीकान्त मिश्रका अनुसार नरैनापुरमा जम्मा १२५ जनालाई कोरोना संक्रमण भएको थियो। नरैनापुरमा बनाइएका क्वारेन्टिनमा रहेका सबै घर फर्किसकेका छन्। एक जनाको भने मृत्यु भएको थियो। नरैनापुरस्थित क्वारन्टिनमा रहेका २५ वर्षीय



पुरुषको कोरोना संक्रमणका कारण मृत्यु भएको थियो। नरैनापुरस्थित दिपेन्द्र प्राथमिक विद्यालयमा रहेको क्वारेन्टिनमा रहेका ती युवा वैशाख ३० गते भारतको मुम्बईबाट आएका थिए। गाउँपालिका स्वास्थ्य शाखाका अनुसार उनलाई राति वान्ता हुनुका साथै एक्कासी ज्वरो देखिएको र बिहानको समयमा मृत्यु भएको थियो।

**किन एक्कासि बढ्यो संक्रमण ?**

नरैनापुर गाउँपालिकामा ४३ हजारको हाराहारीमा जनसंख्या छ। भारतबाट आउनेलाई राख्न १७ वटा क्वारेन्टिन बनाइएका थिए। जसमा १ हजार १६३ जना विदेशबाट आएकाहरू बसेका थिए। यो नेपाल-भारत सीमा क्षेत्रसँगै जोडिएको गाउँपालिका हो। नरैनापुरमा मधेसी समुदायको बसोबास छ। कुनै समयमा नेपाली रूपैयाँसमेत नचल्ने यहाँका अधिकांश व्यक्ति कृषि पेसामा निर्भर छन्। शिक्षा र स्वास्थ्यमा धेरै पछाडि परेको नरैनापुरका प्रायः युवा वैदेशिक रोजगारीमा भारत जाने गरेका कारण रोजगारीबाट फर्केका व्यक्तिका कारण नरैनापुर कोरोनाको हटस्पट बन्यो। सीमापारि आएर रोकिएका ८०० युवालाई गाउँपालिकाले वैशाख अन्तिम साता उद्धार गरेर ल्याएको थियो। गाउँपालिकाले निर्माण गरेको क्वारेन्टिनमा उनीहरूलाई राखियो र परीक्षण सुरु गरियो।

कोरोना भाइरस प्रभावित क्षेत्र भारतको मुम्बई लगायत स्थानबाट फर्केर आएका व्यक्तिको क्वारेन्टिनमै स्वाब परीक्षण गर्दा जेठ २ गते पहिलो पटक नै ८ जनामा कोरोना संक्रमण पुष्टि भयो। त्यसलगत्तै क्वारेन्टिनमै बसेको अवस्थामा नरैनापुर गाउँपालिका वडा नम्बर ५ का २५ वर्षीय युवकको कोरोना संक्रमणबाट मृत्यु भयो। एम्बुलेन्सले बोक्न नमान्दा समयमा अस्पताल पुऱ्याउन नसकिएको र त्यही कारण उनको ज्यान गएको गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाह बताउँनुहुन्छ। नेपालमा दोस्रो कोरोना संक्रमितको मृत्यु थियो। उक्त घटनापछि नरैनापुरमा झन् डरलाग्दो अवस्था सिर्जना भयो। नरैनापुरमा पुष्टि भएका पहिलो संक्रमितको कन्ट्रयाक्ट ट्रेसिङका आधारमा थप व्यक्तिको स्वाब संकलन थालियो। यसरी संक्रमितको खोजी हुँदा संख्या झन्झन् वृद्धि हुँदै गयो। कोरोना भाइरस संक्रमणको अवस्था भयावह बन्न थालेपछि नरैनापुरलाई निषेधित क्षेत्र घोषणा गरियो।

**कसरी गरियो नियन्त्रण ?**

सूचना अधिकारी मिश्र भन्छन्, 'ग्रामिण भेग भएकाले कोरोना नियन्त्रण गर्न धेरै असहज भयो। कोरोनाको सुरुवाती चरणमा बिरामी बोक्ने एम्बुलेन्स घेराउ, झडप, ढुङ्गामुढासमेत भएको थियो। तर सबैको सहयोगमा नियन्त्रणमा ल्याउन सफल भयौं। विभिन्न जनचेतनामूलक कार्यक्रमको आयोजना गरिएको थियो। जनप्रतिनिधि, कर्मचारी बुद्धिजीवि लगायतको सहयोगमा गाउँपालिकावासीलाई कोरोनाका बारेमा जनचेतना जगायौं। त्यसपछि नियन्त्रणमा सहयोग भयो।' प्रदेश ५ को पिछडिएको क्षेत्र नरैनापुर गाउँपालिकामा शिक्षा र चेतनाको कमीका कारण पनि कोभिड-१९ प्रतिको अन्धविश्वासले झन् समस्या निम्त्याएको थियो। तर अहिले अवस्था फेरिएको छ र कोरोना पनि पूर्णरूपमा नियन्त्रणमा आइसकेको छ।

कोरोना भाइरसबारे अहिले विभिन्न अध्ययन अनुशन्धान भइरहेका छन्। विभिन्न विकशिल देशहरू कोरोनाविरुद्धको खोप बनाउन व्यस्त छन्। नेपाल लगायत कतिपय देशहरूमा खोप लगाउन सुरु भइसकेको छ। नेपाल सरकारले विभिन्न चरणमा कोरोना खोप लगाउन सुरु गरेपछि अब कोरोनालाई लिएर सिर्जित भ्रमहरू समाप्त हुँदै गएका छन्। केही एउटा धर्म मान्ने मान्छेलाई कोरोना लाग्दैन या मान्छेको रंग हेरेर कालो रंगका मान्छेलाई कोरोना लाग्दैन जस्ता भ्रमहरू चिरिँदै गएका छन्। जे जस्तो भनिए पनि यो एउटा भाइरस भएकोले यसको निदान धार्मिक वा कुनै तन्त्रमन्त्रबाट नभइ वैज्ञानिक खोजबाटै हुन्छ र त्यसको लागि विभिन्न खोपहरू पनि उत्पादन र परीक्षण भइरहेका छन्। सानो र अल्पविकसित मूलुक भए पनि नेपालले अन्य विकसित मुलुकहरू सँगसँगै कोरोना खोपको सुरुवात गर्ने शौभाग्य पाएको छ।

हाल विश्वभरी फैलिरहेका नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले 'कोभिड-१९'को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रूपमा घोषणा गरेको छ। कोरोना भाइरस श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो। यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ। ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने। खोक्दा वा हाछ्युँ गर्दा नाकमुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाईजर प्रयोग गर्ने। भिडभाडमा नजाने र अरूलाई पनि नजाने सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने गरिएमा यो रोग लाग्नबाट आफू पनि बच्न सकिन्छ र अरूलाई पनि बचाउन सकिन्छ।



# खरका छाना विस्थापित, हट्यो आगलागीको डर



विमला चौधरी

**फुसको छाना विस्थापन गर्ने उद्देश्यले संघीय सरकारले सुरु गरेको सुरक्षित नागरिक आवास कार्यक्रमले मौर्यको जीवनमै निकै ठूलो राहत र खुसी दियो ।**

वर्ष दिनको छोरा कोखमा थियो, रातैभर पानी पऱ्यो, श्रीमान् भारतमा थिए। घर छाउन नसकेर चुहिने भएकोले ओछ्यान भिजेर लिछिप्त भयो। म एक्ली मान्छे रातिमा कहाँ जाउँ ? घरभित्र पानीको पोखरी बन्न थालेपछि त्यहीँ छोरा कोखमा राखेर गाई बाँध्ने छाप्रोमा ओतिएर रात विताएकी थिएँ सर,' अहिले गाउँपालिकाले घरमा टिनको छाना छाएपछि असाध्यै खुशी लागेको छ,' नरैनापुर गाउँपालिका-३, कालाफाँटाकी सरिता मौर्यले आँखाबाट आँशु झार्दै भनिन् । सम्पत्तिका नाममा बासमात्रै भएकी मार्यको बिहान वेलुका चुलो जलाउन माध्यम भनेकै उनको र उनका श्रीमानको पाखुरो हो ।

फुसको छाना विस्थापन गर्ने उद्देश्यले संघीय सरकारले सुरु गरेको सुरक्षित नागरिक आवास कार्यक्रमले मौर्यको जीवनमै निकै ठूलो राहत र खुशी दियो । मौर्यजस्तै नरैनापुरका धेरै विपन्न परिवारका घरका फुसका छाना विस्थापित भएका छन् । बाँकेका ग्रामीण क्षेत्रमध्ये नरैनापुर गाउँपालिकामा फुसका छाना भएका घरहरू सबैभन्दा धेरै भएको बताइन्छ। फुसको छाना विस्थापन गर्ने उदेश्यले संघीय सरकारले सुरु गरेको सुरक्षित नागरिक आवास कार्यक्रम बाँकेमा पनि लागु छ। गतवर्ष तीन वटा स्थानीय तहमा मात्रै लागु भएको कार्यक्रम यसवर्ष सबै स्थानीय तहमा लागु गरिएको छ।

नरैनापुरका गाउँमा खरका छानालाई

विस्थापित गरि टिनको छानाले घर छाई दिएपछि विपन्नहरू खुसीले भावुक हुन्छन्। नरैनापुरका धेरै बस्तीहरू स्थानीय तहको निर्वाचनसम्म स-साना खरका झुपडीका घरले भरिएका थिए। अहिले ती बस्तीहरू टिनका छानाले चिटिक्क परेका छन्। टिनको छाना फेर्नु त परै जाओस्, त्यहीँ खरको छाना छाउन नसकेर पानी आउँदाभित्रै थाल र अरू भाँडाहरू थापेर बस्नु पर्दथ्यो। अहिले भने धेरै विपन्नलाई यस्तो समस्या भोग्नुपर्दैन। जिल्लाका स्थानीय तहले खरको छाना विस्थापित कार्यक्रम सुरु गरेपछि विपन्नका घरमा टिनका छाना लगाइएको छ। लामो समयदेखि खरको छानामुनि बसेका विपन्न परिवारलाई जस्तापाता उपलब्ध गराएपछि विपन्न परिवार खुसी छन्।

बर्सेनि भीषण आगलागीको घटना हुने नरैनापुरमा फुसको छाना विस्थापित गर्ने कार्यक्रम आएपछि आगलागीका घटनामा कमी आएको जनप्रतिनिधिहरूको भनाइ छ। गाउँपालिकामा जम्मा २५०० घरधुरीलाई टिनको छानो आवश्यक रहेको गाउँपालिका अध्यक्ष इश्तियाक अहमद शाहले बताउनुभयो। उहाँले भन्नुभयो, 'यसअघि ३०० घरधुरीले मात्र टिनको छानो लगाएर वर्षामा चुहिने र हिउँदमा आगलागी हुने डरको समस्या समाधान भएको छ।' उहाँका अनुसार यस वर्ष पनि ३६७ को सिफारिस भएर टिनको छानो लगाउने काम सुरु भइसकेको छ भने अब १९०० परिवारलाई अझै आवश्यकता रहेकोले त्यसको लागि पनि पत्र पठाइसकिएको छ। टिनको छाना विस्थापन गर्ने संघीय सरकारले कार्यक्रमले पानी चुहिने र आगलागिबाट केही मात्रामा सुरक्षित राख्ने काम गरिरहेको अध्यक्ष शाहले बताउनुभयो।

तर सरकारले निर्धारण गर्ने लाभग्राही संख्या अत्यन्त थोरै हुँदा कार्यक्रमको प्रभावकारीता अझै देखिन धेरै वर्ष कुर्नुपर्ने देखिएको छ। सुरक्षित आवासका लागि एउटा वडामा ६१ घरधुरीका दरले सबै वडाहरूमा यस वर्ष पनि अतिविपन्न परिवार छनौट गर्ने काम गरिरहेको अध्यक्ष शाहको भनाई छ। वडाध्यक्ष, वडा सदस्य र स्थानीयवासीसँग छलफल गर्नुका साथै आफै गाउँटोलमा अनुगमन गरेर छनौट गर्ने गरिएको अध्यक्ष शाहले बताउनुभयो। संघीय सरकारको फुसका छाना विस्थापन गर्ने कार्यक्रम सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा बाँकेका २७०० घरमा टिनको छाना लगाइएको संघीय आयोजना कार्यान्वयन इकाई, बाँकेले जनाएको छ। यस आर्थिक वर्षमा सबै स्थानीय तहमा २,२३६ घरमा टिनको छाना लगाउने कार्यक्रम छ जुन आवश्यकताको अत्यन्त थोरै संख्या भएको सम्वद्धहरूको भनाइ छ।

लाभग्राही छनोटमा सरकारको उदेश्य पुर्तिका लागि लाभग्राही संख्या बढाउनुपर्ने र राजनीतिक पक्षपातका कारण पनि कतिपय लाभग्रही छुटेकाले त्यस्तो समस्या हटाउनुपर्ने जानकारहरू बताउँछन्। तर अतिविपन्न र दलित समुदायको आवासका लागि पनि गाउँपालिकाका सबै वडामा छुट्टै छनौट समिति खटाइएको अध्यक्ष शाहले जानकारी दिनुभयो। गरिब र निम्न स्तरको आवास भएका जनताका लागि सरकारले घर बनाईदिने उद्देश्यले आर्थिक वर्ष २०७३/०७४ बाट जनता आवास कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। पहिलो वर्ष संघीय सरकारले नै सञ्चालन गरेको कार्यक्रम आर्थिक वर्ष २०७५/०७६ बाट प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको सहरी विकास तथा भवन कार्यालयले सञ्चालन गरिरहेको छ। जसअन्तरगत नरैनापुर गाउँपालिकामा २८ वटा घर बनिसकेका छन्।

यो सँगै पानी पर्दा छानो चुहिएर आधा रातमा उठेर भाँडा थाप्नुपर्ने बाध्यता थियो। तर, अहिले गाउँपालिकाले जस्तापाता दिएपछि पानी चुहिने समस्याबाट धेरैले मुक्ति पाएका छन्। गाउँपालिकाले सबै वडामा रहेका विपन्न नागरिकका फुसको छाना भएका घरहरूको तथ्याङ्क संकलन गरी अभियान सुरु गरिएको हो। संघीय सरकारले फुसको घर विस्थापित गर्ने कार्यक्रम ल्याउनु पहिले नै स्थानीय सरकारले निती तथा कार्यक्रममा समावेश गरी अभियान सुरु गरेको थियो। गाउँपालिकाले गरिब तथा विपन्न परिवारका लागि जस्तापाता दिन थालेपछि गाउँघरमा आगलागीको डरसमेत कम भएको छ भने प्रत्येक वर्ष घर छाउनुपर्ने झन्झटको पनि अन्त्य भएको छ।

गाउँपालिकाले विकास निर्माणको काम छोडेर पनि विपन्न जनताको घर छाउन सुरु गरेपछि स्थानीयले ढिलै भए पनि स्थानीय तहमा सरकार भएको महसुस गर्न पाएका छन्। गाउँपालिकाको वडा नम्बर ५ को मटेहियामा अहिलेसम्म १८ वटा पक्की आवास निर्माण सम्पन्न भइसकेको छ। दोस्रो चरणमा वडा नम्बर ५ मा ४ वटा र वडा नम्बर ३, ६ र १० मा १०/१० वटा घर निर्माणको अन्तिम चरणमा रहेको नरैनापुर ५ का वडा अध्यक्ष कृष्णचन्द्र मौर्यले जानकारी दिनुभयो। नरैनापुरको गंगापुर, मटेहिया र कालाफाँटामा जम्मा ३४ वटा पक्की आवासको ९५ प्रतिशत काम सम्पन्न भइसकेको मौर्यले बताउनुभयो। नरैनापुर गाउँपालिका-३ का वडाध्यक्ष राजकुमार मौर्यले स्थानीय जनप्रतिनिधि आउनुअघि २ लाख २५ हजार अनुदानमा नरैनापुरका विभिन्न स्थानमा जनता आवासको कार्यक्रम आए पनि कर्मचारीको लापरबाहीले निर्माण कार्य सम्पन्न हुन नसकेको बताउनुभयो।

स्थानीय तहको निर्वाचन भन्दा पहिले छनौट भएकाहरूले समयमा भुक्तानी नपाउँदा काम अधुरो रहेको र नयाँ छनौट भएकाहरूको आवास जनप्रतिनीधिकै पहलमा सपलतापूर्वक सम्पन्न भइरहेको वडाध्यक्ष मौर्यको दाबी छ। जगदेखि नै पक्की इँटाको दुई कोठा, अगाडि बरन्डा र शौचालयसहितको आवासका लागि प्रति लाभग्राहीलाई ३ लाख ५० हजार अनुदान दिने गरिन्छ। पहिले नै रकम दिएमा दुरूपयोग हुन्छ भनेर घर निर्माणको प्रगतिअनुसार ४ चरणमा रकम दिने गरिन्छ त्यो पनि लाभग्राहीको बैंक खातामा। जनता आवास कार्यक्रम, कार्यान्वयन कार्यविधिका अनुसार जग खनेमा २५ प्रतिशत, प्लिन्थ गरेमा ३० प्रतिशत, गारो तयार भएपछि ३५ प्रतिशत र शौचालय सहितका संरचना तयार भएपछि बाँकी १० प्रतिशत रकम उपलब्ध गराउनुपर्छ। आवास निर्माणका लागि समयमा रकम उपलब्ध नगराउँदा कतिपय स्थानमा निर्माण कार्य ढिलाइ हुने गरेको सम्बद्धहरू बताउँछन्।

नरैनापुरमा पनि यसअघि २८ वटा पक्की आवास निर्माण गर्दा त्यो समस्या आएको गाउँपालिका अध्यक्ष इश्तियाक अहमद शाहले स्मरण गर्नुभयो। जस्तोसुकै समस्या आए पनि बर्षात्को समयमा अहोरात्र खटिएर सतप्रतिशत काम सम्पन्न गर्न सफल भएको उहाँले बताउनुभयो। गत वर्ष सतप्रतिशत काम सम्पन्न गर्नेमा नरैनापुर गाउँपालिका पहिलो रहेको पनि अध्यक्ष शाहको दाबी छ। यस वर्षको योजना पनि समयमै सम्पन्न गर्ने गाउँपालिकाको लक्ष्य छ। यस वर्ष ३४ वटा पक्की आवास निर्माण सम्पन्न भएपछि प्रदेश सरकारको जनता आवास कार्यक्रम अन्तर्गत नरैनापुरमा ६२ वटा पक्की घर हुनेछन्। पहिले फुसको छाना विस्थापित गरिसकेपछि पक्की आवासलाई जोड दिइने नरैनापुर गाउँपालिकाको लक्ष्य रहेको छ।



# सडक सञ्जालले जेलिँदै ‘नरैनापुर’का बस्ती



लक्ष्मण ढकाल

**जनप्रतिनिधिको सक्रियता र मेहेनत तथा प्रयासले केन्द्र, प्रदेश र र स्थानीय तहको सहकार्यमा नरैनापुरका गाउँ बस्तीहरू सडक सञ्जालले घेरिएका छन् । जिल्लाका आठवटै स्थानीय तहमध्ये सबैभन्दा विकट र विकासका दृष्टिले पछि परेको नरैनापुर गाउँपालिका हो ।**

बाँके । त्यसो त नरैनापुरमा यो वा त्यो विषय पहिलो प्राथमिकतामा छ भन्ने नै छैन । नरैनापुर सदियौँदेखि विकासको भोको छ । यहाँ राज्यको सबै संयन्त्र भएर पनि राज्यबाट टाढा रहनुपर्ने अवस्था छ । मधेसी र मुस्लिम बाहुल्य क्षेत्र भएकोले राज्यबाट हेपाहा दृष्टिले हेर्ने गरिन्छ । जसका कारण बजेट विनियोजन गर्दा पनि विभेद गरिन्छ । जनप्रतिनिधि आउनुअघि नरैनापुरमा एक मिटर पनि पक्की सडक थिएन । नेपालगन्ज आउजाउ गर्न भारतीय बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो ।

सधैं दुर्गम र विकटको संज्ञा पाइरहने बाँकेको नरैनापुर गाउँपालिका सडक सञ्जालले घेरिँदैछ । सडक सञ्जालले घेरिएसँगै नरैनापुरले सुगमको आफ्नो परिचय बदलेको छ । गाउँगाउँमा सडक सुविधा पुगेको छ । अस्पताल बनेको छ । चिकित्सक बस्न थालेका छन् । सरकारी कार्यालयले गाउँमै सेवा दिइरहेका छन् । टेलिफोन र नेटवर्क पनि गतिलै छ । नरैनापुर फेरिएको छ । बघौडा क्षेत्र फेरिएको छ । स्थानीय तहको निर्वाचनपछि नरैनापुरको मुहार फेरिएको छ । अहिले नरैनापुर गाउँपालिकामा नयाँ सडक निर्माण तथा पुराना सडकको स्तरोन्नती भइरहेको छ ।

जनप्रतिनिधिको सक्रियता र मेहेनत तथा प्रयासले केन्द्र, प्रदेश र र स्थानीय तहको सहकार्यमा नरैनापुरका गाउँ बस्तीहरू सडक सञ्जालले घेरिएका छन् । जिल्लाका आठवटै स्थानीय तहमध्ये सबैभन्दा विकट र विकासका दृष्टिले पछि परेको नरैनापुर गाउँपालिका हो । बाँकेका अन्य गाउँपालिकाभन्दा विकासमा धेरै अघिदेखि पछाडि परेको गाउँपालिका हो, नरैनापुर । विगतदेखि नै नरैनापुरले ‘विकट’को

उपमा पाइरहेको थियो। बाटोघाटो, बिजुली बत्ती, वित्तीय सेवा लगायतको सेवासुविधा पर्याप्त नहुँदा नरैनापुर गाउँपालिका विकट मानिएको हो। तर, अहिले विस्तारै आफ्नो परिचय बदल्ने लयमा अघि बढिरहेको छ, नरैनापुर गाउँपालिका।

विकास भएको त्यो बेला देखिन्छ, जतिबेला गाउँठाउँका बाटाहरू पक्की बन्छन्। अहिले नयाँ बाटाहरू बन्नुका साथै सडक विस्तारलाई अभियानकै रूपमा अघि बढाइँदा सडक सञ्जालले सबै गाउँ टोल र बस्तीहरू जेलिँदै गएका छन्। एक वर्ष पहिलेमात्रै पनि नेपालगन्जबाट नरैनापुर जान गाडीमा चार घण्टासम्म लाग्ने गर्थ्यो। बाटोको अवस्था दयनीय हुँदा हिँड्डुल गर्न नै मुस्किल पर्ने नरैनापुरका सडक स्थानीय सरकार आएपछि सुधारिँदै गएका छन्। साना तथा ठूला सडकहरू बन्ने क्रममा छन्। केही सडकहरू पक्की बनेका छन् भने केही सडकमा ग्राभेल तथा माटो पटान गरी स्तरोन्नति गरिएको छ।

सडकलाई सुरुदेखि नै फराकिलो बनाउने सोचका साथ विकास निर्माणका कामहरू भइरहेको गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले बताउनुभयो। 'गाउँपालिकामा धमाधम सडक बनिरहेका छन्। गाउँगाउँमा चार मिटरभन्दा बढी चौडाइका पक्की सडकहरू बन्न थालेपछि स्थानीय पनि खुशी छन्,' अध्यक्ष शाहले भन्नुभयो। जनप्रतिनिधि आएपछि नरैनापुरको विकासमा तीव्रता आएको छ। गाउँगाउँमा फराकिला सडक बनेको देख्दा नरैनापुरवासी दङ्ग छन्। स्थानीयवासीको सहयोगमा नरैनापुरमा सडक विस्तार तथा स्तरोन्नतिको काम गर्न सजिलो भएको गाउँपालिकाका अध्यक्ष शाहले जनाउनुभयो।

गाउँपालिकाका उपाध्यक्ष जयन्तीदेवी श्रीवास्तवले भन्नुभयो, 'सुरु सुरुमा घर भत्काएर सडक बनाउन आनाकानी गरेका स्थानीयवासीले गाउँमै गाडी छिर्ने पक्की बाटो बन्ने भएपछि गाउँपालिकालाई सडक बनाउन साथ दिएका छन्।' उहाँका अनुसार घर अगाडि गाडी नै गुड्ने पक्की सडक बनेपछि स्थानीयबासी अहिले खुसी भएका छन्। नरैनापुरका अधिकांश सडकहरू कृषि सडकका रूपमा विकास गरिएकाले र त्यसबाट किसानले उत्पादन गरेको अन्नबाली सहजै सदरमुकाम नेपालगन्जसम्म पुऱ्याउन सहज भएको छ। आर्थिक वर्ष २०७७/०७८ मा अहिले गाउँपालिकासम्म जाने सडक कालोपत्रे गर्ने कार्य भइरहेको छ।

जनतालाई दिने सेवा सुविधामा कुनै कञ्जुस्याइँ गरिएको छैन। सडक सञ्जालका कारण नागरिकहरूलाई एक गाउँदेखि अर्को गाउँसम्म मात्रै होइन जिल्ला सदरमुकाम नेपालगन्जसम्म पुग्न पनि निकै सहज भएको छ। जनप्रतिनिधि आएको तीन वर्षको अवधिमा १५ किलोमिटर सडक पक्की बनेको छ। यो गाउँपालिकामा सडक पूर्वाधारको हिसाबले महत्वपूर्ण काम हो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाहीका अनुसार नरैनापुरका गाउँबस्तीमा स्तरीय सडक बन्न थालेपछि गाउँपालिकामा औद्योगिक क्षेत्रका रूपमा विकास गर्ने बहसहरू हुन थालेका छन्।

औद्योगिक ग्राम बनाउने बहससँगै गाउँपालिकाको क्षेत्रभित्र पर्ने सबै सडकलाई स्तरोन्नती गर्नुपर्ने बाध्यता रहेकै कारण सडक निर्माणलाई प्राथमिकता दिइएको प्रमुख प्रशासकीय अधिकृत शाहीले बताउनुभयो। हुलाकी सडकबाट भारतीय सीमा जोड्ने पक्की सडक बनाउने योजना अन्तर्गत ६ वटै वडामा पक्की सडकहरू निर्माण भइरहेका छन्। गाउँपालिकाका जनप्रतिनिधिलाई निर्वाचनका बेला मत माग्न जाने क्रममा सडक नभएकाले ट्याक्टरमा बसेर गाउँगाउँसम्म जानुपर्ने बाध्यता थियो। मुख्य सडकमध्ये धेरै सडकहरू कालोपत्रे तथा पीसीसी भइसकेका छन्। गाउँगाउँमा ६/६ मिटरका सडकहरू बनिरहेका छन्।

गाउँपालिका अध्यक्ष शाहले निर्वाचनका क्रममा भोगेका पीडा स्मरण गर्दै भन्नुभयो, 'सडक स्तरीय थिएनन्। ट्याक्टरमा बसेर टाढाटाढाको गाउँसम्म प्रचारप्रसार गर्न जाँदा निकै दुःख झेल्नुपरेको थियो तर, अहिले नरैनापुरको अवस्था पहिलेको भन्दा निकै फेरिएको छ। सडकहरूको स्तरोन्नति गरिएपछि नरैनापुरका गाउँहरूमा आउजाउ गर्न समस्या छैन। सबै भित्री गाउँका सडकहरू गाडी सहजै जान मिल्ने गरी नालीसहितको बनाइरहेका छौं।' गाउँपालिकाभित्र नयाँ ट्र्याक खोलिएका सडकहरू ग्राभेल गर्ने, कच्ची सडकहरूलाई स्तरोन्नति गरेर ग्राभेल गर्ने र ग्राभेल भइसकेका सडकहरूलाई कालोपत्रे तथा पीपीसी गरेर पक्की बनाउने गाउँपालिकाको लक्ष्य छ।

त्यस्तै नाला तथा स्ल्याव कल्भर्ट निर्माणलाई पनि प्राथमिकतामा राखिएको छ। कच्ची बाटो भएको ठाउँमा सडक चौडा गरी नालीसहितको पक्की बनाउने र सडक नै नभएको ठाउँमा नयाँ सडक बनाउने काम भइरहेको गाउँपालिकाका अध्यक्ष शाहले जानकारी दिनुभयो। उहाँका अनुसार भारतीय सडक भएर जानुपर्ने वडा नं २ रोशनपूर्वामा पनि गत वर्ष कच्ची सडक निर्माण गरिएको छ। यस वर्ष ग्राभेल बिछ्याएर सडक स्तरोन्नती गरिएको छ। नेपाली गाउँ भए पनि बाटो नहुँदा भारतीय भूमि भएर पुग्नुपर्ने रोशनपूर्वामा सडक निर्माण भएपछि त्यस क्षेत्रका स्थानीयलाई सहज भएको छ।

सडक सञ्जालले गाउँपालिकाका सबै वडा, गाउँ र बस्तीलाई नजोडेसम्म विकास सम्भव नहुने भएकाले सडक निर्माणलाई प्राथमिकतामा राखेको गाउँपालिकाका अध्यक्ष शाहले बताउनुभयो। नेपालगन्जदेखि नरैनापुरको कट्कुइँया जोड्ने ४४ किलोमिटर लामो हुलाकी सडक निर्माण पनि सकिएको छ। हुलाकी सडक बनेपछि नरैनापुरदेखि नेपालगन्जसम्मको सडक सम्पर्क सहज बनेको छ। प्रत्येक वडाको हुलाकी सडकबाट सीमा जोड्ने पक्की सडकहरू निर्माण भइसकेका छन्। यस वर्ष नयाँ ट्र्याक खोलेका सडकहरूलाई आगामी वर्ष सकेसम्म कालोपत्र गर्ने गाउँपालिकाको योजना छ। स्थानीयको सहजताका लागि स्थानीय सरकारले वडाका सबै बस्तीमा सडक सञ्जाल जोड्ने लक्ष्य अनुसार काम गरिरहेको छ।

स्थानीय सरकारले वडाका प्रत्येक बस्ती बस्तीमा सडक सञ्जालसँग जोडिएपछि नरैनापुरवासीलाई गाउँमै व्यापार व्यवसाय गर्न सहज भएको छ। 'तीन वर्षको अवधिमा नरैनापुरले 'विकट'को उपमा बदनेको छ,' अध्यक्ष शाहले भन्नुभयो, 'हामी नरैनापुरलाई विकट होइन निकट बनाउने अभियानमै छौं।' आफ्नै कार्यकालमा नरैनापुरलाई सुगमको सूचीमा पार्न सकेकोमा हामी हर्षित पनि भएका छौं।' पछिल्लो समय स्थानीय निकायकाले सबै वडाहरू सडक सञ्जालमा जोडिएपछि नरैनापुरवासीको जनजीवनसँगै दैनिकीसमेत फेरिएको छ। जनप्रतिनिधिकै सक्रियतामा नरैनापुरको हरेक क्षेत्रले काँचुली फेर्दै अघि बढेको छ। 'हाम्रै कार्यकालमा नरैनापुरको काँचुली फेरिएको छ। शिक्षा, स्वास्थ्य, कृषिको क्षेत्रमा आत्मनिर्भरताको बाटोमा पनि अघि बढिरहेको अध्यक्ष शाह बताउनुहुन्छ।




# बालमैत्री गाउँपालिका बन्ने अभियानमा 'नरैनापुर'



विजय मल्ल

**गाउँपालिकाले बामलमैत्री अवधारणालाई अवलम्बन गरेपश्चात बालक्लबहरुले बालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न थालेपछि परिवर्तन आएको हो ।**

सुगम जिल्लाको दुर्गम क्षेत्रका नामले परिचित नरैनापुर क्षेत्रले विस्तारै मुहार फेर्दै आएको छ। कुनैबेला सदरमुकाम नेपालगन्ज पुग्न एक दिन लाग्ने यो क्षेत्रले विकासको फड्को मारेसँगै केही घण्टाभित्रै नेपालगन्ज पुगेर पुनः फर्किन सकिन्छ। नरैनापुरदेखि नेपालगन्जसम्मको पीच सडकले सिमाना जोडिएपछि यसक्षेत्रका सर्वसाधरणको दैनिकी फेरिएको छ। सडक सञ्जालसँगै यतिबेला नरैनापुरका विविध समस्या र चुनौतीहरू विस्तारै समाधान हुँदै गएका छन्। मधेशी समुदायको बाहुल्यता रहेको यस क्षेत्रमा विकासले फड्को मारेसँगै यसक्षेत्रमा नेपालीपन झल्किनुका साथै यहाँका सर्वसाधारणको सोच, विचार र काम गराइमा समेत परिर्वतन आएको छ।

कुनैबेला आर्थिक कारोबार गर्दा नेपाली रूपैयाँ नचल्ने, कसैले नेपाली रूपैयाँ दिएर सामान खरिद बिक्री गरेमा नेपाली रूपैयाँ नलिने यहाँको रीति नै बसेको थियो। अझ यसक्षेत्रको प्रशासनिक काम होस् वा विद्यालयमा पठनपाठन नेपाली भाषा नै बोलिदैन्थ्यो। तर, यतिबेला नेपाली रूपैयाँमै कारोबार हुनेदेखि नेपाली भाषाको प्रयोग हुने भएपछि राज्यको मूलप्रवाहीकरणमा पिछिडिएको नरैनापुर तङ्ग्रिँदैछ। शिक्षा, स्वास्थ्य, सञ्चार लगायतका मुख्य पूर्वाधारदेखि सधैं सङ्घर्ष गरिरहेको नरैनापुर क्षेत्र पछिल्लो समय स्थानीय सरकार पाएपछि यी कुरामा बलियो बन्दै गएको छ। शिक्षा, स्वास्थ्यजस्ता मुख्य पूर्वाधारमा सहजै पहुँच नभएका यस क्षेत्रका बासिन्दाको दैनिकी परम्परागत शैलीमा रहँदै आएको थियो। अझ पनि परम्परागत शैलीमै रहेको यसक्षेत्रको जीवनशैलीमा छिमेकी देश भारतको वर्चश्व रहँदै आएको छ।

सदरमुकामन नेपालगन्जसँग सोझै सम्पर्क नभएका कारण शिक्षा, स्वास्थ्य, व्यापार र रोजगारीका लागि भारतका सहरमा निर्भर रहेका यहाँका बासिन्दाहरू विकासले फड्को मारेसँगै नेपालगन्ज र आसपासका क्षेत्रसँग जोडिन पुगेका छन्। कुनै समय आफ्ना बालबालिकालाई विद्यालय पढाउँदै नपढाउने पढाए पनि माध्यमिक शिक्षा पुरा गर्नबाट वञ्चित गराउने, बालिकालाई शिक्षाभन्दा पनि घरेलु काममा लगाएर सानै उमेरमा विवाह गराइदिने जस्ता बेथितिहरू न्यूनीकरण हुँदै गएका छन्। बालबालिकाका क्षेत्रमा बजेट छुट्याउने, उक्त बजेट बालबालिकाको क्षेत्रमै खर्च गर्नेजस्ता सामान्य कुरामा चासो नदिने नरैनापुर क्षेत्रले यतिबेला बालबालिकाको क्षेत्रमा बजेट विनियोजन गर्नुका साथै बालबालिकाका क्षेत्रमा चासो देखाउँदै आएको छ।

पूर्ण खोप, खुला दिसापिसाब मुक्त बन्नुका साथै बालविवाह, बाल दुर्व्यवहार, बालश्रमजस्ता घटनाहरू क्रमशः घट्दै गएका छन्। बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था, स्थानीय, जनप्रतिनिधि तथा स्वयम् बालबालिकामा बालअधिकार र बालबालिका सम्बन्धी जागरुक्ता र सचेतीकरण बढेसँगै यतिबेला नरैनापुर बालमैत्री अभियानमा अग्रसर भएको छ। बालमैत्री गाँउपालिका निर्माणमा नरैनापुर गाँउपालिकाले तदारुक्ता देखाएपछि यतिबेला बालमैत्री अभियानमा अग्रसर

गाँउपालिकाले नीति तथा कार्यक्रमका साथसाथै बजेट विनियोजन गर्दै अभियानलाई सशक्त बनाउँदै आइरहेको छ। नरैनापुर गाँउपालिकाले लिएको बालमैत्री अभियानलाई साथ र सहयोग भने गाउँपालिकामा रहेका बालक्लब तथा किशोरी क्लबले साथ दिइरहेका छन्।

उनीहरूले यतिमात्र नभई बालक्लब, किशोरी क्लब गठन, पुनर्गठन र विस्तार गर्दै बालमैत्री गाउँपालिकामा परिणत गराउन कसरत गरिरहेका छन्। गाँउपालिकाका विभिन्न वडा, समुदाय तथा विद्यालय स्तरमा गठित बालक्लब र किशोरी क्लबमा आबद्ध बालबालिकाले बालबालिका सम्बन्धी व्याप्त समस्या, चुनौतीलाई न्यूनीकरण गर्न समूह छलफलसँगै सम्बद्ध सरोकारवालालाई झकझकाउने समेत गरेका छन्। गाउँपालिकाले बामलमैत्री अवधारणालाई अवलम्बन गरेपश्चात बालक्लबहरूले बालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न थालेपछि परिवर्तन आएको हो। बिहान विद्यालय पुगेर बेलुकी घर फर्किने बालबालिका यतिबेला बालमैत्री अभियान तथा बालअधिकारका पक्षमा क्रियाशील बन्न थालेका छन्।

वडा, समुदाय तथा विद्यालय स्तरमा गठित बाल क्लबमा आबद्ध भएका बालबालिकाले नेतृत्व विकास, क्षमता विकास तथा बालअधिकारबारे छलफल, सार्वजनिक सवालका विषयमा सरोकारवालालाई झकझकाउनेदेखि टोल, विद्यालय सरसरफाइलगायतका कार्यक्रम बालक्लब तथा किशोरी क्लबले स्वयम सञ्चालन गर्दै आएका छन्। जसका कारण बालबालिकाबीच अन्तर्क्रिया, ज्ञानसीप र सूचना प्रवाह हुनुका साथै उनीहरूको व्यवहारमा समेत परिर्वतन आएको छ। बालबालिकाको सक्रियता बढ्दै गएपछि समुदायले बालबालिकाप्रति गर्ने व्यवहार, दृष्टिकोण र धारणामा समेत परिर्वतन आएको छ। जसले बालबालिकाद्वारा सञ्चालित बाल गतिविधिमा सार्वजनिक चासो र सक्रियता बढ्दै आएको छ।

बालिकाहरूलाई विद्यालय पढाउनु हुन्न भन्ने मानसिकता हराउँदै गएको छ। सानै उमेरमा बालविवाह गराउने परिपाटी क्रमिकरूपमा घट्दै गएको छ। यो सबै बालक्लब र बालबालिकाको सक्रियताका कारण भएको हो। महिला तथा बालबालिका प्रमुख कृष्णकुमारी चन्दले बताउनुभयो। चन्द भन्नुहुन्छ, 'गाँउमा हुने बालविवाह, बालश्रम, बाल दुर्व्यवहारका घटना होस् विद्यालय जानबाट बञ्चित बालबालिकाका सवाल क्लबका बालबालिकाहरूले सल्लाह र परामर्श दिँदै समस्या समाधानका बाटा पहिल्याउने गरेका छन्।' बालबालिकाका सवालमा स्वयम् बालबालिकाहरू नै क्रियाशील भएर अघि बढ्दा यसले सकारात्मक सन्देश दिएको सम्बद्ध सरोकारवालाहरूको बुझाइ छ। बालबालिकाको क्रियाशीलता बढ्दै गएपछि गाउँपालिकालाई समेत नीति तथा कार्यक्रम बनाउन थप दबाब आएको भन्दै यसप्रति गम्भीर रूपमा अघि बढेको चन्दको बुझाइ छ।

बालमैत्री उन्मुख गाउँपालिका यसअघि बालमैत्री अवधारणाअनुरूप विभिन्न सूचकहरूलाई पुरा समेत गरेको छ। नरैनापुर गाउँपालिकाका अध्यक्ष मोहम्मद इश्तियाक अहमद शाहका अनुसार नरैनापुरलाई बालमैत्री बनाउनका लागि नीति तथा बजेट विनियोजन गर्दै कार्यक्रमहरू अघि सारेको छ। उहाँले भन्नुभयो, 'हामीले बालसंरक्षण नीति निर्माण गरी बालसंरक्षण कोष खडा गर्नुका साथै बालअधिकार कार्यविधि, बालविवाह न्यूनीकरण निर्देशिका, बालक्लब, सञ्जाल गठन, विस्तार र सञ्चालन कार्यविधि बनिसकेको छ।' पछिल्ला समय बालक्लब र किशोरी क्लबमार्फत् चालिएका अभियानले गाउँपालिकामा सकारात्मक प्रभाव परेको भन्दै थप कार्यक्रम गर्न हौसला पाएको उहाँ बताउनुहुन्छ। बालमैत्री अभियान र बालमैत्री घोषणा कार्यविधिले तोकेका सूचक र मापदण्ड पुरा गर्न हामी तल्लीन छौं।'

त्यही अनुरूप बजेट तथा कार्यक्रमहरू विनियोजन गरि बालबालिकाको अर्थपूण सहभागितामूलक रूपमा अघि बढिरहेको अध्यक्ष शाहले बताउनुभयो। उहाँले भन्नुभयो, 'गाउँपालिकाका केही वडामा अझै पनि बालबालिका समस्या र चुनौतीहरू विद्यमान छन्, ती समस्याहरू समाधान गर्न हामी सजग र सचेत बनेका छौं।' विकासले भखरै फड्को मारिरहेको बताउँदै अध्यक्ष शाहले भन्नुभयो, 'परिर्वतन भन्ने कुरा आजको भोलि नै हुँदैन। यसका लागि समय लाग्छ।' उहाँले अगाडि थप्दै भन्नुभयो, 'यहाँका मुख्य समस्याहरू पहिचान गर्दै ती समस्या र चुनौतीलाई विस्तारै निराकरण गर्नतर्फ गाउँपालिकाका सबै लागिरहनु भएको छ। पहिले भन्दा उल्लेख्य मात्रामा यहाँ परिर्वतन भएको छ। यो हामीले अनुसरण गरेका छौं।'

बालमैत्री गाउँपालिका निर्माणको नीति अवलम्बन गरेसँगै नरैनापुरलाई बालमैत्री गाउँपालिका निर्माणका लागि कुनै कसर बाँकी नराख्ने बताउँदै अध्यक्ष शाहले बालबालिकाका सवालमा बालबालिकाद्वारा गरिने गतिविधि बढी प्रभावकारी हुने बताउनुभयो। 'आगामी आर्थिक वर्षमा बालमैत्री अभियानका अधिकांश सूचक पूरा गरी छिट्टै गाँउपालिकालाई बालमैत्री घोषणा गर्नेछौं,' अध्यक्ष शाहले भन्नुभयो। सोहीअनुसार गाउँपालिकाका सबै वडालाई निर्देशन दिएको बताउँदै उहाँले बालमैत्री गाउँपालिका निर्माणका लागि सबैको साथ र सहयोग अपिहार्य रहेको बताउनुभयो। नरैनापुर गाउँपालिकामा लामो समयदेखि बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएका स्थानीय त्रिभुवनप्रसाद यादवले बालबालिका र किशोरीहरूले समाजमा व्याप्त बाल समस्या समाधानका लागि स्वयम् आफैं अग्रसरता देखाएका छन्।

उहाँ भन्नुहुन्छ, 'बालमैत्री अभियानकै कारण यो सम्भव भएको छ। अहिले आफ्नै विवाहका लागि समेत बालबालिका र किशोरीले आवाज उठाइरहेका छन्।' गाउँपालिकाले बालिका शिक्षा बीमा कार्यक्रमअन्तर्गत २४ लाख विनियोजन गरी विद्यालय पहुँचदेखि टाढा रहेका बालिकालाई विद्यालय उपस्थिति गराउनुका साथै बालविवाह न्यूनीकरणमा यसले उल्लेख्य मद्दत गरेको यादव बताउनुहुन्छ। बालमैत्री अभियान अवलम्बन गरेको नरैनापुरले पछिल्ला दिनमा बजेट विनियोजन गर्नुमात्र नभई बालबालिकाको अर्थपूर्ण सहभागितामा समेत जोड दिएको छ। बालबालिकाको अर्थपूर्ण सहभागितालाई समेत महत्वपूर्ण रूपमा अङ्गिकार गरेको नरैनापुरले वडास्तरबाट मात्र नभई गाउँपालिकास्तरबाट समेत बालमैत्री अभियनालाई ध्यानमा राखेर कार्यक्रम तथा बजेट विनियोजन गर्ने गरेको छ।

नरैनापुरमा ३ मावि, १ निमावि र मदरसासहित ४७ वटा विद्यालय रहेका छन्। गाउँपालिकामा पछिल्लो समय शैक्षिक गुणस्तरतामा समेत बढोत्तरी भएर आएको छ। शैक्षिक गुणस्तरतामात्र नभई विद्यालयमा विद्यालय जाने उमेरका बालबालिकाको बढोत्तरीसँगैबीचमै कक्षा छाड्नेको संख्यामा समेत कमी आएर विद्यार्थी टिकाउदर बढेको छ। अभिभावकमा शिक्षाप्रति आएको सचेतनासँगै बालक्लब र किशोरी क्लबमार्फत बालबालिकाले चलाएका अभियान प्रवर्द्धनात्मक कार्यक्रमले थप सहयोगी भूमिका दिएको महिला तथा बालबालिका प्रमुख कृष्णकुमारी चन्दको बुझाइ छ। नरैनापुर गाउँपालिकामा बालविवाह, यौनजन्य हिंसालगायतका केही जटिल समस्याहरू रहेको भए पनि यसतर्फ गाउँपालिका र सम्बद्ध वडा कार्यालयहरू सचेत बन्दै आएको उहाँले बताउनुभयो।

## दुर्गमको परिचय बदल्दै

# ‘बाँकेको कर्णाली’ अर्थात् ‘बघौडा’



नरेन्द्र रेग्मी

**समय परिवर्तनशील हुन्छ नै। बघौडा पनि परिवर्तनकै रफ्तार अघि बढेको छ। पुच्छरको केही किलोमिटरलाई छोडेर बाटो बनिसकेको छ।**

नेपालका कतिपय विकट क्षेत्रहरूलाई चिनाउन ‘कर्णाली’को उपमा दिइन्छ। स्थानीय तहको निर्वाचनअघि बाँके जिल्लाको राप्ती नदी पूर्वको भेगलाई पनि ‘बाँकेको कर्णाली’ उपनामले चिनिन्थ्यो। कारण लामो समयसम्म राप्ती नदीमा सडक पुल बन्न सकेको थिएन। हरेक वर्षायाममा यस क्षेत्रको बाँकी जिल्लासँगको सम्बन्ध टुट्थ्यो। उक्त सडक पुल वर्षौंपछि मात्र सम्पन्न हुन सकेको थियो। नरैनापुर बाँकेको राप्तीपूर्व क्षेत्रको साबिकको एक गाविसको नाम हो र त्यस क्षेत्रको एक बजार केन्द्र पनि। पछि यस क्षेत्रका साबिकका कटकुइँया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया तथा गंगापुर गाविसहरूलाई समेटेर नरैनापुर गाउँपालिका बनाइयो।

जिल्ला सदरमुकाम, नेपालगन्जबाट यी सबै साबिकका गाविसहरूलाई जोड्दै हुलाकी सडकमार्ग बघौडा भन्ने अन्तिम बिन्दूसम्म पुग्छ, जुन भारतको सीमा नाका नजिकै पर्छ। यसैले यस क्षेत्रलाई बघौडा क्षेत्र भनेर पनि चिनिने गरिएको छ। स्थानीय तहको निर्वाचनअघि यस क्षेत्रलाई विकटता र पछौटेपनले गाँजेको थियो। जस्तो कि स्थानीयवासीले नेपाली भाषा नबुझ्ने, नेपाली पैसा नचल्ने, बर्षायाममा सदरमुकामसम्म आउन भारतीय भूमि प्रयोग गर्नुपर्ने आदि। त्यतिबेला साँच्चै सापेक्षिकरूपमा सुगम मानिएको नेपालको तराई क्षेत्रमा नरैनापुर निकै विकट पनि थियो। त्यतिबेला सडक पुलको अभावमा राष्ट्रिय सडक सञ्जालसँग जोडिन नसकेको यस हुलाकी सडकको अवस्था निकै जीर्ण थियो। सडक मार्गमा पर्ने विभिन्न नालामा पुल, कल्भर्ट नहुँदा त्यसलाई पार गर्न घुमाउरो बाटो प्रयोग गर्नुपर्थ्यो।

बाँकेको बिनौना र बैजापुर क्षेत्र, जसलाई कुनै समय बाँकेकै सबभन्दा अनकन्टार क्षेत्रको रूपमा लिइन्थ्यो। किनकि यी राप्तीपारि जंगलले घेरिएर रहेका बस्तीहरू हुन् र लामो समयसम्म कतैबाट पनि सडक मार्गले जोडिन सकेका थिएनन्। बिनौना र बैजापुरको दक्षिणपट्टि रहेको छ, दाङबाटै विस्तारित हुँदै आएको चुरेको होचो श्रृंखला र यो राप्ती नदी नपुग्दै अन्त हुन्छ। साल, असना, कर्मा, कुसुम लगायतका रुखहरूको जंगलले ढाकेको यहीँ होचो चुरे श्रृङ्खलाको अझ दक्षिणपट्टि रहेको छ, नरैनापुर गाउँपालिका। त्यति बेलासम्म हिउँदमा नेपालगन्जबाट नरैनापुर जाने बाटो भनेको नेपालगन्ज, पुरैनी, कम्दी, फत्तेपुर हुँदै त्यहाँ पुग्ने हुलाकी सडक मार्ग नै थियो। वर्षायाममा भने राप्तीमा पुल नभएका कारण भारतभूमि भएर घुमेर जानुपर्थ्यो। वर्षौंको मर्मत सम्भारको अभाव र सडकमा गुडेका गाडी तथा बयलगाडाहरूले उडाएको धुलोले सडक कुइरीमण्डल भएको बन्थ्यो।

वर्षौंदेखि कर्णाली अर्थात पिछडिएको क्षेत्रको उपनाम पाइरह्यो खाल्टाखुल्टी बाटोले गिज्याइरह्यो। ‘आपत’ पर्दा भारतीय बाटो भएर जानुपर्ने भएपछि मान्छेहरूले बघौडालाई कर्णाली नभनुन् पनि किन ? हो, त्यहीँ बघौडा अर्थात् नरैनापुर गाउँपालिका पछिल्लो समयमा ‘सुगम’ हुँदै गएको छ। समय परिवर्तनशील हुन्छ नै। बघौडा पनि परिवर्तनकै रफ्तार अघि बढेको छ। पुच्छरको केही किलोमिटरलाई छोडेर बाटो बनिसकेको छ। केही महिनामै नेपालगन्जदेखि ४४ किलोमिटर टाढा रहेको बघौडा गाडीमा एक घण्टाको दुरीमा परिणत हुँदैछ। डेढ दशकअघि राप्ती नदीमा पुल बनेपछि बघौडा नेपालगन्जसँग जोडिएको थियो। तर, त्यसपछि पनि बाटो नबन्दा बघौडाले नेपालगन्जलाई अपनत्व महसुस गरेन। किनमेल, उपचार गर्न भारतीय शहर मात्रै रोजिएन, बघौडामै नेपाली पैसा नचल्ने अवस्था रह्यो।

स्थानीय तहको निर्वाचन अघि नरैनापुरको नाम हतपत सुनिँदैनन्थ्यो, न त यसको कहिल्यै राष्ट्रियस्तरमा चर्चा हुने नै गर्थ्यो। तर, नेपालमा कोरोना संक्रमण भर्खर भित्रँदै गर्दा नरैनापुर नेपालमा सबैभन्दा धेरै कोरोना भाइरस संक्रमित भएको गाउँपालिका बनेपछि देशव्यापीरूपमा नरैनापुरको चर्चा हुन थाल्यो। नरैनापुरका रामसुरत यादव भन्छन्, ‘बाटो बन्यो। नेपालगन्जसँग नजिक भएको छ।’ हुलाकी सडक निर्माण पूरा भएपछि सदरमुकाम नेपालगन्जसँग नरैनापुर नजिकिएको छ। जनप्रतिनिधि आएपछि धेरै क्षेत्रहरूमा सुधार भइरहेको छ। गाउँमा आधुनिक प्राथमिक स्वास्थ्य केन्द्र बनेर अस्पतालको रूप धारणा गरेको छ। बैंक पुगिसकेको छ। बालबालिकालाई स्कूलको पहुँचमा पुर्‍याउने प्रयासहरू भइरहेका छन्।

आफ्नो ठाउँको मान्छे पढेलेखेको नभएसम्म त्यो गाउँको विकास हुन सक्दैन भन्ने रटानमा रहेका गाउँपालिकाका अध्यक्ष मो.इस्तियाक अहमद शाहले शिक्षामा जोड गरिरहनु भएको छ। नरैनापुर अहिले पनि समस्यासँग जुध्दै अघि बढिरहेको छ। नरैनापुरकालाई राप्ती नदीले पीडा दिइरह्यो। अहिले यसको समाधान हुँदै गएको छ। मोबाइल नलाग्ने समस्या अब नरैनापुरमा रहेन। बघौडा अर्थात् सुगमको ‘कर्णाली’ को ‘उपमा’लाई बदल्दै नरैनापुर गाउँपालिकाले आफ्नो दुर्गमको




परिचय फेर्दै अगाडि लम्किँदै गएको छ। नरैनापुर गाउँपालिकाभित्रका समथर फाँटका बिच बिचमा रहेका अधिकांश फुसका घरहरू विस्तारै फेरिँदैछन्। तर, ती बस्तीहरूबाट मधेशको गरिबी र विपन्नताले अहिले पनि चियाइरहेको छ। ती बस्तीहरूमा पक्की घरहरू विरलै देखिन्छन्। नरैनापुरका बस्तीहरूमा भौतिक तथा सार्वजनिक पूर्वाधारहरूको ज्यादै न्यूनता छ।

सायद यस क्षेत्रमा व्याप्त पछौटेपनका कारण नै हुनुपर्छ, नेपालपट्टिको बघौडा नाका, जसलाई स्थानीयहरू सुइँया नामले पनि पुर्काछन्। गाउँपालिकाका अध्यक्ष मो.इस्तियाक अहमद शाहले भन्नुभयो, 'हुलाकी सडकको निर्माण सम्पन्न भएपछि नरैनापुरका बस्तीहरूमा आर्थिक सम्पन्नता र विकासको झल्को देखिन थालेको छ। चरम गरिबीलाई चिर्दै सम्पन्नतातर्फ उन्मूख भएका छौं। सामाजिक स्तरमा अघि बढ्न पनि धेरै बाँकी छ। कृषिका नयाँ प्रविधि र स्रोत साधनहरू अझै पनि पुग्न सकेका छैनन्। हुलाकी सडक विस्तारसँगै कृषि उत्पादनहरू जस्तै मुसुरो, रहर, तोरीले बजारसम्मको पहुँच पाउन थालेका छन्। जसका कारण स्वास्थ्य, शिक्षासम्मको पहुँचमा पनि यसले सकारात्मक प्रभाव पार्न थालेको छ।'

नेपालका मुस्लिम बहुल धेरै कम स्थानीय तहहरू मध्ये एक हो, नरैनापुर गाउँपालिका पनि। यस गाउँपालिकाको लगभग ४५ प्रतिशत जनसंख्या मुस्लिमको रहेको छ। नेपालका मुस्लिमहरू धार्मिक अल्पसंख्यकका रूपमा रहेका छन्। नेपालमा विशेषगरी रौतहट र बाँकेका ग्रामीण क्षेत्रका मुस्लिमहरूको आर्थिक-सामाजिक जीवनस्तर अझै पनि धेरै तल रहेको देखिन्छ। मुस्लिम समुदायमा सरकारी स्कुलमा भन्दा मदरसा स्कूलहरूमा बढी रुचि छ। मदरसाहरूमा प्रायः उर्दू भाषामा पढाइन्छ भने यी मदरसाहरूलाई राष्ट्रिय शिक्षाको मूलधारमा ल्याउन अझै धेरै प्रयासहरू गर्न बाँकी रहेको गाउँपालिकाका उपाध्यक्ष जयन्तीदेवी श्रीवास्तव बताउनुहुन्छ। उहाँले गरिबीका कारण प्रायजसोः मुस्लिम बालबच्चाहरू प्राथमिक स्कूल पढ्दा पढ्दै स्कुल छाड्दा पर्ने बाध्यता विस्तारै अन्त्य हुँदै गएको बताउनुभयो। राज्यले दिने आधारभूत सेवा सुविधाको सामान्य पहुँचसम्म पनि पुग्न नसकेका नरैनापुरबासी स्थानीय तहको निर्वाचनपछि आशावादी र सम्भावनातर्फ अघि बढ्न सकेका छन्।

आर्थिक, सामाजिक र राजनैतिक अवसरहरू पाउने कुरामा नरैनापुरवासी आशावादी छन्। सरकारी र गैरसरकारी क्षेत्रमा स्थानीयहरूले पहुँच विस्तारसँगै अवसरहरू पाउन थालेका छन्। अध्यक्ष शाहले भन्नुभयो, 'मलाई राजनीति गर्नु छैन। जनताको सेवा नै ठूलो राजनीतिक सफलता हो। म राजनीति कम सेवा बढी गर्छु। जनताको हर दुखसुखमा साथ छोडेको छैन। गाउँपालिकाका जनतालाई भोको, रोकोभन्दा पनि समृद्ध सपना पूरा गर्ने अभियानमा छु।' अधिकांश नरैनापुरवासीका सपना र आकाङ्क्षाहरू एकै प्रकारका छन्। उनीहरूका कुनै ठूला सपना छैनन्, खाली भरपेट खान र लाउन पुगोस्, छोराछोरीहरू आफ्नो क्षमता अनुसार, शिक्षा र रोजगारी पाउन सकुन् भन्ने चाहना प्रकट हुन्छन्। वर्षौंदेखि राज्यबाट भोग्दै आउनु परेको चरम विभेद र असमानता हट्दै गएको छ। सायद, यिनै सामान्य सपनाहरू पनि पूरा हुन सकेको अवस्थाले सुगमको 'कर्णाली' अर्थात् बघौडा बदलिँदै सुगमतातर्फ अघि बढिरहेको छ।



# नरैनापुरमा खेलकुद सम्भावना



सौरभ गिरी

**जनप्रतिनिधि आएपछि नरैनापुर क्षेत्रमा पनि खेलकुदको विकास हुने सम्भावना जाग्दैछ। पछिल्लो चरण नरैनापुरमा पनि खेलकुदका पूर्वाधार बनाउन सकिन्छ र खेलकुदको विकास गर्न सकिन्छ भन्ने सन्देश दिन खोजिएको छ।**

बाँकेको नरैनापुरमा खेलकुदको सम्भावना छ कि छैन भन्ने विषय उठान गर्नु नै आफैंमा चुनौति छ। पिछडिएको क्षेत्रका रूपमा रहेको नरैनापुरमा खेलकुद गतिविधि शून्य प्रायः छन्। खेलकुदको पूर्वधार र विकास पनि छैन। तत्काल खेलकुदका सम्भावना पनि देखिँदैन तर पनि पछिका लागि अहिले नै हामीले सोचेनौं, योजना बनाएनौं र कार्यान्वयनका लागि अग्रसता देखाउन सकेनौं भने त्यो दिन आउने सम्भावना नै रहँदैन। हरेक खाले विकासबाट पछाडि रहेको नरैनापुरमा खेलकुदको हालत झन् दयनीय छ। तर यसो भनिरहँदा केही पनि हुन सक्दैन भन्ने चाहिँ हैन। जनप्रतिनिधि आएपछि नरैनापुर क्षेत्रमा पनि खेलकुदको विकास हुने सम्भावना जाग्दैछ। पछिल्लो चरण नरैनापुरमा पनि खेलकुदका पूर्वाधार बनाउन सकिन्छ र खेलकुदको विकास गर्न सकिन्छ भन्ने सन्देश दिन खोजिएको छ। नरैनापुर क्षेत्रमा समग्र खेलकुद विकासका लागि के कस्तो सम्भावना छ ? के के गरिनुपर्छ ? यी र यस्तै सवालमा केन्द्रित भएर यहाँ प्रस्तुत गर्न खोजिएको छ।

**नरैनापुरमा खेलकुद**

नरैनापुर क्षेत्रमा सुहाउँदो खेल मैदान छैन। खेल प्रशिक्षक छैनन्। खेल पूर्वाधार छैनन्। खेल प्रतियोगिता गर्ने आयोजक र क्लवहरू पनि छैनन् तर पनि खेलकुदको सम्भावना नै छैन भनेर भन्नु उचित हुँदैन। जहाँ समस्या छ, त्यहीँ सम्भावना र समाधान पनि हुन्छन् तर त्यसका लागि स्थानीय इच्छाशक्ति र सामूहिक सहकार्य भने जरुरी छ। नरैनापुर वडा नम्बर २ को अलिनगरमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला निर्माणका लागि शिलान्यास गरिएपछि खेलकुदमा नयाँ सञ्चार भएको थियो। प्रदेश सरकारको एक स्थानीय तह एक रंगशाला अभियानलाई सार्थक बनाउन अत्याधुनिक

रंगशाला निर्माण प्रक्रिया अगाडि बढाइएको हो तर त्यसको सार्थकताका लागि अझै पनि अनेकन चुनौती छन्। प्रदेश सरकारले बहुवर्षीय योजनाको रूपमा नरैनापुर क्रिकेट रंगशालाको आयोजना अघि सारेको हो।

आधुनिक क्रिकेट मैदान, स्विमिङ पुल, लङ टेनिस, बास्केट बल, भलिबल कोर्ट निर्माण गरिने बताइएको छ तर त्यसको निर्माण प्रक्रिया तीव्ररूपमा अघि बढाउन जरुरी छ। १ अर्ब ८ करोड ५४ लाखको लागतमा रंगशाला निर्माण गरिन लागिएको हो। गत वर्ष नरैनापुर गाउँपालिकास्तरीय प्रथम अध्यक्ष कप रनिङ शिल्ड खेलकुद प्रतियोगिता पनि सुरु गरियो। वडा नम्बर १ कटकुईंयामा प्रत्येक वर्ष गाउँपालिकाको आर्थिक सहयोगमा क्रिकेट प्रतियोगिता पनि हुँदै आएको छ। स्थानीय युवा तथा खेलकुद व्यवस्थापन समिति कट्कुईंयाको व्यवस्थापनमा प्रतियोगिता भइरहँदा क्रिकेटप्रति स्थानीय युवाको क्रेज बढ्दै गएको देखिएको छ। त्यस्तै गाउँपालिका स्तरीय अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिता पनि गाउँपालिकाले गर्दै आएको छ। खेलकुद प्रतियोगिताले निरन्तरता पाउने विश्वास जागेको देखिएको कोरोना संक्रमणले खेलकुदका गतिविधि ठप्पजस्तै भइरहेका छन्। तर पनि नरैनापुर गाउँपालिकाले खेलकुदलाई पनि प्राथमिकतामा राख्ने र सम्भावनाको खोजी गर्ने बताउँदै आएको छ।

**खेल पूर्वाधार**

देश संघीय संरचनामा गइसके पनि खलेकुदको संरचना अझै उस्तै छ। संघीय संरचना अनुसार खेलकुद संरचना, पूर्वाधार निर्माण हुनुपर्ने हो। खेल पूर्वाधार भन्नेबित्तिकै रंगशाला, खेल मैदान, खेलकुद खेल्ने थप संरचनालाई बुझ्दछौं। खेलकुद पूर्वाधार खेल विकासका लागि अनिवार्य आवश्यकता भए पनि आवश्यकता अनुसारको पूर्वाधारको विकास भएको छैन। खेल पूर्वाधारको अझै अभाव छ। प्रदेश र स्थानीय तहहरू स्वायत्त छन् तर पनि तीनको प्राथमिकतामा खेलकुद पूर्वाधार परेको छैन। स्थानीय तहले गर्नु पर्ने खेलकुदका कामहरू धेरै छन्। खेलकुद पूर्वाधार निर्माण गर्न अनेकन चुनौती छन् तर चुनौती छन् भनेर जिम्मेवारीबाट पञ्छिन भने कुनै पनि मानेमा मिल्दैन। प्रत्येक स्थानीय तहले अब पूर्वाधार निर्माणमा जोड दिन जरुरी छ। तर अहिलेसम्म यो क्षेत्र त्यति प्राथमिकतामा परेको देखिँदैन। खेल पूर्वाधार निर्माणमा स्थानीय तहलाई कहीँ बाधा देखिँदैन। खेल प्राविधिक सवाल पनि भएकाले जनप्रतिनिधिहरूले खेल पदाधिकारी र विज्ञसँगको सरसल्लाहमा आफनो योजना, बजेट र कार्यक्रम ल्याउन आवश्यक छ। सरकारले प्रत्येक निर्वाचन क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको मैदान बनाउने भनेको छ तर त्यसको प्रक्रिया भने सबै क्षेत्रमा हुन सकेको छैन। तथापि नरैनापुर गाउँपालिकामा भने अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण प्रक्रिया अघि बढाइएको छ। नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाह खेल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको बताउनुहुन्छ। स्थानीय सरकारले आफनो नीति तथा कार्यक्रम र बजेट भाषणमा खेलकुद क्षेत्रलाई महत्व दिनुपर्छ। नीति तथा कार्यक्रममा खेलकुदको विषय समावेश भएपछि नै कार्यान्वयनमा सहज हुने हो। भौतिक पूर्वाधार निर्माण आदि पनि बजेटमै निर्भर हुन्छन्। संस्थागत रूपमा खेलकुदको विकास गर्न खेल पुर्वाधार महत्वपूर्ण आधारस्तम्भ हो। तसर्थ खेल पूर्वाधार निर्माणमा सामूहिक पहलको खाँचो छ।

**कानुन र बजेट (कोष)**

खेलकुदको विकासका लागि सर्वप्रथम उचित कानुन निर्माण गर्न जरुरी छ। तर त्यसतर्फ स्थानीय तहले त्यति ध्यान दिएको पाइँदैन। खेलकुदको समग्र विकासका लागि आवश्यक कानुन, नीति निर्माण बनाउन आवश्यक छ। सर्वप्रथम खेलकुदको विषयमा दृष्टिकोण नै स्पष्ट हुन जरुरी छ। खेलकुद राम्रो प्रतिफल दिने क्षेत्र पनि हो भन्ने सोच जागृत गर्न आवश्यक छ। कतिपय स्थानीय तहले सो अनुसार नीति कार्यक्रम ल्याएर अघि बढ्ने कोसिस पनि गरिरहेका छन्। नरैनापुरमा पनि विगतको तुलनामा सुधार पनि भएको छ। नरैनापुर गाउँपालिकाले चालू आर्थिक वर्षमा पालिका स्तरीय बृहत् खेलकुद आयोजना गर्न ५ लाख रूपैयाँ छुट्ट्याएको छ। सबैभन्दा ठूलो भनेकै बजेट हो। खेलकुद विकासका लागि पनि सो अनुसारको वजेट विनियोजन गर्नुपर्छ।

खेलकुदका लागि स्थानीय तहमै आवश्यक कोष निर्माण गर्न पनि सकिन्छ। खेलकुदलाई जसरी प्राथमिकतामा राख्नुपर्ने हो त्यो भएको छैन। खेलकुदमा पर्याप्त वजेट छुट्ट्याइएको पाइँदैन। बजेट छुट्ट्याई हाले पनि त्यसको कार्यान्वयनमै समस्या निम्त्याइन्छ र वजेट फ्रिज हुन्छ। सर्वप्रथम जनप्रतिनिधि र कर्मचारीले खेलकुदप्रतिको सोच बदल्न आवश्यक छ। खेलकुद पनि उत्पादक क्षेत्र नै हो। खेलकुदमा छुट्टयाइएको बजेट पनि लगानी नै हो भनेर बुझ्न आवश्यक छ। सरकार स्पष्ट भएपछि मात्र ती कामका लागि कति बजेट छुट्याउने भन्ने विषय आउँछ। स्थानीय सरकारले राम्रो नीति र बजेटको व्यवस्था गर्ने हो भने खेलकुदले गति लिन्छ। खेल पूर्वाधार, खेल प्रशिक्षण र प्रतियोगिता आदिका लागि कोष स्थापना गर्न जरुरी छ। कोषका लागि सवै क्षेत्रको सहयोग पनि लिन सक्नुपर्छ। चुनौति हुँदाहुँदै पनि नरैनापुरमा थुप्रै सम्भावना पनि छन्। चुनौतिलाई अवसरमा बदलेर अगाडि बढ्ने प्रयत्नमा लाग्नुपर्छ।

**प्रशिक्षण र प्रतियोगिता**

खेलकुदमा प्रशिक्षण र प्रतियोगिता कत्तिको महत्वपूर्ण छ भन्ने कुरा भनिरहनुपर्ने विषय हैन। प्रशिक्षण बिना खेलकुदको समग्र विकास सम्भव छैन। सफल खेलाडीका लागि पर्याप्त प्रशिक्षण र प्रतियोगिता अनिवार्य जस्तै हो तर नरैनापुरमा न प्रशिक्षक छन्, न प्रतियोगिता अनि सफल खेलाडी कहाँबाट पाउनु। त्यसैले सबैभन्दा पहिले स्थानीय तहमै प्रशिक्षक र प्रशिक्षणको खाँचो छ। त्यसका लागि खेल सम्बद्ध निकायले पनि ध्यान दिन जरुरी छ। प्रशिक्षक पनि अधिकांश सहरमुखी, सुविधामुखी भइदिँदा ग्रामीण तहमा कुनै पनि खेलको प्रशिक्षण हुन पाउँदैन।

प्रशिक्षकमध्ये अधिकांशको ध्यान ठूला अन्तर्राष्ट्रिय प्रतियोगितामा केन्द्रित हुँदा ग्रासरुटबाट खेलाडी उत्पादनको प्रयास भएको पाइँदैन। यसले खेलको विकासमा नै परोक्ष असर पार्ने गर्दछ। प्रशिक्षकलाई गाउँ जाने वातावरण बनाइनुपर्छ। स्थानीय स्रोत जुटाएर पनि प्रतियोगिता गर्न सकिन्छ। तर त्यसो भएको पाइँदैन। त्यसका लागि स्थानीय उद्योगी, व्यवसायी, शुभेच्छुक दाताहरूले पनि सहकार्य गर्नुपर्छ। प्रतियोगितालाई केन्द्रित गरेर विशेष तालिमहरू दिइनुपर्छ। खास समुदाय, खास भूगोलमा गएर रिसर्च गरेर नयाँ प्रतिभा खोज्ने पहल गरिएकै छैन। प्रतिभाको खोजीका लागि गाउँगाउँमा प्रतियोगिताहरू गर्न आवश्यक छ।

नयाँ प्रतिभाको खोजी गर्न सक्नुपर्छ। नयाँ खेलाडीलाई प्रोत्साहन गर्ने वातावरण बनाइनुपर्छ। खेलका फाइदाबारे अभिभावकलाई पनि जानकारी दिइनुपर्ने हुनसक्छ। खेलाडीलाई पुरस्कार दिने व्यवस्था गराइनुपर्छ। सफल खेलाडीलाई मासिक भत्ताको व्यवस्था पनि मिलाइनुपर्छ। नरैनापुर गाउँपालिकाले खेल गतिविधिलाई प्राथमिकता राख्न खोजे पनि पछिल्लो चरण कोरोना संक्रमणले धेरै कार्यक्रमहरू प्रभावित भए। बजेट जति त्यसतर्फ केन्द्रित भयो। स्थानीय सरकारसँगै राजनीतिक दल, नागरिक समाज खेलकुदमैत्री हुन आवश्यक छ। खेलकुदको सम्भावना राम्रो छ। खेलकुद एकताको विषय हो, सदभाव, सम्मान, गौरव बढाउने विषय हो। खेलकुद स्वस्थ र अनुशासित नागरिक तयार पार्ने सवाल पनि हो भन्ने सबैले नबुझ्दासम्म खेलकुदको समान विकास सम्भव छैन।

# स्थानीय तहमा महिला अधिकार



शर्मिला थापा

**मुलुक संघीय संरचनामा प्रवेश गरेसँगै स्थानीय तहबाट अत्यन्तै कम मात्रामा महिला विकास कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्छ**



स्थानीय तहको निर्वाचनमार्फत देशभरका ७४४ स्थानीय तहमा १४ हजार ३०८ महिला जनप्रतिनिधि विजयी भएर हाल आ-आफ्ना तहमा कार्यरत छन्। निर्वाचन आयोगको तथ्याङ्कअनुसार जनप्रतिनिधिमध्ये सातजना महिला नगर प्रमुख पदमा विजयी भएका छन् भने २७६ जना उपप्रमुख छन्। त्यसैगरी गाउँपालिका अध्यक्षमा ११, उपाध्यक्षमा ४२४ रहेका छन्। त्यसैगरी वडाध्यक्ष ६२, सदस्य २६५, दलित महिला ६ हजार ५६७ र महिला सदस्यमा ६ हजार ७४२ जना रहेका छन्। संविधानले नै ग्यारेन्टी गरेका कारण स्थानीय उल्लेख्य संख्यामा महिला उपप्रमुख चुनिएका हुन्।

विश्वमा महिला सहभागिता र अधिकारलाई हेर्ने हो भने मेक्सिकोमा सन् १९७५ मा भएको प्रथम विश्व महिला सम्मेलनले विश्वव्यापीरूपमै महिलालाई विकासको मूल प्रवाहमा ल्याउने लहरको शुरुवात गऱ्यो। सोहीअनुरूप नेपालमा पनि पहिलो पटक छैठौं योजना (२०३७-२०४२) मा विकासमा महिला सहभागिता अभिवृद्धि गर्ने नीति अघि सऱ्यो र २०३८ सालमा स्थानीय विकास मन्त्रालय अन्तरगत महिला विकास कार्यक्रम सञ्चालन गर्न महिला विकास शाखाको स्थापना भएको थियो। बिस्तारै सबै जिल्लामा पनि जिल्ला विकास समिति अन्तरगत महिला विकास शाखाको रूपमा र विस २०६० मा महिला विकास कार्यालय नै स्थापना भएका थिए। सम्पूर्ण स्थानीय तहमा केही न केही मात्रामा महिला विकास कार्यक्रम सञ्चालनमा रही संरचना खडा गरिएका छन्।

साबिकका गाविसमा गठन गरिएका महिला सहकारी नाफामूलक वा आर्थिकरूपमा मात्र केन्द्रित नभई गैरनाफामूलक सामाजिक कार्यजस्तै बालविवाह न्यूनीकरण, मानव बेचबिखन नियन्त्रण लगायत विभिन्न कुप्रथा र कुप्रचलनको विरुद्धमा कार्य गर्दै आइरहेका छन्। किशोरीहरूको समूह वा वृत्तलाई अभिभावकत्व प्रदान गर्दै आवश्यकता अनुसार निरन्तर शिक्षा र सीपमा किशोरीहरूलाई आवद्ध गराउँदै आएका छन्। स्थानीय स्तरमा विभिन्न अभियान धुवाँरहित चुलो, खुलादिसा मुक्त अभियान, पूर्ण सरसफाइ, पूर्ण साक्षरता लगायतका सामाजिक क्रियाकलापमा केही सहकारीले नेतृत्व लिएर काम पनि गरिरहेका छन्। महिला विकास समितिअन्तरगत रहेर काम गर्ने गरी लैङ्गिक हिंसा निगरानी समूह गठन भएका छन्, जसले आफ्नो कार्यक्षेत्रमा घरेलु हिंसा न्यूनीकरण गर्न सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्।

यी लगायत थुप्रै सामाजिक कार्य महिला सहकारीले गरे पनि नाफामूलक संस्था भनी योजना तर्जुमा र बजेट बाँडफाँटमा सहकारीलाई कमै मात्रामा संलग्न गराउँदै आइएको छ। जबसम्म बालिका र किशोरीहरू निरन्तर शिक्षाको पहुँचबाट बाहिर हुन्छन्, तबसम्म महिलाको सशक्तिकरण अधुरो सपना हुन जान्छ भन्ने मूल मर्मलाई आत्मसात् गरी महिला विकास कार्यक्रममा विद्यालयविमुख किशोरीहरूसँग सम्बन्धित कार्यक्रम पनि सँगसँगै लिएर उनीहरूको निरन्तर शिक्षालाई बढी महत्व दिई बारम्बार सूचकको आधारमा अनुगमन गरिनुपर्छ।

विद्यालय शिक्षाबाट विमुख बालबालिकालाई विद्यालय भर्ना हुने वातावरणको सिर्जना हुनु आवश्यक देखिन्छ। केही बालबालिका विद्यालय टाढा भएर, अभिभावकको हेरचाह नभएर, घरेलु हिंसामा परेर, पारिवारिक जिम्मेवारी लिनुपर्ने भएर वा बालबालिका स्वयमूले अध्ययनमा रुचि नदेखाएर विद्यालय नजाने, विद्यालय छोड्ने वा निरन्तरता दिन नसकिरहेका थुप्रै बालबालिका छन्। यस्ता बालबालिकालाई निरन्तर शिक्षाको पहुँच अभिवृद्धि गर्न स्थानीय तहको कुनै एक उपयुक्त

विद्यालयमा आवासीय छात्राबास सञ्चालन गर्न सकिन्छ। आगामी दिनमा स्थानीय तहमा रहेका समस्यालाई सिफारिस गरी अन्यत्रै पठाउने चलनको अन्त्य गरी समस्याको दिगो र उपयुक्त समाधानमा जुट्नुपर्ने हुन्छ।

घरेलु हिंसामा परेका पीडित र प्रभावितहरूका लागि अल्पकालीन आश्रयस्थलको रूपमा साबिकका केही गाविसमा सामुदायिक सेवा केन्द्र र जिल्लामा जिल्ला सेवा केन्द्र सञ्चालनमा नै छन्। त्यसैगरी केही स्थानमा मनोपरामर्श उपलब्ध गराउनको लागि मनोपरामर्श केन्द्र स्थापना भएका छन्। स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका जिल्ला वा सामुदायिक सेवा केन्द्र र मनोपरामर्श केन्द्रको निरन्तरताका लागि आवश्यक प्रबन्ध मिलाइ पीडितहरूलाई पुनःस्थापनामा सहयोग पुऱ्याउनुपर्छ। नेपालको संविधानको धारा २१७ मा स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न तीन सदस्यीय न्यायिक समिति गठन हुने प्रावधान रहेको छ।

स्थानीय तहमा न्यायिक समितिका साथै अनुगमन समिति, राजस्व परामर्श समिति, बजेट तर्जुमा समिति र गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्थासँगको समन्वय समितिको मुख्य जिम्मेवारी उपप्रमुखकै काँधमा छ। नेपालको इतिहासमै २०७४ को स्थानीय तहको निर्वाचनबाट पहिलोपल्ट स्थानीय सरकारमा महिलाको सहभागिता झन्डै ४१ प्रतिशत हुनुलाई सम्पूर्ण नेपाली महिलाले ठूलो राजनीतिक उपलब्धिको रूपमा लिएर गौरवको रूपमा लिइएको छ। कुनै पदमा रहेर काम गर्ने पुरुषलाई भन्दा धेरै चुनौती पनि छ। हिजो सामान्य भूमिकामा रहेका महिलासमेत आज ठूलो जिम्मेवारी बहन गर्नुपर्ने तहमा पुगेका छन्। यसरी महिलाहरूको पदीय दायित्व रूपान्तरण भए पनि घरपरिवारमा निर्वाह भूमिकामा भने परिवर्तन आउन सकेको छैन।

स्थानीयस्तरमा आउने विवादको समाधान गर्दा सबैलाई समान देखेर न्याय निरूपणतर्फ न्यायिक समितिले ध्यान दिनुपर्छ। महिलाको न्यायिक पहुँचका लागि थुप्रै कानुनी दस्तावेजहरू र प्रयास भए पनि वास्तविकरूपमा पीडित महिलाले न्यायको महसुस गर्न सकिरहेका छैनन्। यसको मुख्य कारण भनेको न्याय प्राप्तिमा पारिवारिक, सामाजिक र त्योभन्दा पनि बढी राजनीतिक दबाब हुनु हो। न्याय खोज्न जाँदा फर्केर परिवारमा पुनः आउने वातावरण नहुने डरले धेरै महिला अन्यायमा नै बाँचिरहन बाध्य भइरहेका छन्। यसर्थ, स्थानीय तहले पहुँचविहीन र आवाजविहीन अवस्थामा रहेका महिलाको न्यायिक पहुँच अभिवृद्धिमा अनिवार्य ध्यान दिनुपर्छ।

मुलुक संघीय संरचनामा प्रवेश गरेसँगै स्थानीय तहबाट अत्यन्तै कम मात्रामा महिला विकास कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्छ, जसको कारण विगतका वर्षमा सञ्चालन गरिँदै आएका केही गरिबीविरुद्ध महिला अभियान, हिंसापीडित महिलाका लागि अल्पकालीन आश्रय साथै मनोपरामर्श सेवाजस्ता महत्वपूर्ण कार्यक्रम पनि ओझेलमा परेका छन्। यसर्थ, स्थानीय तहले महिला विकास कार्यक्रमको मूल मर्मलाई आत्मसात् गर्दै परिमार्जन आवश्यक भएमा सोहीअनुसार कार्यक्रमलाई निरन्तरता दिनुपर्छ। महिलाको लक्षित बजेट महिलाकै स्थानीय स्तरमा रहेका समस्या समाधान गर्न व्यावहारिक र रणनीतिक आवश्यकतालाई ध्यानमा राखी खर्च गरिने परिपाटीको सुनिश्चितता हुनुपर्छ।

परिस्थितिसँग जुध्दाजुध्दै हैरान भइसकेका कतिपय जनप्रतिनिधि महिलामध्ये कतिले 'म त बेकारमा वडा सदस्य भइछु, म त बेकारमा उपमेयर भइछु' समेत भन्छन्। महिला जनप्रतिनिधिका लागि परिवार व्यवस्थापन एउटा ठूलो चुनौती बनेको छ। यस्ता पारिवारिक गुनासो बोकेर आउने आफ्ना सहकर्मीलाई 'भात पकाउने काम तपाईंको भए पनि पस्केर खाने काम तपाईंको श्रीमानको हो' भनेर सम्झाउने गरेका छन्। कतिपयले खुलेर बोल्न नसक्ने, आफ्ना कुरा प्रस्ट पारेर राख्न नसक्ने र मिडियाबाट टाढै रहने बानी भएकाले पनि असमानताको सिकार हुनुपरेको छ। स्थानीय तहमा महिला सहभागिता जति नै बढे पनि महिलालाई पुरुषसमान नमान्ने मानसिकताका कारण लैंगिक असमानता व्याप्त छ।

समानता, सुशासन र समृद्धि नेपाल सरकारको लक्ष्य हो। तर यसका लागि आवश्यक तत्वहरू केके हुन् र यसका लागि हामीले हाम्रा स्थानीय तहका महिला नेतृत्वलाई कसरी प्रशिक्षित गर्न सक्छौं भन्नेबारेमा सोच्नु जरुरी छ। कुनै पनि नयाँ र परिवर्तनमुखी काम गर्ने क्रममा महिला हुन्, वा पुरुष कठिनाइ आउनु स्वाभाविक हो। तर महिलाका लागि त्यो अझै बढी चुनौतीपूर्ण हुन्छ। तर महिला प्रतिनिधिले आफूसामु आएका चुनौतीलाई एउटा अवसरका रूपमा लिनु जरुरी छ। स्थानीय सरकारको विभिन्न तहमा पुगेका महिला जनप्रतिनिधिसँग विकासका केकस्ता एजेन्डाहरू छन् ? वर्षभरि उनीहरूले गर्न चाहेका कामको कार्ययोजना उनीहरूले तयार पारेका छन् कि छैनन् भन्ने पनि महत्वपूर्ण विषय हुन सक्छन्।

स्थानीय तहमा कार्ययोजना तय गरिँदा महिला जनप्रतिनिधिका लागि क्षमता अभिवृद्धिका तालिमलाई प्राथमिकतामा दिनुपर्ने देखिन्छ। राजनीतिक पृष्ठभूमि नभएका महिला पनि निर्वाचित भएर आएका छन्। कतिपयलाई राम्रोसँग बोल्नसमेत आउँदैन। मलाई बोल्न आउँदैन भनेर उनीहरू आफैं कार्यालय नगएमा त्यहाँका वडाध्यक्षलगायत पुरुष सहकर्मीले झनै पछाडि पार्ने कोसिस गर्न सक्छन्। त्यसैले यस विषयमा आफू नै सजग भएर नियमित कार्यालयमा पुगी जनताका काममा डटेर लाग्ने हो भने जनविश्वास आफ्नो पक्षमा पारेर पुनः निर्वाचित भई त्योभन्दा माथिल्लो पदमा पुग्ने सम्भावना त्यत्तिकै छ।

मेयर, उपमेयर वा अध्यक्ष, सदस्य भएपछि चाहिने सीप र क्षमता विकसित गर्नु महिला जनप्रतिधिहरूलाई आवश्यक छ। काम गर्ने क्रममा पुरुष सहकर्मी र पितृसत्तात्मक सोचधारी जनतासँग कसरी व्यवहार गर्ने ? आफूले गरेका राम्रा काम कसरी सञ्चारमाध्यमबाट प्रवाह गर्ने ? आफूलाई सशक्त पार्न यस्ता थुप्रै क्षमतामा अभिवृद्धि गर्नुपर्ने हुन्छ महिला जनप्रतिनिधिले। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले जनप्रतिनिधिमध्ये कसको काम के हो भनेर स्पष्ट व्यवस्था गरेको छ। यद्यपि यी काम कसरी गर्ने भन्ने ज्ञानको अभाव महिला जनप्रतिनिधिमा रहेको पाइन्छ। यसका लागि स्थानीय सरकार सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी विभिन्न अभिमुखीकरण तालिमलाई सकेसम्म नछुटाउनु राम्रो हुन्छ।

साथै आफ्नो कामसँग सम्बन्धित नीति र कानुनको अध्ययनले पनि महिलालाई आफ्नो जिम्मेवारी क्षेत्रभित्रको निर्णय लिन आत्मविश्वास दिन्छ। पढेलेखेका, मज्जाले तर्क गर्न सक्ने र राजनीति बुझेका जनप्रतिनिधिलाई समेत पुरुष सहकर्मीहरू व्यवहारमा विभेद गर्छन् मुखले हामी समान हौं भने पनि। आफूभन्दा बढी पढेलेखेका युवाबाट निश्चय नयाँ कुरा आउँछन्। काम गर्ने क्रममा यस्ता परिस्थिति भोगिसकेका जनप्रतिनिधिको मनस्थितिमा परिवर्तन गर्न केही समय लाग्ने भए पनि महिला प्रतिनिधिले पनि आफ्नो क्षमता अभिवृद्धि गर्न छोड्नु हुँदैन। समावेशी नेतृत्वको सिद्धान्तअनुरूपको कार्यविभाजन स्थानीय सरकारको एक महत्वपूर्ण पक्ष हो। त्यसैअनुरूप नगर वा वडामा मेयर वा वडाध्यक्षले कसरी कार्य विभाजन गर्छन् भन्नेमा महिला जनप्रतिनिधि सचेत हुन आवश्यक छ।




# डिजिटल प्रविधि पछ्याउँदै 'नरैनापुर'



भीष्म लोध

**डिजिटल अभ्यासकै क्रममा रहेको नरैनापुर गाउँपालिकाले गाउँपालिकाका सम्पूर्ण कर्मचारीको उपस्थितिलाई व्यवस्थित बनाउन ई हाजिरीको अभ्यासमा समेत सूचारु गरेको छ।**

एउटा विकट क्षेत्र। मानिसका आधारतभुत आवश्यकताका धेरै कुराहरूको अभाव भएको क्षेत्र। शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार सबैको अभाव महसुस गरेको क्षेत्र नरैनापुर। नरैनापुरलाई अर्को पहाडको विकट क्षेत्रका रूपमा पनि चिन्न सक्छौं। पहाडको विकट भन्ने बित्तिकै तराईमा रहेको भए पनि नरैनापुर कुनै पहाडी क्षेत्र जहाँ अभावै अभाव रहेको हुन्छ, त्योभन्दा कम छैन। हुन त नरैनापुर तराई क्षेत्र हो। तराई क्षेत्र भन्ने बित्तिकै सबै सेवा, पूर्वाधार, आवश्यकता, सुविधा पुगेको बुझ्ने गर्छौं।

तर यहाँ यी यावत सबै कुराहरूको अभाव छ। मानौं कि कारागारभित्रको कैदी। जसरी कारागारमा रहेको कैदीलाई आफ्नो वरिपरि रहेका साथीभाइ र कारागारको क्षेत्रफलभित्र जे उपलब्ध छ, त्यसको प्रयोग उपयोग गर्न सक्छ। तर त्यही कारागारको पर्खालभन्दा बाहिर रहेको क्षेत्रमा रहेका कुनै पनि कुराहरू न हेर्न पाउँछ न त उपयोग, उपभोग गर्न नै पाउँछ। हो नरैनापुर पनि यस्तै यस्तै कथा, व्यथा रहेको क्षेत्र हो। नरैनापुर गरिबी, चेतनाको कमीकै कारण आधारभूतरूपमा विकासले फड्को मार्न सकेको छैन।

विगतदेखि नरैनापुरले 'विकट'को उपमा पाइरहेको छ। बाटो घाटो, बिजुली बत्ती, वित्तीय सेवा लगायतको सेवा सुविधा पर्याप्त नहुँदा नरैनापुर गाउँपालिका विकट मानिएको हो। ट्याक्टरसँगै त्यसअघि बयल गाडामा बसेर टाढा टाढाको यात्रा गर्नुपर्थ्यो। सडक नहुँदा जनतालाई आवतजावतमा निकै समस्या पर्ने गर्थ्यो। एकतर्फीरूपमा भारतले बनाएको बाँधका कारण नरैनापुर गाउँपालिका नै बर्सेनि डुबानमा पर्दै आएको छ। डुडुवा गाउँपालिका साबिकका होलिया, बेतहनी-२, वनकटी-३ कम्दी-४ र ५, हिरमिनिया-६, राप्तीसोनारी-७, फत्तेपुर-६, पदनाहा नरैनापुर-५, भगवानपुर दोन्द्रा, भोजभगवानपुर, महतिनिया-६ सोनवर्षा गंगापुरलगायत क्षेत्र डुबान र कटानको चपेटामा पर्ने गरेका छन्।

बाँधले प्राकृतिक बहाव रोकेपछि बर्सेनि जिल्लाको पूर्वीदक्षिण सीमावर्ती गाउँहरू डुबानमा पर्दै आएका हुन्। भारतले

कटकुइयादेखि पश्चिमतर्फ विस्तार गरेको सडक जस्तो बाँधले उत्तरबाट दक्षिण बग्ने पानीको निकास थुनेको छ। नरैनापुर गाउँपालिकाका अध्यक्ष मो इस्तियाक अहमद शाहले भारत दशगजासँग जोडेर बनाएको बाँधका कारण पानीको निकास नहुँदा एक दर्जन गाउँ डुबानमा पर्ने गरेको बताउनुहुन्छ। लक्ष्मणपुर बाँध र कलकलवाका कारण अहिलेसम्म चार हजार बिघा बढी खेतीयोग्य जमीन मरुभूमि भइसकेको पाइन्छ। बघौडा भनेर चिनिने नरैनापुर गाउँपालिका विकासको हिसाबले बाँकेको कर्णाली भनेर पनि चिनिन्छ ।

एक दशकअघि नरैनापुरबाट नेपालगन्ज पुग्न पाँच घण्टाका यात्रा तय गर्नुपर्ने बाध्यता रहेको थियो। ती यात्राका क्रममा दुःख, कष्ट भरिएका हुन्थे। नेपालगन्ज आउने जाने बाटो सहज थिएन। त्यसकारण पनि धेरैजसोले भारतीय बाटोको प्रयोगमार्फत नेपालगन्ज आउने जाने गर्थे। तर जुनबेला राप्ती नदीमा पुल बन्यो त्यसपछिबाट मात्र यस क्षेत्रमा यात्रा गर्न केही सहज बनेको छ। पुल नहुँदा डुङ्गामा कष्टकर यात्रा गर्नुपर्थ्यो भने राप्तीले छोडेका खोल्सा खोल्सी पार गर्न पनि उत्तिकै कठिनाइ भेल्न पर्थ्यो। कुल १७२.३४ कि.मी क्षेत्रफलमा फैलिएको नरैनापुर गाउँपालिका उत्तरतर्फ बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका, दक्षिणतर्फ भारतको सिमाना, पश्चिमतर्फ बाँके जिल्लाको डुडुवा गाउँपालिका र पूर्वतर्फ पनि भारतको सिमाना पर्छ।

यस गाउँपालिकामा ६ वटा गाविस कटकुइँया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया तथा गंगापुर रहेको छ। ६ वडा भारतीय सीमासँग जोडिएका छन्। समयमै उपचार नपाएर नरैनापुरका धेरैले ज्यान गुमाएका छन्। घरमा बिजुली नभएका कारण सबै कोठामा पंखा चल्दैनथ्यो। पसिना काढ्दै सुत्नुको विकल्प थिएन। २०५३-२०५४ सालतिर राप्रपाबाट निर्वाचित सांसद प्रेमबहादुर भण्डारीले पोल गाडेर नरैनापुरमा बिजुली बत्ती बाल्ने सपना देखाएका थिए नरैनापुरवासीले वर्षौंदेखि पाउँदै आएको आश्वासन बल्ल पूरा भएको छ। पोल गाडिएको २३ वर्षपछि नरैनापुरमा बिजुली विस्तार भएको छ। बिजुली विस्तार नहुँदा यहाँका स्थानीयवासी सिंचाइ, सञ्चार, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत सुविधाबाट वञ्चित हुँदै आएका थिए।

नेपाल विद्युत प्राधिकरण प्रदेश ५ डिभिजन कार्यालयले नेपालगन्जस्थित सवस्टेशनबाट नरैनापुरलाई विद्युत लाइन जडान गरिएको हो। नरैनापुरमा हाललाई नेपालगन्जस्थित सवस्टेशनबाट ११ केभी क्षमताको ग्रामीण फिडर जोडिएको छ। दुई वर्षअघि सरकारले लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रमार्फत् स्थानीयले अहिले नियमितजस्तै चिकित्सकीय सेवा पाइरहेका छन्। 'अब खेतीका लागि बोरिङ गर्न सजिलो हुने भयो,' स्थानीय बताउँछन्। नरैनापुर गाउँपालिका अध्यक्ष शाह बघौडावासीको बत्ती बाल्ने वर्षौंदेखिको सपना पूरा भएको बताउनु हुन्छ। गाउँमा विद्युत् पुगेसँग विकासले अर्को इट्टा थपेको उहाँको भनाइ छ। अब यहाँका नागरिकको आर्थिक विकासका लागि महत्वपूर्ण सहयोग पुग्ने अध्यक्ष शाह बताउनुहुन्छ।

कोरोना महामारीकै क्रममा नरैनापुरमा एक जनाको ज्यान गएपछि चिकित्सकविहीन प्राथमिक स्वास्थ्य केन्द्रमा एमबीबीएस चिकित्सक खटाइएको छ। बिजुलीको सुविधा आएपछि एक्सरे मेसिन पनि सुचारु भएका छन्। पाँच वर्ष अघिसम्म नरैनापुरमा भारतीय रूपैयाँमात्रै चल्थ्यो । आफ्नै देशमा जान भारतको पैसा साटेर लैजानुपर्थ्यो । अहिले नेपाली रूपैयाँमा कारोबार हुन थालेको छ। 'नेपाली रुपैयाँ नचल्ने ठाउँमा अहिले आकाश-जमिनको फरक देखिएको छ,' स्थानीय बताउँछन्। पुलको व्यवस्थापन भए पनि यस क्षेत्रमा ०७३ चैत ११ मा निर्माण थालिएको हुलाकी सडकको काम पनि पूरा भएको छ । नेपालगन्ज-बघौडा अन्तर्गत पर्ने ४४ किलोमिटर हुलाकी सडक निर्माणपछि मोटरसाइकलमा एक घन्टामै नेपालगन्ज पुग्न सकिन्छ।

नरैनापुरका धेरैले अवधी र हिन्दी भाषा बोल्ने प्रचलन थियो। यहाँका व्यक्तिको धेरै व्यक्तिका आफन्त भारतीय सीमा क्षेत्रमै बस्ने भएकाले उनीहरूमा हिन्दी भाषाको प्रयोग आवश्यक थियो। तर संघीयताको आगमनसँगै यस क्षेत्रमा सरकारी गतिविधिसँगै जनप्रतिनिधिको आउजाउ बढेपछि स्थानीयलाई राज्य भएको अनुभूत हुन थालेको र प्रयोगको भाषामा नेपालीले पहिलेको भन्दा बढि स्थान पाउन थालेको छ। यस्तै स्थानीय तहको निर्वाचनपछि बैंकको सुविधा नपाएको नरैनापुरमा बैंक पनि स्थापना भएको छ र प्रायः भारतीय रूपैयाँको प्रयोग भइरहने यस क्षेत्रका मानिसले नेपाली रूपैयाँमा कारोबार गर्न थालेका छन्। सुविधाहरूको उपलब्धता बढेसँगै डिजिटल अभ्यासमा नरैनापुर अघि बढिरहेको छ। कमैसँग मोबाइलको उपलब्धता हुने र उपलब्धता हुनेले पनि भारतीय सिम प्रयोग गर्ने गर्थे। तर पछिल्लो समय नरैनापुरवासी नेपाली टेलिफोन नेटवर्कको प्रयोग गर्न थालेका छन्। नेपाल टेलिकमले मोबाइल टावरको व्यवस्था गरेपछि पछिल्लो समय नेपाली मोबाइल प्रयोगकर्ता बढेको स्थानीय बताउँछन्।

नरैनापुर गाउँपालिकाको कार्यालयका साथै ६ वटै वडामा इन्टरनेट सेवा पुगेको छ। डिजिटल अभ्यासकै क्रममा रहेको नरैनापुर गाउँपालिकाले गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूको उपस्थितिलाई व्यवस्थित बनाउन ई हाजिरीको अभ्यासमा समेत सूचारु गरेको छ। लामो समयसम्म अभावै अभावको सामना गरेको नरैनापुरका कर्मचारीलाई यो अभ्यासले प्रबिधिसँग जोड्ने प्रयास सुरु गरेको छ। त्यस्तै कार्यालयबाट पठाईने चिठ्ठी पत्रको अब दर्ता चलानी पनि कम्प्युटरमार्फत् नै गर्न सुरु गरिएको नरैनापुर गाउँपालिकाका सूचना अधिकारी लक्ष्मीकान्त मिश्राले जानकारी दिनुभयो। गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरूले राजश्व बुझ्ने कार्यलाई ई-बिलिङ (कम्प्युटरमार्फत नै बिल काट्ने कार्य) मार्फत सुरु गरेका छन्।

सूचना अधिकारी मिश्राका अनुसार गाउँपालिकालाई प्रविधिमैत्री नै बनाउने अभ्यासको थालनी भएको छ। घट्ना दर्ता (पञ्जीकरण), अपाङ्गता परिचय पत्र, ई-जाँच लगायतका कार्यमा अघि बढिरहेको छ। यहाँका महेन्द्र मावि र जय किसान माध्यमिक विद्यालयमा इन्टरनेट सुविधा जडान गरिएको छ। विद्यालयमा इन्टरनेट सुविधा र कार्यालयमा प्रविधिको प्रयोगमार्फतको कार्यले गर्नुपर्ने काम अझ व्यवस्थित हुन थालेको गाउँपालिकाका रोजगार संयोजक एवम् स्थानीय समेत रहनुभएका मकबुल अहमद मुकेरी बताउनुहुन्छ। प्रयोगमा आएको डिजिटल अभ्यासले समग्रमा गाउँपालिकाको कार्यलाई नै व्यवस्थित बनाएसँगै सजिलो बनाएको छ। पहिलेको भन्दा नरैनापुरमा धेरै परिवर्तन भएको पाइन्छ। संघीयताको आगमनसँगै पूरा हुन लागेका बाटोघाटो निर्माण, भूकम्प प्रतिरोधी भवन निर्माण, बिजुली बत्ती जडान कार्यले नरैनापुरलाई डिजिटल अभ्यासमा अघि बढ्न प्रेरित गरिरहेको छ।



# सामाजिक सुरक्षा भत्ता

# ‘विपन्नका लागि बरदान’



शिवराज विसी

**नरैनापुर गाउँपालिकाले ज्येष्ठ नागरिक दिवसका दिन ८० वर्ष भन्दामाथिका ४५ जना ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाएर प्रमाणपत्रसहित सम्मान गरेको थियो।**

सामाजिक सुरक्षा त्यस्तो कार्यक्रम हो, जसले सर्वसाधरण नागरिकको आर्थिक सुरक्षाको लागि सरकारी कोषको विनियोजन गरिएको हुन्छ। समाजमा रहेका सबै वर्ग र समुदायका नागरिकहरूले सम्मानपूर्वक बाँच्न पाउने, सामाजिक क्रियाकलापहरूमा स्वतन्त्र रूपमा सहभागी हुन पाउने र समाजमा रहेका वस्तु तथा सेवाको सहज उपभोग गर्न पाउने अवस्थाको सिर्जना नै सामाजिक सुरक्षा हो।

शारीरिक तथा मानसिकरूपमा अशक्त, गरिब असहया, पिछडिएका वर्ग, बेरोजगार, ज्येष्ठ नागरिकलाई आर्थिक सहायता, स्वास्थ्य र सुरक्षाको प्रत्याभूतिका साथै अवकाशप्राप्त सरकारी कर्मचारीलाई निवृत्तिभरणको माध्यमद्वारा सामाजिक सुरक्षाको प्रत्याभूति गरिन्छ।

सर्वप्रथम, सामाजिक सुरक्षाको अवधारणा सन् १९३५ मा तत्कालिन अमेरिकी राष्ट्रपति फ्र्याकंलिन रुजवेल्टले अघि सार्नुभएको हो। मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ ले समेत सामाजिक सुरक्षाको अधिकारलाई मानवअधिकार कै अङ्गका रूपमा लिएको छ। प्रत्येक राज्यले आफ्नो स्रोत,

साधन र आर्थिक क्षमताका आधारमा सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ। अन्तर्राष्ट्रिय श्रमिक संगठन (आइएलओ) का अनुसार हालसम्म विश्व जनसंख्याको करिब २० प्रतिशत जनसंख्यालाई मात्र पर्याप्त मात्रामा सामाजिक सुरक्षाको प्रत्याभूति गर्न सकिएको छ। नेपालको हकमा प्रारम्भमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, शिक्षक र निजामती कर्मचारीलाई निवृत्तिभरको रूपमा सामाजिक सुरक्षा कार्यक्रमले निरन्तरता पाए पनि बृहतरूपमा सर्वसाधारणलाई समेट्ने गरी आर्थिक वर्ष २०५१/०५२ मा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वको सरकारले वृद्ध भत्ताको नाममा यो कार्यक्रम सुरु भएको हो।

उक्त कार्यक्रमको लोकप्रियतासँगै हाल यसको विस्तार भई ज्येष्ठ नागरिकका अलावा एकल महिला, विधवा, पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्ति, अतिअशक्त, लोपोन्मूख आदिवासी जनजाति, बालबालिका (बाल संरक्षण अनुदान) साथै ७० वर्षमाथिका ज्येष्ठ नागरिकको औषधोपचार खर्चमा समेत सामाजिक सुरक्षाको व्यवस्था गरिएको छ। संघीयतासँगै स्थानीय तहहरूले यो कार्यक्रमलाई अझै परिस्कृत गरेर बैंकिङ तथा घरदैलो सेवामार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेका छन्। अहिले बाँकेको नरैनापुर गाउँपालिकाले पनि सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई पनि परिस्कृत गरेर अघि बढिरहेको छ।

कुल १७२.३४ किलोमिटर क्षेत्रफलमा फैलिएको गाउँपालिका कटकुईंया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर गरी ६ वटा वडामा विभाजित छ। कुल ३४ हजार ९४२ जनसंख्या रहेको नरैनापुर गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा २ करोड ५० लाख ९६ हजार ७७७ रूपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरेको तथ्याङ्क छ। गाउँपालिकाले ज्येष्ठ नागरिक ७० वर्षमाथिका १ हजार ४०८ जनालाई १६ लाख ८० हजार ३०० वितरण गरेको छ। त्यस्तै, ज्येष्ठ नागरिक दलित २२७ जनालाई १६ लाख ३८ हजार वितरण गरेको छ भने ज्येष्ठ एकल महिला ३२१ जनालाई १८ लाख ६ हजार वितरण भएको छ।

यस्तै, विधवा 'क' वर्गका ५० जना र 'ख' वर्गका ११५ जनालाई २६ लाख २६ हजार रकम गाउँपालिकाबाट वितरण भएको छ। दलित बालबालिका 'क' वर्गका ६०८ र 'ख' वर्गका २ हजार ९४२ जनालाई १ लाख २६ हजार ८७७ रूपैयाँ वितरण गरिएको गाउँपालिका कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ। नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (घ)ले दिएको अधिकार प्रयोग गरी नेपालका ७५३ स्थानीय तहमा अनिवार्यरूपमा बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था लागू गरेको छ। जसअन्तरगत बाँकेको नरैनापुरमा पनि बैंकिङ प्रणालीमार्फत् नै सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको छ।

सुरुवातका दिनमा घरदैलोमा गएर वितरण गर्दा नागरिकहरूले सहज महसुस गर्ने गरेका थिए। अहिले बैंकसम्म पुग्न वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरूलाई असहज हुने गरेको उनीहरू बताउँछन्। पहिला घरघरमै पैसा आउथ्यो अहिले धाएरै जानुपर्छ अलि अपठ्यारो भएको उनीहरू बताउँछन्। गाउँपालिका कार्यालयका कर्मचारीहरू भने नागरिकहरूलाई केहि असहज भए पनि बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा पारदर्शी हुने बताउँछन्। 'घरदैलोमार्फत वितरण गर्दा पैसा कर्मचारीहरूले बोकेर हिन्नुपर्दा सुरक्षा खतरा पनि हुन्थ्यो। अहिले त्यो सबै चिन्तामुक्त भएको छ,' भन्छन् गाउँपालिका कार्यालयका कर्मचारी।

गाउँपालिकाले गर्दै आएको व्यवस्थापन सूचना प्रणाली (एमआइएस)द्वारा दर्ता अबदेखि हरेक स्थानीय तहका वडा कार्यालयहरूबाट भइरहेको छ। ६ वटा वडा रहेको गाउँपालिकामा ३ नम्बर वडामा नेटको समस्याका कारण सुचारु नभएको र बाँकी ५ वटा वडाहरूले आफैंले अनलाइन प्रणालीबाट दर्ता गरिरहेका छन्। अब दर्ता सम्बन्धी सबै काम सम्बन्धित वडाबाट हुने भएपछि गाउँपालिका कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ। नरैनापुर गाउँपालिकाले ज्येष्ठ नागरिक दिवसका दिन ८० वर्ष भन्दामाथिका ४५ जना ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाएर प्रमाणपत्रसहित सम्मान गरेको थियो।

जसमा १०५ वर्षका खुसीराम थारु समेत हुनुहुन्थ्यो। गाउँपालिकाबाट भत्ता बुझ्ने सबैभन्दा बढी उमेर भएका पनि थारु नै हुनुहुन्छ। धेरैजसोको जीवन जिउने आधार बनेको छ, सामाजिक सुरक्षा भत्ताबापतको भत्ता। भत्ता बुझेपछि त्यसैबाट साँझ बिहानको हातमुख जोर्ने, बिरामी पर्दा औषधोपचार गर्ने र त्यसैबाट दुखसुख गरेर जीवन चलाइरहेका छन्। नरैनापुर गाउँपालिकाको वडा नम्बर ३ काँटाफाँटाका खुसीराम थारु १०५ वर्ष उमेरका हुनुहुन्छ। करिब २०५० सालतिरबाट वृद्धवद्धा खान सुरु गरेको बताउने थारुकी श्रीमतीको ५ वर्षअघि निधन भयो। करिब १३ जनाको परिवारसँग बस्दै आए पनि आफ्नो सम्पूर्ण खर्च भने वृद्धभत्ताबाट आएको पैसा नै भएको उहाँ बताउनुहुन्छ। सरकारले ७० वर्षमाथि उमेर नाघेका वृद्धवृद्धाका लागि उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता उनीहरूको लागि बरदान नै सावित बनेको छ।

'सरकारले हामीजस्ता अशक्त गरीब दुःखी परिवारका लागि वृद्धभत्ता दिएर ठूलो गुन लगाएको छ, यसैबाट जेनतेनले जीविका चलेकै छ,' थारु भन्नुहुन्छ, 'चार महिनाको भत्ता एकमुष्ठ १२ हजार आउँछ, त्यसले चार महिनासम्मका लागि खर्च पुऱ्याउनुपर्छ। टिनले छाएको कच्ची घरमा बस्दै आउनुभएका थारुले भन्नुभयो, 'छोरा नाति जति भए पनि बुढेसकालको सहारा यही भक्ता हुने रैछ। मेरो एउटा छोरा छ, उसका २ वटा छोरा छन्, जेठो नातिसँग बस्छु, तर दुख बिमार पर्दा कसैले हेर्दैनन्। दुःख बिमार हुँदा औषधी गर्न, खाना, कपडा यही भत्ताबाट गर्छु, कहिले पुग्छ, कहिले पुग्दैन जसोतसो गुजारा गरिएकै छ। थारु त एक प्रतिनिधि पात्रमात्र हुनुहुन्छ। उहाँजस्ता धेरै सामाजिक सुरक्षा भत्ता पाइरहनु भएको छ, आधाभन्दा धेरैको जीवन जिउने आधार बनेको छ, सामाजिक सुरक्षा भत्ता। यसरी सरकारले उपलब्ध गराएको वृद्धभत्ता रकम उमेरले असहाय र अशक्त गरिब दुःखी परिवारका लागि ठूलो राहत भएको गाउँपालिकाका अध्यक्ष ईश्तियाक अहमद शाह बताउँनुहुन्छ। उहाँका अनुसार यसैबाट निम्नवर्गको जीवन धान्ने माध्यम बनेको छ भने वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता पाउन थालेपछि स्थानीयहरू खुसी भएका छन्। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विधवा महिलालाई अहिले बैंकमार्फत् गाउँपालिकाले सामाजिक सुरक्षाको रकम वितरण गर्ने व्यवस्था मिलाएपछि सर्वसाधारणलाई निकै सहज भएको छ। 'भत्ताको रकम वितरण कार्य थप प्रभावकारी बनाउँछौं,' अध्यक्ष शाहले भन्नुभयो।

अध्यक्ष शाहका अनुसार विपन्न ज्येष्ठ नागरिकका अलावा एकल महिला, विधवा, पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्ति, अतिअशक्त, लोपोन्मूख आदिवासी जनजाति, दलित बालबालिकाका लागि सामाजिक सुरक्षा भत्ता जीवन सहारा बनेको छ। नेपाल सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ताले नै धेरैको जीवन निर्वाह भइरहेको छ। सामाजिक सुरक्षा भत्ता लिने विपन्न परिवारका नागरिकहरू भत्ताबाट आएको पैसाले कपडा किन्ने, खानेकुराको जोहो गर्ने गर्छन्। १०५ वर्षीय खुसीरामले भन्नुभयो, 'हामी गरिब र बुढा दुवै भयौं कसले सोच्छ र हाम्रो बारेमा ? अब बुढो शरीरले केही काम गर्न सकिँदैन, हाम्रो सहारा र जीवन धान्न सामाजिक सुरक्षा भत्ता हाम्रा लागि बरदान नै सावित भएको छ।'

# वडापालिकाहरूको प्राथमिकता,

# ‘शिक्षा र स्वास्थ्यमा सहज पहुँच’

सुगम जिल्लाको दुर्गममा रहेको नरैनापुर गाउँपालिका । जिल्लाका अन्य स्थानीय तहको तुलनामा अहिले पनि पछाडी नै परेको छ । संघीय संरचनासँगै कुनै बेला सुगम जिल्लाको ‘कर्णाली’ भनेर चिनिने नरैनापुर गाउँपालिकाले आफ्नो परिचयलाई बदल्न सुगमको ‘कर्णाली’ भन्ने परिचय मेट्दै अघि बढिरहेको छ, नरैनापुर । यो पालिकाको सामर्थ्य अब ‘दुर्गम’को परिचय र आकारमा होइन, सुगमतातर्फको उपलब्धिमा नाप्ने बेला आएको छ । शिक्षा र स्वास्थ्य सेवा सरकारीकरण गर्नुपर्ने पक्षमा शुरु भएका नयाँ बहसहरु नरैनापुरका लागि भने सफल अनुभवहरु सुखद नतिजाका रूपमा सिद्ध हुन सक्नेछन् ।

स्थानीय तहको निर्वाचनसँगै निर्वाचित जनप्रतिनिधिहरुले ‘दुर्गम’को परिचय बदल्न निकै प्रयत्न पनि गरिरहेका छन् । वडागत भौगोलिक बनावट, संस्कृति, भाषाशैली, समुदाय लगायतका क्षेत्रमा आवश्यकता अनुसार केही फरक योजनाहरु छन् । तर, सबैका प्राथमिकताले एकापसमा मेल खाइरहेको छन् । यिनै विषयमा केन्द्रित रहेर नरैनापुर गाउँपालिका वडा नं. १ का अध्यक्ष मोल्हे बहेना शेष, वडा नं. २ का अध्यक्ष मसूद अहमद शाह, वडा नं. ५ का अध्यक्ष राजकुमार मौर्य, वडा नं. ४ का अध्यक्ष दिनेशप्रसाद शर्मा, वडा नं. ५ का अध्यक्ष कृष्णचन्द्र मौर्य र वडा नं. ६ का अध्यक्ष बिरेन्द्रपाल सिंहसँग गरिएको कुराकानीको सारसंक्षेप :



**मोल्हे बहेना शेष**

*वडाध्यक्ष - वडा नं. १, कटकुइँया, नरैनापुर गाउँपालिका, बाँके*

सर्वप्रथम सबै वडाबासीलाई म विनम्रतापूर्वक आग्रह पनि गर्न चाहन्छु, विकास निर्माणको काममा यहाँहरूको जुन सहभागिता र सहयोग छ, त्यो अविष्मरणीय छ। सहयोग र सहभागिता जसले जुटाउनु भयो, योजनाहरू सञ्चालन गर्दा उहाँहरूप्रति धन्यवाद र आभार प्रकट गर्न चाहन्छु। र अहिले सञ्चालन भइरहेका योजनाहरू र आफ्नो गाउँघर, छरछिमेक, शान्ति सुरक्षा अमनचयन कायम गर्ने कुरामा सबै वडावासीको सकारात्मक सहयोग अहिलेसम्म रहेको छ। त्यो सकारात्मक सहयोगको अपेक्षा फेरि पनि राख्न चाहन्छु। र सबै वडाबासीहरूलाई यहाँहरूले पुऱ्याउनु भएको सहयोगप्रति कृतज्ञ छु।

सबैभन्दा पहिला त स्रोत नै हो। स्रोतका ठिक हिसाबले परिचालन गर्न सकियो, स्रोत उपलब्ध हुन सक्यो भने स्रोतको उपलब्धताको आधारबाट विकास निर्माणका गतिविधिहरू सञ्चालन हुने हुन्। स्रोतको उपलब्धताको अवस्था हेरेर हामीले त्यसलाई थप स्रोत परिचालन गर्न सक्ने अवस्था भयो भने यस वडाको विकास निर्माणको काम चाहि द्रुत गतिमा अगाडी बढ्छ। यद्यपी स्थानीय तहको निर्वाचनपछि वडाको विकासले गति लिएको छ। कोरोना महामारीले विकासमा केही प्रभाव पारे पनि हाम्रो प्राथमिकताअनुसार वडाको विकास भइरहेको छ।

हालसम्म वडा नं. १ मा रहेका पाँच वटा बस्तीभित्र २ किलोमिटर पक्की सडक (पीसीसी) निर्माण भइसकेको छ। त्यस्तै वडामा रहेको कटकुइँया स्वास्थ्य चौकीको स्तरोन्नती गरिएको छ। नागरिकलाई स्वास्थ्य सेवाको सहज पहुँचमा ल्याइएको छ। वडाबासीहरूलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याउनका लागि धारा जडान गरिएको छ। मठमन्दीरहरू निर्माण तथा पुनःनिर्माण गरिएको छ। दुई वटा प्राथमिक विद्यालय र मदरसाहरू रहेको वडामा शैक्षिक सुधारका कार्यहरू पनि भइरहेका छन्। जस अन्तरगत नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मतनियाँ र बनियाँगाउँ मदरसामा नयाँ भवनसमेत निर्माण भएका छन्।

हाम्रा वडाभित्रका सडकहरू स्तरोन्नती गर्नुपर्नेछ। बिजुली बत्ती नपुगेका गाउँहरूलाई उज्यालो बनाउनु पर्नेछ। अहिले हाम्रो प्राथमिकता ति ठाउँहरूमा पनि छ र ति कामहरू हामीले गर्नेछौं। शैक्षिक सुधार भएमा विकासका अरू पाटाहरू खुल्छन्, भन्ने सोचका साथ शैक्षिक विकासले प्राथमिकता पाइरहेको छ। त्यस्तै कृषि मुख्य पेशा रहेको वडा नं. १ मा कृषकका समस्या समाधानका लागि सकारात्मक कामहरू भएका छन्। शैक्षिक सुधार र स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन प्राथमिकीकरण गर्दै वडाभित्रका समग्र कामहरू समानुपातिक ढंगबाट अघि बढिरहेका छन्।



**मसूद अहमद शाह**

*वडाध्यक्ष - वडा नं. २, लक्ष्मणपुर, नरैनापुर गाउँपालिका, बाँके*

विकास निर्माणको काममा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय तथा मदरसा भवनहरू निर्माण तथा मर्मत, स्वास्थ्य केन्द्रहरूको स्तरोन्नती, बाटोघाटो, पुल निर्माण यिनै हाम्रा प्राथमिकताका कामहरू हुन्। त्यो सँगसँगै भौतिक निर्माण देखिका अन्य कामहरूमा मानवीय विकासका क्षेत्रमा गर्ने कामहरू, आय आर्जनको क्षेत्रमा गर्ने कामहरू, शान्ति सुरक्षाको क्षेत्रमा गर्ने कामहरू यी सबै

कामहरूलाई हामीले सकेसम्म समानुपातिक ढंगबाट लिइरहेका छौं।

प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुरको स्तरोन्नति भएको छ। तीन शैय्याबाट १५ शैय्या बनाएका छौं। एमबीबीएस डाक्टरको उपस्थितिले जटिल प्रकारका बिरामीबाहेक अन्य विरामीहरूले यहीबाट स्वास्थ्य सेवा पाइरहेका छन्। आँखा अस्पताल सञ्चालनमा आएको छ। जसले आँखाका बिरामीहरूले सामान्य र मध्यमखाले सेवाहरू यही पाइरहेका छन्। वडा नं. २ मा रहेका ६ वटा मदरसामध्ये रोशनपुर र मियाँपुरमा मदरसा भवन तथा अन्य संरचनाहरू निर्माण गरिएको छ। गंगापुर गाउँमा ३० लाखको लागतमा मस्जिद निर्माण भएको छ भने लक्ष्मणपुरमै रहेको बाबाको मजारमा भौतिक पूर्वाधार निर्माणको काम सकिएको छ। जब्दहवा बाबा कुटीमा २० लाखका संरचना बनाइएका छन्। हुलाकी सडकदेखि वडा नं. २ को बेउचहवासम्म जाने सडक निर्माण भएको छ भने लक्ष्मणपुर गाउँमा १८ लाख रूपैयाँको लागतमा ५०० मीटर क्षेत्रमा ईँटा विच्छ्याइएको छ। त्यस्तै हुलाकीसँगबाट रोशनपुर जोड्ने सडकको डीपीआर निर्माण भएर काम सुरु भएको छ। जसको लागत करिब ३ करोड रहेको छ।

वडा नं. २ मा हालसम्म तीन किलोमिटर सडक पीसीसी भइसकेको छ भने अन्य कच्ची सडकहरूको स्तरोन्नति भएको छ। लक्ष्मणपुरमै २५ लाख रूपैयाँको लागतमा हाट बजार सञ्चालनमा आएको छ भने ९ लाखको लागतमा नमूना तरकारी खेती सञ्चालन गरिएको छ। नरैनापुरमा यसै वर्ष बिजुली आइपुगेको छ। तर, धेरै गाउँमा विद्युतीकरणको काम बाँकी नै छ। ती कामहरूलाई पनि सम्पन्न गर्नुपर्नेछ। आन्तरिक स्रोत कम हुँदाहुँदै पनि हामीले सोचेभन्दा बढी विकासका कामहरू गरेका छौं।

अबको हाम्रो पहिलो प्राथमिकता भनेको शैक्षिक सुधार नै हो। शैक्षिक चेतनाले व्यक्तिलाई सकारात्मक चेत दिन्छ, जसले समाजलाई सकारात्मकतातर्फ लैजान्छ, त्यसकारण पनि शैक्षिक सुधार हाम्रो पहिलो प्राथमिकता हो। दोस्रो, हाम्रा वडाबासी अहिले पनि स्वास्थ्य सेवाको पहुँचमा हुनु हुँदैन। यो बीचमा स्वास्थ्यका क्षेत्रमा धेरै काम भएका छन् तर, अझै पनि थप सुधारका कामहरू गर्न बाँकी नै छ, यसतर्फ पनि हामी सचेत छौं। तेस्रो, हामीले कृषिलाई पनि उत्तिकै प्राथमिकता दिएका छौं। अबको बाँकी कार्यकालमा अन्य भौतिक पूर्वाधारका अधुरा कामहरू पनि पूरा गर्नुपर्नेछ।



**राजकुमार मौर्य**
*वडाध्यक्ष - वडा नं. ३, कालाफाँटा, नरैनापुर गाउँपालिका, बाँके*

यो साढे तीन वर्षको अवधिमा जनतासँग गरेको प्रतिबद्धता र स्थानीय आवश्यकताअनुसार सूची तयार पारेर हामीले काम गरिरहेका छौं। हाम्रो कामबाट वडाका बासिन्दा खुसी छन्। वडामा खानेपानी, सडक, बिजुली बत्ती लगायतका समस्या अहिले पनि छ। ती समस्या समाधानमा निरन्तर खटिएर लागिपरेको छु। वडाध्यक्ष भएपछि थप जिम्मेवारी बढेको छ। वडा नं. ३ मा पर्ने १२ वटा गाउँहरू मध्ये अझै पनि २० प्रतिशत वडावासीको धारामा छैन, जसका कारण उनीहरू शुद्ध खानेपानी पाउनबाट वञ्चित छन्।

खानेपानी ट्यांकी बनिरहेको छ, बोरिङको काम पनि साथसाथै भइरहेको छ। १५ शैय्याको अस्पताल माग गरिरहेका छौं। अस्पताल निर्माणका लागि स्थानीयहरूले दुई बिगाह जग्गा दान गरेर दिनुभएको छ। जसको प्राविधिक मूल्याङ्कन भइसकेको छ। तर, अस्पताल निर्माण गर्न हामीसँग बजेट छैन, प्रदेश र संघले बजेट दिँदैन। भएको कालाफाँटा स्वास्थ्य चौकीको आवास भवन पनि जीर्ण छ। हामीसँग मर्मतका लागि बजेट छैन। जिल्ला समन्वय समितिसँग रकम माग गरेका छौं। अन्य वडाको तुलनामा यहाँ निकै कम विकास भएको छ।

चारवटा प्राथमिक विद्यालय रहेको यस वडाको शैक्षिक अवस्थामा विगतको तुलनामा केही सुधार भएको छ। वडाका सबै नागरिकलाई शिक्षाको पहुँचमा ल्याउनु पर्ने चुनौती छ, अझै पनि कतिपय बालबालिकाहरू शिक्षाको मूलधारमा आउन सकिरहेका छैनन्। हामीले यसका लागि अथक मेहनत गरिरहेका छौं। वडावासीहरूको शैक्षिक चेतना अभिवृद्धि गर्नका लागि विभिन्न खाले सकारात्मक प्रयासहरू भइरहेका छन्। शैक्षिक सुधारका लागि वडापालिकासँग पर्याप्त लगानी नहुँदा सोचेअनुसार काम गर्न सकिएको छैन।

अहिलेसम्म १० प्रतिशत सडकमात्रै पीसीसी गर्न सफल भएका छौं। अझै पनि धेरै वडावासीहरूलाई हुलाकी सडकसम्म जानका लागि कच्ची सडकका कारण बर्षात्मा हिलाम्मे हुँदा समस्या हुँदै आएको छ। घरघरमा स्वच्छ पानी, घरघरमा बिजुली पुऱ्याउनु पर्नेछ। गाउँहरूमा बिजुली बत्ती पुगेको छैन। सबै गाउँलाई उज्यालो बनाउनु पर्नेछ। वडाका सबै बस्तीहरूमा पक्की बाटो निर्माण गरी मुल बाटो (हुलाकी सडक) सडकसम्म सरल पहुँच बनाउनु पर्नेछ। अधुरा आयोजना निर्माण गर्नुपर्नेछ। वडाभित्र रहेको 'बर्फानी बाबा' पर्यटकीय क्षेत्रको विकास र प्रचारप्रसारका लागि कुनै योजना छैन। यसको विकास र प्रचारप्रसार वडापालिका एक्लैले सम्भव नभएकाले गाउँपालिका, जिल्ला समन्वय समिति, प्रदेश र संघीय सरकारले पर्यटकीय पूर्वाधार निर्माणका आवश्यक रकम विनियोजन गरेका पर्यटकीय पूर्वाधार निर्माणका लागि चासो देखाउनुपर्छ। पर्यटकीय पूर्वाधारहरूको विकास र विस्तार भएमा यहाँ पर्यटनको प्रचुर सम्भावना छ। यहाँ चुरेमा भइरहेको वन विनाश अर्को चुनौतीका रूपमा देखिएको छ, यसलाई रोक्न हामीले हरसम्भव प्रयास र प्रयत्न गरिरहेका छौं।



**दिनेशप्रसाद शर्मा**
*वडाध्यक्ष - वडा नं. ४, नरैनापुर, नरैनापुर गाउँपालिका, बाँके*

हाम्रो मुख्य काम भनेको जनतासँग गरेका प्रतिबद्धता पूरा गर्नु नै हो। निर्वाचित भएयता ७० मैले गरेका धेरै वाचा पूरा गरेको छु। अब बाँकी अवधिमा मैले गरेका सबै प्रतिबद्धता पूरा गर्नुपर्ने चुनौती छ र गर्नेछु। हरेक वर्ष वडावासीको राय अनुसार काम गरेको छु। वडामा आएको बजेटले स्थानीयको माग कति पूरा गरेका छौं भनेर मापन गर्ने हो। त्यसरी हेर्ने हो भने मेरो वडामा पूर्वाधार विकासको काम धेरै भएका छन्। चालू आर्थिक वर्षको बजेट पूर्णरूपमा खर्च गर्न सक्यौं भने धेरै कुरामा प्रगति हुन्छ।

आफ्नो क्षमताअनुसार काम गर्न सक्यो कसैले रोक्न सक्दैन। हामी यो

अवधिसम्म आइपुग्दा यही भावना र सोचले अघि बढेका कारण धेरै सफल भएका छौं। विकास निर्माणका काममा जनसहभागिता सुनिश्चित गरिएको छ। गाउँसभाले बजेट बनाउनुअघि वडाका टोलटोलबाट जनसहभागितामा प्राथमिकता छुट्याएर योजना माग गर्ने गरिएको छ। कानुन अनुसार मिल्ने साना योजना उपभोक्ता समितिबाटै निर्माण गरेर स्थानीय उपभोक्ताको सहभागितामा बनेको अनुगमन समितिले काम ठीक भए/नभएको अनुगमन समेत गर्ने गरेका छौं। अहिलेसम्म वडाभित्रको १० किलोमिटर सडकलाई पीसीसी गरेर पक्की बनाएका छौं। वडाभिका सबै टोलमा धारा र सरसफाईका लागि आवश्यक जनचेतनामूलक कामहरू भएका छन्। महत्वपूर्ण पाटोका रूपमा रहेको शैक्षिक गुणस्तरलाई उकास्न सकेका छौं। तीन वटा प्राथमिक विद्यालय रहेको वडा नं. ४ मा सबैलाई शिक्षाको पहुँचमा ल्याउन अहिले पनि विभिन्न सचेनतामूलक कामहरू भइरहेका छन्। गाउँमा गुणस्तरीय शिक्षाको लागि धेरै सकारात्मक कामहरू भएका छन्। यसबाट स्थानीयलाई आफ्ना छोराछोरी अनिवार्य विद्यालय पठाउनुपर्छ भन्ने चेत खुलेको छ।

कृषकका लागि तालिक तथा अन्य आवश्यकीय कामहरूलाई प्राथमिकीकरण गरेर कृषि पेशालाई सबल बनाउन लागिपरेका छौं। गरिबलाई कम्बल वितरणका कामहरू भएका छन्। स्वास्थ्य क्षेत्रमा विगतको तुलनामा भन्दा उल्लेख्य सुधार भएको छ। नरैनापुर स्वास्थ्य चौकीबाट दिइने सेवालाई थप प्रभावकारी बनाएका छौं। सुत्केरी भत्ता तथा सामाजिक सुरक्षा भत्ता पाउन लाभग्राहीलाई थप सहज र सरल बनाएका छौं। गरिब, दलित, लोपोन्मुख, आदीवासीलगायतलाई लक्षित गरेर हरेक वर्ष ठूलो रकम लक्षित वर्गको उत्थानमा खर्च भइरहेको छ। यसबाट उनीहरूको जीवनस्तरमा पहिलेको तुलनामा निकै धेरै सुधार आएको छ।



**कृष्णचन्द्र मौर्य**

*वडाध्यक्ष - वडा नं. ५, मटेहिया, नरैनापुर गाउँपालिका, बाँके*

हामी निर्वाचित भएर आई सकेपछि कानुन, विधिविधानमा अलमल हुनुपऱ्यो। तथापि त्यसलाई पनि चिर्दै वडापालिकालाई प्रभावकारी रूपमा विकासका योजना र सुशासनका काममा गति दिनुपर्छ भन्ने हिसाबले हामी लाग्दै गर्दा विकासका योजनाहरू सञ्चालन भइरहेका छन्। कतिपय योजनाहरू सम्पन्न गर्न बाँकी छन् ती कामहरू पनि पूरा हुन्छन्। पहिलो एक वर्ष सिकाइमै बित्यो। अहिले संविधानले दिएका जुन अधिकार र कार्यक्षेत्र, स्थानीय तहमा आएका छन्, त्यसले गर्दा पनि अब सबैको समझदारी सहमतिमा अघि बढ्दा सेवाग्राहीलाई चुस्त दुरुस्त रूपमा सेवा दिन सकिरहेका छौं।

अझ भन्ने हो भने हामीले निर्वाचनका बेला गरेका प्रतिवद्धताहरूलाई सकेसम्म पूरा गरेका छौं भन्ने लाग्छ। बाँकी रहेका प्रतिवद्धताहरूलाई पनि पुरा गर्ने प्रयत्नमा लागि रहेका छौ। जनताको चाहना आफू वडा कार्यालयमा जाँदा साथ काम हुनुपर्छ भन्ने छ। हामी पनि त्यहीँ चाहिरहेका छौं। जनताले छिटो छरितो सेवा सुविधा पाउनु पर्छ भन्ने हो। हाम्रो यो मान्यता पनि हो। र आएका सेवाग्राहीलाई हुने कामलाई छिट्टै गरिदिने र नमिलेका कामलाई यस कारणले तपाईको काम हुन सकेन यो मिलाएर आउनुहोस् भन्ने गरेका छौं। हामी जनप्रतिनिधि भएर आइसकेपछि जनतालाई यसको प्रत्याभूति दिलाउँदै सेवाग्राहीका भावना र उहाँहरूका भनाईलाई कदर गर्दै अघि बढिरहेका छौं।

निर्वाचनका बेला मैले जनतासँग खास प्रतिबद्धता त गरेको थिइनँ। तर, निर्वाचन जितेपछि म जतिबेला पनि वडाबासीकै साथमा रहन्छु भनेर बाचा गरेको थिए। उहाँका सुखदुखमा साथ दिन्छु भनेको थिए, म अहिले पनि वडाबासीकै साथमा रहिरहेको छु। मैले उहाँहरूका सुखदुखमा साथ दिने गरेको छु। निर्वाचित भएयता स्थानीय तहले निर्वाचित प्रतिनिधि प्राप्त गऱ्यो र त्यसको एउटा पात्र म पनि हुँ। निर्वाचनपछि कामको चाप पनि निक्कै धेरै छ। जनताका दैनिकीहरूसँग हामी भिडिरहेका छौं। उहाँहरूको सेवामा हामी तल्लिन भइरहेका छौं।




**बिरेन्द्रपाल सिंह**

*वडाध्यक्ष - वडा नं. ६, गंगापुर, नरैनापुर गाउँपालिका, बाँके*

व्यवस्था परिवर्तनपछि शून्यबाट हामीले हाम्रा कामहरू गर्नुपरेको अवस्थामा वडाबासीले सोचेजति काम नभएको हुनसक्छ। हामीलाई पनि सुरुका दिनमा निकै सकस थियो। किनकी कानुनहरू बनेका थिएनन्, कानुन बनाउँदै काम गर्दै जाँदा केही ढिलासुस्ती र सोचेअनुसार विकास भएको छैन, त्यो कुरालाई हामीले स्वीकार गरेका छौं। अझ नरैनापुर गाउँपालिकामा अन्य वडाभन्दा विकासमा सबै हिसाबले वडा नं. ६ लाई पछाडि पारिएको छ। वैचारिक र राजनीतिक द्वन्द्वका कारणले पनि केही समस्या छ। तर, मैले सकेजति काम गरेकै छु।

म वडाबासीको आशा र भरोसामा खरोरूपमा उत्रिएको छु। तै पनि कहिँकतै राजनीतिक र वैचारिक बेमेल हुँदा समस्या हुँदोरहेछ। यति हुँदाहुँदै पनि हामीले वडा नं. ६ को जयकिसान माध्यमिक विद्यालयमा दश जोड दुई (१०२) सञ्चालन गर्न सफल भएका छौं। यो नरैनापुरकै पहिलो उच्च शिक्षा पढाइ हुने विद्यालय भएको छ। शिक्षामा केही हदसम्म सुधार भए पनि अझै पनि धेरै चुनौतीहरू थपिँदै गएका छन्। सोनबर्षामा सामुदायिक स्वास्थ्य चौकीको स्तरोन्नति भएको छ। अहिले पनि यहाँको कृषिमा सुधार भएको छैन। कृषि परम्परागत रूपमै चलिरहेको छ।

हामीले वडामा शिक्षा, स्वास्थ्य, कृषि र सडक पूर्वाधार निर्माणका क्षेत्रलाई प्राथमिकतामा राखेका छौं। बाटोको समस्या, शिक्षा, स्वास्थ्य, विद्युत, युवा रोजगारलगायतका समस्या समाधानका लागि बजेट छैन। कोरोनापछि बेरोजगार बनेको युवाशक्तिलाई रोजगारको व्यवस्था गर्नुपर्ने चुनौती छ। प्रदेश र संघीय सरकारले पनि स्थानीय तहका लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्छ। यी कामहरूमा हामी सफल भएमात्र 'समृद्ध वडा, समृद्ध गाउँपालिका' बन्नेछ। आफ्नो अठोटसँगै वडाका सम्पूर्ण रचनात्मक कार्यका लागि सबै वडाववसी र जनप्रतिनिधिहरूको श्रेय र सद्भाव रहेको छ। यसमा म सम्पूर्ण वडावासीहरूमा कृतज्ञता प्रकट गर्दछु।

***प्रस्तुति : काशीराम शर्मा***

# कोरोनाले फेरियो नरैनापुरको मुहार



गाउँमा एकाएक पक्की सडक र बिजुली बत्ती आएपछि नरैनापुर गाउँपालिका-५ मटेहियाका केशवराम यादव दङ्ग हुनुहुन्छ। उनीजस्तै अरू धेरै स्थानीयबासी पनि यो विकास देखेर आश्चर्य र खुशी छन्। 'सधैँ निर्वाचनका बेला पक्की सडक र बिजुलीको कुरा हुन्थ्यो, अलिअलि पोल पनि गाडिन्थे तर निर्वाचन सकिएपछि चर्चा हराउथ्यो पोलमात्र ठडाइएका हुन्थे तर बिजुली बल्दैनथ्यो,' यादवले भन्नुभयो, 'यति सजिलैसँग गाउँमा पक्की सडक र बिजुली बत्ती आउला भन्ने मैले सोचेको थिइनँ, कोरोना महामारी चलेका बेला बिजुली र बाटो बनेपछि हामीलाई धेरै खुशी लागेको छ।'

वर्षा सुरु हुनासाथ सदरमुकाम नेपालगन्ज आवतजावत बन्द हुने समस्याको अब अन्त्य भएको छ। गाउँमा सडक र बिजुली बत्ती पुगेपछि नरैनापुरवासीले कोरोना महामारीको त्रास बिर्सिएको उहाँको भनाइ छ। एक जनाको ज्यान जाने गरी एकैपटक धेरै जनामा कोरोना संक्रमण फैलिएपछि चर्चामा आएको नरैनापुर कोरोना महामारीकै बीचमा सदरमुकाम नेपालगन्जसँग सिधा सम्पर्क हुने पक्की सडक र विद्युत् सेवा पुगेसँगै विकासको पथमा अघि बढेको महसुस भयो। मुस्लिम र मधेसी समुदायको बसोबास रहेको नरैनापुरका अधिकांश युवा रोजगारका लागि भारतको महाराष्ट्र लगायतका विभिन्न शहरमा जाने गर्दछन्।

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीले भारतमा रोजगारीका लागि गएका व्यक्ति धमाधम फर्किएसँगै नरैनापुरमा कोरोनाको महामारी फैलिएको थियो। विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथामका लागि बन्दाबन्दी जारी गरिएपछि अधिकांश विकास आयोजना ठप्प भए, तर सुगम जिल्ला बाँकेको दुर्गम क्षेत्रका रूपमा चिनिँदै आएको नरैनापुर गाउँपालिकामा भने वर्षौंदेखि अलपत्र हुलाकी सडक र विद्युतीकरणले कोरोना महामारीकै बेलामा पूर्णता पायो।

'विद्युतका पोलमात्र गाडिएको थियो तर तार तानिएको थिएन। सडक त थियो तर नाम मात्रको। वर्षामा हिलाम्मे भएर हिँड्नै नसकिने र हिउँदमा धुलाम्मे हुन्थ्यो। अस्पताल भवन थियो चिकित्सक थिएनन्,' नरैनापुरको विगतबारे सम्झँदै गाउँपालिका अध्यक्ष इस्तियाह अहमद शाहले भन्नुभयो, 'टेलिफोनको टावर थियो तर नेटवर्क थिएन, भारतीय रूपैयाँ बढी चल्थ्यो तर अहिले नरैनापुर फेरिएको छ-सडक, विद्युत्, डाक्टर, बैंक, टेलिफोन, इन्टरनेट सेवा पुगेको छ।'

अध्यक्ष शाहले सडक र विद्युत् पुगेपछि नरैनापुरको मुहार फेरिएको बताउँदै अब स्वास्थ्य, शिक्षा, बैंकिङ सेवा प्रवाहसँगै जीवनस्तर उकास्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। महामारीकै रूपमा कोरोना संक्रमण देखिएसँगै एक जनाको ज्यान नै गएपछि जेठको दोस्रो सातासम्म बाँकेको नरैनापुर कोरोनाको केन्द्रबिन्दु बन्न पुग्यो। त्यतिबेला नरैनापुर गाउँपालिका वडा नं ३ लक्ष्मणपुरमा प्राथमिक स्वास्थ्य संस्थाको सुविधायुक्त भवन भए पनि विद्युत् अभावले कोरोना संक्रमितलाई राख्ने आइसोलेशन केन्द्र बनाउन सकिएको थिएन।

अस्थायीरूपमा जेनेरेटरमार्फत् आइसोलेशन केन्द्र सञ्चालन गर्ने प्रयास पनि विफल भएपछि वर्षौंदेखिको विद्युत् आयोजनाको काम तत्कालै सुरु गराउनेतर्फ सबैको ध्यान गएको जिल्ला समन्वय समिति बाँकेका प्रमुख अजयकुमार श्रीवास्तवले बताउनुभयो। 'तत्कालका लागि प्राथमिक स्वास्थ्य केन्द्रसम्म आइसोलेशन केन्द्र सञ्चालनका लागि विद्युत् तार जडान गर्न माग गरिए पनि पछि नेपाल भारत-सीमा कटकुइँयासम्मै लाइन तानेर बत्ती बालिएको छ,' स्थानीयवासीसमेत रहेका श्रीवास्तवले भन्नुभयो, 'वर्षौंदेखि चर्चा भए पनि हुन नसकेको काम कोरोना महामारी र लकडाउनका बीचमा सम्पन्न भएको छ, यो नरैनापुरवासीका लागि असाध्यै खुशीको कुरा हो।'

नेपालगन्जबाट राप्तीसोनारी गाउँपालिकाको फत्तेपुर हुँदै नरैनापुर-५ जमुनाहासम्म विद्युत् लाइन पुगे पनि नरैनापुर, लक्ष्मणपुर, कालाफाँटा र कटकुइँयामा विद्युत् पुग्न सकेको थिएन। विद्युत् नभएकै कारण अत्यावश्यक स्वास्थ्य सेवा, सञ्चारका साधन प्रयोग गर्नसमेत अनेकन समस्या भेल्नु परिरहेको थियो। प्राथमिक स्वास्थ्य केन्द्रलाई लक्षित गरेर विद्युतीकरण विस्तार गरिए पनि स्थानीयको माग र सबैको साथले अन्ततः नेपाल-भारत सीमा सुइयासम्म विद्युत् परीक्षण सुरु गरिएको नेपाल विद्युत् प्राधिकरण प्रदेश ५ डिभिजन कार्यालय नेपालगन्जका प्रमुख मुनेन्द्र ठाकुरले जानकारी दिनुभयो।

उहाँका अनुसार पछिल्लो चरणमा राप्तीसोनारी र नरैनापुर गाउँपालिकामा दुई हजार ५०० विद्युत् खम्बा गाडेर विद्युतीकरण विस्तार गरेर बत्ती बालिएको छ। हुलाकी सडकमा मात्र नभई अब नरैनापुरका गाउँ गाउँसम्म विद्युत् सेवा पुग्दैछ। विशेषगरी अस्पताललगायतका स्वास्थ्य संस्था, क्वारेन्टिन, सुरक्षा निकाय र बैंक क्षेत्रमा विद्युत् सेवा सुरु गरिसकिएको छ। बन्दाबन्दीको अवधिमा नरैनापुर गाउँपालिका वडा नं. ५ मटेहिया चोकदेखि वडा नं. १ नेपाल-भारत सीमाक्षेत्र सुइयासम्म १६ किलोमिटरमा ४७० वटा खम्बा गाडिएको ठेकेदार कम्पनी त्रिलोक रेणु कन्सट्क्सनका प्रतिनिधि त्रिलोक धितालले जानकारी दिनुभयो।

उहाँले नरैनापुर गाउँपालिकाभर विद्युत् वितरणका लागि प्राधिकरणले नरैनापुरमा र कन्सट्रक्सनले मोतीपुर, लक्ष्मणपुर र सुइयामा ५० केभीको ट्रान्सफर्मर जडान गरेको बताउनुभयो। नरैनापुर गाउँपालिका वडा नं. २ का वडाध्यक्ष मसुद अहमद शाहले विगतमा ग्रामीण विद्युतीकरण समितिका नाममा काम अल्भिदै आएकाले त्यसलाई स्थगित गरी विद्युत् प्राधिकरणलाई जिम्मा दिएसँगै विद्युतीकरणको कामले सार्थकता पाएको बताउनुभयो। उहाँले आफू उक्त क्षेत्रको सांसद हुँदा सुरु गरेको विद्युतीकरणको कामले अहिले पूर्णता पाएकोमा गर्वको अनुभूति भएको बताउँदै अब नरैनापुरवासीले अँध्यारोमा बस्न नपर्ने दाबी गर्नुभयो।

## जोडियो नेपालगन्ज-नरैनापुर

लामो समयदेखि प्रतीक्षामा रहेको नेपालगन्ज-बघौडा सडक निर्माण चर्चा सुरु भएको दुईदशक बढी समयपछि निर्माण कार्यसम्पन्न भएसँगै नरैनापुर



गाउँपालिका सदरमुकाम नेपालगन्जसँग जोडिएको छ। करिब २३ वर्षअघिदेखि सडक निर्माणको चर्चा हुँदै आए पनि पटकपटकको अवरोध र अनिश्चितताकै बीच बाँकेकै दुर्गम राप्तीपारि बघौडा क्षेत्रमा अवस्थित नरैनापुर गाउँपालिकालाई सदरमुकाम नेपालगन्जसँग जोड्ने ४४ किलोमिटर सडक निर्माण कार्य कोरोना महामारीकै बीचमा पूरा भयो।

राप्ती नदीको बगर र फत्तेपुरमा निर्माणाधीन पुलबाहेक नेपालगन्ज बसपार्कदेखि नरैनापुरको भारतीय सीमाक्षेत्र कटकुइयाको सुइयासम्म नै कालोपत्र गर्ने कार्य सम्पन्न भएको छ। राप्ती नदीको बगर र फत्तेपुरमा निर्माणाधीन पुलमा पनि धमाधम काम भइरहेको छ। कोरोना महामारी संक्रमण रोकथामका लागि जारी बन्दाबन्दीमा पनि मजदूरको सामाजिक दूरी कायम गर्दै निरन्तर काम गरेका कारण समयमै सम्पन्न गरिएको निर्माणको जिम्मा पाएको गणपति कन्स्ट्रक्सनका प्रबन्ध निर्देशक तुल्सीराम भण्डारीले जानकारी दिनुभयो। नेपालगन्ज-बघौडा ४४ किलोमिटर सडकमध्ये ३६ किलोमिटर निर्माणसँगै बन्दाबन्दीले काम रोकिएको थियो।

रोकिएको कामलाई बन्दाबन्दीको अवधिमै पनि कामलाई सुचारु गरी सडक निर्माण सम्पन्न गरियो। बाँकेको नरैनापुर तथा राप्तीसोनारी गाउँपालिकालाई जिल्ला सदरमुकाम नेपालगन्जसँग जोड्ने यो सडक निर्माण सम्पन्न भएपछि त्यस क्षेत्रका करिब एक लाख बासिन्दाले वर्षौंदेखि खेप्दै आएको हिलो र धुलोको सास्ती अन्त्य भएको छ। यो सडक निर्माण सम्पन्न भएसँगै बघौडामा सडक पुऱ्याउने आफ्नो एउटा सपना पनि पूरा भएको यादवले बताए। भारत सरकारको सहयोगमा सो सडकको निर्माण कार्य १९ मार्च २०१४ मा सक्नेगरी भारतको जिभिआर इन्फ्र प्रोजेक्ट चेन्नाईले २० सेप्टेम्बर २०११ मा ठेक्का सम्झौता गरेको थियो।

करिब तीन प्रतिशत काम गरेर निर्माण कम्पनी भागेका कारण सो सडकको निर्माण कार्य लामो समयदेखि अवरुद्ध बनेको थियो। उक्त सडक २०७२ सालमा तत्कालीन सरकारले सडकको निर्माण नेपालले आफ्नै लगानीमा गर्ने निर्णय गरेर बजेटसमेत विनियोजन गरेपछि सडक निर्माणको काम अगाडि बढेको थियो। पप्पु लुम्बिनी जेभीले रु ६६ करोड ६ लाख ३६ हजार ८९० को लागतमा दोब्बर लेनको कालोपत्र सडक निर्माण कार्य सुरु गरेको थियो। उक्त कम्पनीले पनि काममा ढिलासुस्ती गरेपछि पछिल्लोपटक गणपति कन्स्ट्रक्सनले कामको जिम्मेवारी पाएको थियो। गाउँपालिकाको निरन्तरको प्रयासले बन्दाबन्दीका समयमा पनि सडक र विद्युत् विस्तारको कामले पूर्णता पाउन सम्भव भएको थियो।

## अत्याधुनिक प्रशासकीय भवन बन्दै

अत्याधुनिक प्रशासकीय भवन बनाउँदै नरैनापुरनरैनापुर गाउँपालिकाले निर्माण गर्ने प्रशासकीय भवनलगायत अन्य भौतिक संरचनाहरूको डिजाइन गरेको छ। गाउँपालिका कार्यालयको भवन नहुँदा सेवा प्रवाहमा समस्या भइरहेका बेला नरैनापुर गाउँपालिकाले आफ्नै प्रशासकीय भवन निर्माण सुरु गरेको छ। साविकका गाविस भवन, वडाका पुराना कार्यालय र भाडाका घरबाट सेवा दिन बाध्य भएका बेला नरैनापुरले आफ्नै प्रशासकीय भवन निर्माण गर्न लागेको हो। गाउँपालिकाले 'द्वार एक, सेवा अनेक' हुने गरी भूकम्प प्रतिरोधी प्रशासकीय भवन बनाउने तयारी थालेको गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले जानकारी दिनुभयो।

अध्यक्ष शाहका अनुसार प्रशासकीय भवन निर्माणका लागि विस्तृत परियोजना प्रस्ताव (डिपीआर) तयार भएर टेण्डर पनि आह्वान भइसकेको छ। विभिन्न स्थानीय तहहरूमा जनप्रतिनिधि निर्वाचित भएसँगै उनीहरूको पहिलो प्राथमिकतामा सवारी साधन खरिद परेकाले गाउँ, नगर र वडा कार्यालयका भवन निर्माण हुन नसकेको आरोप लागिरहेका बेला नरैनापुर गाउँपालिकाले भने प्रशासकीय भवन निर्माणको कामलाई प्राथमिकता दिएको छ। 'हाम्रो पनि पहिलो प्राथमिकता प्रशासकीय भवन नै थियो,' अध्यक्ष शाहले भन्नुभयो, 'विभिन्न कारणले डिपिआर निर्माणको काममा केही ढिलाइ भए पनि अब त्यो काम अघि बढिसकेको छ।'

भवन साँघुरो हुँदा सेवा प्रवाहमा जटिलता हुँदै आएकोले भवन निर्माणलाई प्राथमिकता दिएको उहाँले बताउनुभयो। कार्यालयको आफ्नै प्रशासकीय भवन निर्माणको काम तीव्र गतिमा अघि बढाउने बताउँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाहीले भन्नुभयो, 'डिपिआर निर्माणको काम सकिएर टेण्डर भएर ठेक्कामा गइसकेकाले भवन निर्माणको कामलाई तीव्रताका साथ अघि बढाउने छौं।' कार्यालय सञ्चालन गर्ने पूर्वाधार नहुँदा जनताले अपेक्षा गरेअनुसार सेवा प्रवाहमा कठिनाइ हुने गरेको बताउँदै प्रमुख प्रशासकीय अधिकृत शाहीले भन्नुभयो।

उहाँका अनुसार भवन तथा पूर्वाधार अभावका कारण सेवाग्राही आउँदा भीड हुने र चुस्त सेवा दिन गाह्रो भइरहेका बेला आफ्नै प्रशासकीय भवन निर्माण भएपछि सेवा प्रवाहमा सहजता हुनेछ। स्थानीयवासीले उपलब्ध गराएको एक बिघा १८ कट्ठा (झण्डै २५ रोपनी) जग्गामा निर्माण हुने प्रशासकीय भवन अत्याधुनिक र सुविधायुक्त हुनेछ। जस अन्तर्गत मुख्य प्रशासकीय भवन चार तलाको हुनेछ भने सभाहल, कर्मचारी आवास गृह, पाहुना घर र खाजाघरसमेत रहने गरी अन्य भवनहरू निर्माण हुनेछन्।

प्रशासकीय भवनको मुख्य प्रवेशद्वारसँगै एउटै प्राङ्गणभित्र, प्रतीक्षालय, बगैंचा, सुरक्षा गार्ड भवन, पार्किङ क्षेत्रलगायतका संरचनाहरू पनि निर्माण हुनेछन्। प्रशासकीय भवन निर्माणपछि गाउँपालिकाको कामकाजमा निकै सहजता आउने र सेवाग्राहीलाई अझ बढी गुणस्तरीय सेवा प्रदान गर्नमा मद्दत पुग्नेछ। भवन निर्माणका लागि गाउँपालिकाले जिल्ला समन्वय समिति बाँकेमार्फत् चार करोड रकम पाउने भएको छ भने जसमध्ये पहिलो चरणमा दुई करोड ७० लाख निकासा भइसकेको पनि गाउँपालिकाले जनाएको छ। त्यसबाहेक भवन निर्माणका लागि प्रदेश तथा संघमा पनि रकम माग गरिएको अध्यक्ष शाहले जानकारी दिनुभयो।

## कोरोना कहरले ब्यूँझिएको नरैनापुर

गत जेठ ७ गते बाँके नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले भन्नुभयो, 'गाउँपालिकामा कोरोना संक्रमणको स्थिति नियन्त्रणबाहिर पुगिसकेको छ। सम्हाल्न सकिनँ, टाउकोमा हात राखेर रुँदैछु।' त्यसयता धेरै सञ्चारमाध्यमहरूले त्यहाँको स्थितिका बारेमा फूल कभरेज दिए। संघीय



सरकारले वास्ता गर्न थाल्यो। क्वारेन्टाइन व्यवस्थापन गर्न सरकारले ५० जनाको संख्यामा रहेको नेपाली सेनाको टोली खटाएपछि स्थिति कन्ट्रोलमा आयो।

यसका लागि सञ्चारमाध्यम, संघीय सरकार र प्रादेशिक सरकारलाई अध्यक्ष शाहले धन्यवाद पनि दिनुभयो। त्यतिबेला भारतको मुम्बईबाट आएका एक संक्रमित गम्भीर बनेपछि एम्बुलेन्स खोज्दाखोज्दै ज्यान गुमाएका थिए। अध्यक्ष शाहले भनुभयो, 'त्यतिबेला १ हजार जति क्वारेन्टाइनमा थिए। सबैको परीक्षण एकैसाथ सम्भव थिएन। हामी निकै तनावमा थियौं।' त्यतिबेला दुई साताअघि परिस्थिति नियन्त्रणबाहिर जाने जोखिम रहेको भन्दै नरैनापुर गाउँपालिकाले संघीय सरकारलाई पत्रसमेत लेखेर गुहार मागेको थियो।

पत्रको जवाफमा संघीय सरकारले सेना खटायो। परीक्षण किटहरू उपलब्ध गरायो। ढिलो आउने परीक्षण रिपोर्ट अलि छिटो गर्न प्रयोगशालालाई दबाब दियो। 'दुई सातामा नरैनापुरको मुहार अलि हसिलो भयो। अहिले त कोरोना फेज आउट भइसक्यो, त्यसपछि यो ठाउँलाई विकास गर्न के गर्नुपर्छ भन्नेमा हाम्रो दिमागमा बस्यो,' अध्यक्ष शाहले स्मरण गर्दै भनुभयो। कोरोना संक्रमण फैलिएकै बेला समुदायकै केही मान्छेले कोरोनाका बारेमा भ्रम फैलाउने काम गरेर आफूहरूलाई असफल बनाउन लागिपरेको उहाँको अनुभव छ। विरोधीहरूले कोरोना संक्रमण भएकालाई गोली हानेर मार्छन् समेत भन्न भ्याए।

'चेतनास्तर अत्यन्त न्यून हुँदा पनि हामी आत्तिएका थियौं। मान्छेहरूले क्वारेन्टाइनको नियम पालना गर्न मानिरहेका थिएनन्। खटाइएका प्रहरीहरू निरिह देखिन्थे,' अध्यक्ष शाहले भनुभयो। त्यतिबेला भ्रम फैलाउनेहरूलाई आफूले कारबाहीका लागि सिफारिससमेत गरेको पनि उहाँले स्मरण गर्नुभयो। 'विरोधीहरूले त्यतिबेला खुब भ्रम फैलाए,' अध्यक्ष शाहले भनुभयो, 'अध्यक्षले केही गरेन भनेर ममाथि विभिन्न आरोपहरू लगाइयो। तर म आफैं चौबीसैं घण्टा खटिए। गाउँपालिकाको सम्पूर्ण शक्ति कोरोना नियन्त्रणमा खटियो। हामी नखटिएको भए परिस्थिति नियन्त्रणमा आउँदैन थियो, त्यसपछि विरोधीहरूको भ्रम चिरियो।'

## कोरोना संक्रमणमै सडक, बिजुली र नियमित चिकित्सा सेवा

अध्यक्ष शाहले कोरोना संक्रमणकै बेला गाउँमा बिजुली पुगेको बताउनुभयो। 'कोरोना संक्रमणले गाउँपालिकालाई अस्तव्यस्त बनायो, तर हामीले अन्य कामहरू पनि साथसाथै गर्‍यौं। गाउँमा बिजुली थिएन, बिजुली पुग्यो। अझै धेरै बस्तीहरूलाई उज्यालो बनाउनुपर्नेछ,' उहाँले भनुभयो, 'नेपालगन्ज-बघौडा हुलाकी सडक पनि त्यहिबेला बन्यो।' सडक बनेपछि सामान्य किनमेल गर्न पनि भारत जानुपर्ने नरैनापुरबासीको बाध्यताको अन्त्य भयो,' उहाँले भनुभयो।

कोरोनाले नरैनापुरलाई धेरै सिकाएको छ। 'अब हामी मान्छेको सोच परिवर्तन गर्नेतिर लागेका छौं। कोरोनाका कारणले हामीले पाउनुपर्ने दुख पाइसक्यौं। परिस्थिति बदलिएको छ। बाटो र बिजुली गाउँमा पुगेपछि मुहार फेरिँदैछ,' उहाँले भनुभयो। कोरोनाकै बीचमा नरैनापुर वडा नं. २ लक्ष्मणपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित चिकित्सा सेवा सुरु भएको छ। निरन्तरको चौतर्फी वकालतसँगै नेपाल सरकारले नरैनापुरमा एमबीबीएस डा.सागर पन्तलाई



खटाएको छ। एक दशक लगाएर निर्माण गरिएको अत्याधुनिक भवनमा चिकित्सक बस्न थालेसँगै उपचार सेवा प्रभावकारी बन्दै गएको छ। वर्षौंदेखि चिकित्सकको अभाव झेल्दै आएका नरैनापुरवासीले कोरोना संक्रमणपछि भने नियमित चिकित्सा सेवा पाएका छन्। सेवा प्रवाहका लागि चाहिने आधारभूत प्रविधि र सामाग्री व्यवस्थापन गर्नेतर्फ नरैनापुर गाउँपालिका केन्द्रीत भएको अध्यक्ष शाह बताउनुहुन्छ।

## अनलाइनमार्फत व्यक्तिगत घटना दर्ता



बाँकेको नरैनापुर गाउँपालिकाले दैनिक प्रशासनिक तथा सेवामूलक कार्यहरूलाई व्यवस्थित बनाउन पहल थालेको छ। गाउँपालिकालाई प्रविधिमैत्री बनाउँदै स्थानीय सरकारले जनतालाई दिनुपर्ने सिंहदरबारको प्रत्याभूति दिने गरी कार्य सञ्चालन थालिएको जनाएको छ। यसले दैनिक प्रशासनिक र सेवामूलक

कार्यहरूमा थप प्रभावकारिता आउने विश्वास व्यक्त गरिएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाहीको पहलमा गाउँपालिकाका प्रशासनिक र सेवामूलक कार्यहरूलाई चुस्त र दुरुस्त बनाउन पहल थालिएको ल्याइएको गाउँपालिकाका सूचना अधिकारी लक्ष्मीकान्त मिश्राले जानकारी दिनुभयो। गाउँपालिकाले सूचना तथा अभिलेख केन्द्र स्थापना, सफ्टवेयरमार्फत् दर्ता चलानीका साथै कर्मचारीलाई अनुशासित बनाउन विद्युतीय हाजिरीको सुरुवात गरेको छ। गाउँपालिकाले ज्येष्ठ नागरिकलाई सम्मान गर्दै आएको पनि सूचना अधिकारी मिश्राले जानकारी दिनुभयो।

गाउँपलिकाले दरबन्दी अनुसारको वडा कार्यालयमा प्राविधिक कर्मचारीको व्यवस्थापन, स्वास्थ्य संस्थाहरूमा कर्मचारी पदपूर्तिसँगै करार कर्मचारीको श्रम ऐन बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण तथा गाउँपालिकाबाट दिइने सेवाहरूलाई थप प्रभावकारी बनाउन कर्मचारीहरूको कार्य विभाजन गरी नियमित काममा खटाएको छ। सफ्टवेयरमार्फत व्यक्तिगत घटना दर्ता अभिलेखीकरणको सुरुवात गरेको गाउँपालिकाले सबै वडामा इन्टरनेट व्यवस्थापन एवम् सञ्चालन गरी सरल र छिटोछरितो सेवा प्रवाह गर्दै कार्यालयमा हुने ढिलासुस्ती अन्त्यको प्रयाससमेत गरेको छ। गाउँपालिकाले नियमितरूपमा कार्यपालिका बैठक तथा गाउँ सभा सञ्चालन गरिरहेको पनि सूचना अधिकारी मिश्राले जानकारी दिनुभयो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शाहीले नागरिकलाई स्थानीय सरकारको प्रत्याभूति दिनेगरी काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'सरकारले नागरिकलाई दिने सेवा चुस्त बनाउनु पर्छ, त्यसका लागि नागरिक र सरकारका बीचमा काम गर्न खटिएका कर्मचारी थप क्रियाशील हुनुपर्छ। अनि मात्र नागरिकले सहजरूपमा सेवा पाउँछन्।'

उहाँले गाउँपालिकालाई प्रविधिमैत्री बनाउँदै लैजाने र नागरिकका काममा कहिँकतै ढिलासुस्ती हुन नदिने गरी काम भइरहेको बताउनुभयो। सुशासनको अवस्था सुधार गर्न र नागरिकलाई दिइने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिकाले आफ्ना सेवाहरूलाई प्रविधिमैत्री बनाउँदै लिएको पनि प्रमुख प्रशासकीय अधिकृत शाहीले बताउनुभयो। उहाँका अनुसार गाउँपालिकाले अनलाइन व्यक्तिगत घटना दर्ता कार्यलाई तीव्रता दिएको छ। व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित गर्न अनलाइनमार्फत व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई तीव्रता दिइएको हो।

२०७७ पुस १७ गतेदेखि अनलाइनमार्फत् व्यक्तिगत घटना दर्ता सुरु गरेको गाउँपालिकाले वडा नम्बर ३ बाहेकका सबै वडामा उक्त कार्यलाई तीव्रता दिएको गाउँपालिकाका प्रमूख प्रशासकीय अधिकृत शाहीले जानकारी दिनुभयो। गाउँपालिकाको वडा नम्बर ३ मा विजुली बत्ती नपुगेका कारण केही ढिलाइ भएको उहाँले बताउनुभयो। अनलाइनमार्फत् व्यक्तिगत घटना दर्ताले गर्दा काम छिटोछरितो हुने, अभिलेखीकरणमा सहजता आउने, च्यातिने हराउने जतिबेलाबाट नष्ट हुने सम्भावना कम रहने तथा माथिल्लो निकायले पनि खोजेको बेला सजिलै हेर्न सकिने भएकोले यो प्रक्रिया अति प्रभावकारी रहेको गाउँपालिकाका सूचना अधिकारी मिश्राले बताउनुभयो।

## करोडौंका योजना माग

बाँकेको नरैनापुर गाउँपालिकाले राष्ट्रिय योजना आयोगसँग करोडौंका योजना मागेको छ। आयोगले २०७७ मंसिर ३० गते सूचना प्रकाशित गरेर स्थानीय तहबाट समपूरक अनुदानतर्फ १ करोडदेखि १० करोड र विशेष अनुदानतर्फ ५० लाखदेखि १ करोडका योजना माग गर्न आह्वान गरेपछि गाउँ कार्यपालिकाले योजना माग गरेको हो।

पुस २८ गते बसेको गाउँ कार्यपालिका बैठकले समपूरक र विशेष अनुदानका



योजना माग गर्ने निर्णय गरेर आयोगमा पठाएको नरैनापुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजङ्ग शाहीले जानकारी दिनुभयो। समपूरकतर्फ पालिकाका ६ वटै वडाका सडक स्तरोन्नतिका लागि योजना माग गरिएको छ। प्रत्येक वडाका लागि एक-एक वटा भौतिक पूर्वाधारको योजना माग गरिएको प्रमुख प्रशासकीय अधिकृत शाहीले बताउनुभयो।

वडा नम्बर ६ को गंगापुरदेखि जमुनी हुँदै हुलाकी सडकसम्म जोड्ने ८ मिटर चौडा ३ किलोमिटर सडक स्तरोन्नति, वडा नम्बर ५ मा हुलाकी सडकदेखि मोतिपुर-नयाँबस्ती जोड्ने ५०० मिटर सडक कालोपत्रे, वडा नम्बर ४ मा जयरामपुर्वादेखि दौलतपुर खोदवाँ हुँदै हुलाकी सडक जोड्ने २.८ किलोमिटर सडक स्तरोन्नति, वडा नम्बर ३ को कालागाउँदेखि पचपडवा कोटिया ३.२ किलोमिटर सडक स्तरोन्नतिका लागि योजना माग गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शाहीले बताउनुभयो।

साथै वडा नम्बर २ मा बेहचहवादेखि शमशेर अलीको घरसम्मको २.८ किलोमिटर सडक स्तरोन्नति र वडा नम्बर १ को हुलाकी सडकदेखि बनियाँगाउँसम्मको ३ किलोमिटर सडक स्तरोन्नतिको योजना माग गरिएको पनि प्रमुख प्रशासकीय अधिकृत शाहीले जानकारी दिनुभयो। उहाँका अनुसार विशेष अनुदानतर्फ तीनवटा विद्यालयको नयाँ संरचना निर्माण, स्वास्थ्य चौकी भवन र ३० वटा खोप केन्द्र बनाउन योजना माग गरिएको छ।

वडा नम्बर ४ मा स्वास्थ्य चौकी भवन निर्माण, वडा नम्बर ६ को नेरा प्रावि कुदरबेटवा, वडा नम्बर ५ को नेराप्रावि गंगापुर र वडा नम्बर २ को नेराप्रावि रोशनपुर्वाको पुराना र जीर्ण संरचना भत्काएर नयाँ बनाउने मागिएको छ। पुस २८ कै कार्यपालिका बैठकले टोल विकास संस्थाको गठन तथा परिचालन कार्यविधि २०७७ पनि पारित गरेर लागू गर्ने निर्णय गरेको गाउँपालिकाका सूचना अधिकारी लक्ष्मीकान्त मिश्रले जानकारी दिनुभयो।

यो निर्णयपछि अब गाउँपालिकामा टोल विकास संस्थाले विधानसहित संस्था दर्ता गरेर मात्र काम गर्न पाउने छन्। अध्यक्ष उपाध्यक्षसहित ७ देखि ११ सदस्यीय समिति गठन गर्नु पर्नेछ। स्थायी प्रकृतिका संरचना निर्माण गर्दा उनीहरूलाई जवाफदेही बनाउँदै दिगो विकासका लागि अभिप्रेरित गर्न यस्तो निर्णय गरिएको गाउँपालिकाका सूचना अधिकारी मिश्रले बताउनुभयो।

## जयरामपूर्वामा २५ शैय्याको अस्पताल

बाँकेको सबैभन्दा पिछडिएको नरैनापुर गाउँपालिकामा २५ शैय्याको आधारभूत अस्पताल बन्ने भएको छ। स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि नेपाल सरकारको एक स्थानीय तह एक अस्पतालको अवधारणाअनुसार यो गाउँपालिकामा अस्पताल बन्ने भएको हो।

केन्द्र सरकारले अस्पताल निर्माण गर्ने निर्णय गरेर यसै वर्ष विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) गर्न परिपत्र गरेपछि नरैनापुर गाउँपालिकाले आठौं गाउँसभाबाट वडा नं. ४ को जयरामपुर्वाको उत्तरमा रहेको ऐलानी



जग्गामा अस्पताल बनाउने निर्णय गरेको जनाएको छ।

केन्द्र सरकारको निर्णयको स्वागत गर्दै गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले वडा नं. ४ को जयरामपूर्वामा अस्पताल बनाउने निर्णय आठौं गाउँसभाबाट भइसकेको जानकारी दिनुभयो। यसअघि गाउँपालिकाले १५ दिने सूचना नै निकालेर जग्गा खोजी सुरु गरेर जग्गा छनोट गरेर थप प्रक्रिया अगाडि बढाएको थियो। अस्पताल बनाउन मापदण्ड पुग्ने ६ हजार १६० वर्गमिटर जग्गाको छनोट गरी जिल्ला समन्वय समिति बाँकेको सिफारिससहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाएर जग्गा व्यवस्थापनमा लागेको नरैनापुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाहीले बताउनुभयो।

स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि नेपाल सरकारको 'एक स्थानीय तह एक अस्पताल'को अवधारणाअनुसार गाउँपालिकामा अस्पताल बनाउने निर्णय गरेको हो। नरैनापुरमा अस्पताल निर्माण भएपछि विगत लामो समयदेखि नरैनापुरवासीलाई सामान्य उपचारका लागि पनि सीमापारि भारत जानुपर्ने बाध्यता थियो। यसैगरी गाउँपालिकाले वडा नम्बर २ स्थित लक्ष्मणपुरमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा इमर्जेन्सी सेवा, आँखा उपचार केन्द्र स्थापना स्थापनाको तयारीसमेत थालेको वडा नम्बर २ का वडाध्यक्ष मसुद अहमद शाहले जानकारी दिनुभयो।

## नरैनापुरमा सर्पदंश उपचार केन्द्र

कोरोना संक्रमणले प्रभावित बनेको नरैनापुर गाउँपालिकामा सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएको छ। २०७७ असार २५ गतेदेखि नरैनापुरस्थित लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएको हो। सर्पदंशका बिरामीहरूको उपचार गर्ने गरी स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा ल्याइएको गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले जानकारी दिनुभयो। उहाँका अनुसार नरैनापुरमै सर्पदंशका बिरामीहरूको उपचार सुरु भएको हो। सर्पदंशका बिरामीहरूको उपचारका लागि चाहिने आवश्यक मेडिकल साम्ग्री लुम्बिनी प्रदेश सांसद कृष्णा केसी 'नमुना'ले बुटवलबाट ल्याएर स्वास्थ्य केन्द्रलाई बुझाएकी थिइन्। प्रदेश ५ को सामाजिक विकास मन्त्रालयबाट उक्त साम्गीहरू ल्याएर नरैनापुरको स्वास्थ्य केन्द्रसम्म पुऱ्याएकी हुन्। 'एन्टीस्नेक भेनम' औषधीबाहेक उपचारका लागि चाहिने अन्य मेडिकल सामग्रीहरू स्वास्थ्य केन्द्रमै उपलब्ध हुने गरेको छ।

एन्टीस्नेक भेनम औषधी नेपालगन्जस्थित भेरी अस्पतालबाट आवश्यकता अनुसार ल्याउने व्यवस्था मिलाइएको छ। सर्पले टोक्दा समयमै उपचार नपाएर यहाँका नागरिकले बर्सेनि अकालमा नै ज्यान गुमाउँदै आएका छन्। 'गत वर्ष वर्षातको समयमा सर्पले टोकेका केही नागरिकलाई उपचार अभावमा बचाउन सकिएन,' गाउँपालिकाका अध्यक्ष शाहले भन्नुभयो, 'अब कसैले उपचार अभावमा ज्यान गुमाउन नपरोस् भनेर प्रदेश सरकारसँगको सहकार्यमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा ल्याइएको हो।'

स्वास्थ्य केन्द्रमा सर्पदंश उपचारका लागि आवश्यक पर्ने मनिटर, अक्सिजन सिलिण्डर, औषधीलगायतका ९ वटा विभिन्न मेडिकल सामग्रीहरू स्वास्थ्य संस्थामा उपलब्ध गराइँदै आएको छ। नरैनापुर गाउँपालिका अध्यक्ष इश्तियाक अहमद शाहले सर्पदंशका बिरामीहरूको उपचार सुरु हुन लागेकोमा खुशी व्यक्त गर्नुभयो। 'मैले विगतदेखि नै सांसद नमुनालाई सर्पदंश उपचार केन्द्रको लागि पहल गरिदिन आग्रह गरेको थिए,' उहाँले खुशी हुँदै भन्नुभयो, 'प्रदेश सांसदको प्रयास तथा पहलमा अब सर्पले टोकेका बिरामीहरूले यही उपचार पाउनेछन्।'

सर्पदंश उपचार केन्द्रमा भेन्टिलेटरबाहेकका अन्य सबै सेवाहरू उपलब्ध हुने जनाइएको छ। गम्भीर खालका सर्पदंशका बिरामीलाई नेपालगन्जस्थित भेरी अस्पतालमा पठाउने व्यवस्था मिलाएपछि नरैनापुरवासीलाई सर्पदंशको उपचार गर्न भेरी अस्पतालमै पुग्नु पर्ने बाध्यता हटेको छ। गर्मीयाममा प्राय सडकमा हिँड्दा, खेतबारीमा काम गर्दा, सुतेका बेला र दिसापिसाब गएका बेला सर्पले डस्ने गरेको स्थानीयहरू बताउँछन्। तराई क्षेत्रमा गोमन र करेतजस्ता अति विषालु सर्पको बिगबिगी हुने गरेको छ। गत वर्षमात्रै नरैनापुरमा सर्पदंशको समयमा नै उपचार नपाउँदा चार जनाले मृत्यु भएको थियो।

## जिल्लामै पहिलोपटक 'स्कुल बस'



बाँकेको नरैनापुर गाउँपालिकाले जिल्लामै पहिलोपटक स्कुल बस सञ्चालनमा ल्याएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालय ल्याउन लैजान सहज होस् भन्ने उद्देश्यले २०७६ माघदेखि स्कुल बस सञ्चालनमा ल्याएको हो। स्कुल बस सञ्चालनपछि विद्यालयका बालबालिकाका लागि सहज स्थितिको सुरुवात भएको छ।

अभिभावकहरू अब आफ्ना बालबालिकालाई स्कुल पठाउने झन्झटबाट मुक्त भएका छन्। अभिभावकहरूले आफ्ना बालबालिकालाई नियमितरूपमा विद्यालय पठाउन थालेका छन्। नरैनापुरको शैक्षिक विकासका लागि आफू लागिरहेको भन्दै नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले गंगापुरको जय किसान माविलाई नमुना विद्यालयको रूपमा विकास गर्न लागिपरेको बताउनुभयो। उहाँले प्राविधिक धारको पढाइ सुरु भएको पनि जानकारी दिनुभयो। अध्यक्ष शाहले समग्र विकासको अपरिहार्य आवश्यकता भएकाले गाउँपालिकाको शैक्षिक सुधारको लागि निरन्तर लागेको बताउनुभयो। विद्यालयमा विद्यार्थीको संख्या बढाउन स्कुल बस सञ्चालन गरेको उहाँले बताउनुभयो। शैक्षिक सुधार नभएसम्म नरैनापुर पछि परिरहने भन्दै शैक्षिक सुधारको लागि आफूलाई साथ दिन अध्यक्ष शाहले आग्रह गर्नुभयो।




# समृद्धिको यात्रामा

# नरैनापुर